CC-0. In Public Domain. Digitization by eGangotri

– प्रा० चूडानाथ भट्टराय

दर्शन-कौस्तुभ

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक—

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौं ।

प्रथम संस्करण

वि० सं० २०३४

मुद्रक—

प्रज्ञा-मुद्रण

ने० रा० प्र० प्र०, कमलादी, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज वीरेन्द्रवीर विक्रम शाहदेव
संरक्षक
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका

विविध वैष्णव-सम्प्रदायका सम्बन्धमा तिनका सिद्धान्त, तिनको विचार-पद्धति तथा तिनका विषयमा अरू ज्ञातव्य कुराहरूले युक्त नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको प्रवचन-कार्यक्रमअन्तर्गत सदस्य श्री चूडानाथ भट्टरायका चार प्रवचनको यो संग्रह प्रकाशित हुँदै छ । यिनका पाठद्वारा वैष्णव-विश्वासका धेरै ज्ञातव्य तथ्यसित यसका पाठकहरूको यसले राम्रो परिचय गराउला भन्ने मेरो आशा छ ! आफ्नो धर्म-सित सम्बद्ध यौटा प्रमुख सांस्कृतिक पक्षका विविध रूप-सित यसका पठनद्वारा प्राप्त ज्ञान हाम्रो धार्मिक संस्कृतिमा भएको भक्तिको महत्त्वपूर्ण स्थानसित यसका पाठकद्वारा प्राप्त हुने ज्ञानले हामीलाई राष्ट्रिय प्रेमका मार्गमा हिड्न सहायता गर्ला भन्ने मेरो आशा छ ।

सूर्यविक्रम ज्ञवाली
कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन्तव्य

एशिया महाद्वीपमा नेपाल प्राचीन धर्म, संस्कृति तथा कलाको एक ठूलो केन्द्र हो भनेमा अत्युक्ति होओइन । झण्डै झण्डै पहिलो-दोस्रो शताब्दीदेखि नेपालमा चलिआएको अरू ब्राह्मण-धर्म जस्तै वैष्णव-धर्म पनि यहाँको एक लोकप्रिय धर्म रहिआएको छ। नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको प्रवचन कार्यक्रमअनुसार विद्वान् मित्र श्री चूडानाथ भट्टरायले वैष्णव-सम्प्रदायका विविध सिद्धान्तलाई लिएर दिनुभएको खोजपूर्ण तथा गहन प्रवचनहरूको संकलन पुस्तकाकारमा प्रकाशित गर्न पाउँदा हामीलाई खुशी लागेको छ । यसका पठन-पाठनले वैष्णव-धर्मसम्बन्धी अनेक महत्त्वपूर्ण कुराहरू थाहा हुनेछ साथै हाम्रो सांस्कृतिक तथा धार्मिक जीवनमा पनि यसले राष्ट्रिय भावना जाग्रत गराइदिन्छ । आशा छ यस्ता महत्त्वपूर्ण पुस्तकको सबैबाट स्वागत हुने नै छ ।

लैनसिंह बाङ्‌देल
उपकुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

प्रज्ञा-प्रतिष्ठान
३-३-०३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

रामानुज-दर्शनमा रहेको वैशिष्ट्यको विवेचना १
माध्वदर्शनमा युगबोध २२
निम्बार्क-दर्शन—श्री कृष्ण-तत्त्व ४१
वल्लभ-दर्शन—पुष्टिमार्ग ६८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रामानुज-दर्शनमा रहेको वैशिष्ट्यको विवेचना

आजको यो जडवादको प्रावल्य विज्ञानजन्य हो भन्ने कुरामा सहमत हुनैपर्छ। विज्ञानको यस प्रारम्भलाई हेर्दा जीव-जगत्‌मा नयाँ क्रान्तिका सूत्रधार छन् मुनित्रय। ती तीन मुनि हुन् श्री डारविन, श्री फ्रायड र श्री कार्ल मार्क्स। हामी ईश्वरका पुत्र हौं, हाम्रा पूर्वजहरू हामीभन्दा महान् विचारक, महान् विद्याविनय-सम्पन्न थिए भन्ने जुन धारणा थियो त्यसमा खलबल मचाएर विकासवादको प्रामाणिक रूप प्रस्तुत गर्दै मानिसको यो रूप विकसित हुँदै आज यस परिणतिमा पुगेको हो। यस-अघि त मान्छे वानर पो थियो भनी पृथ्वीका पत्र उधारेर डारविनले देखाइदिए। यसले गर्दा आफ्नो पूर्वावस्थामा गर्व गर्ने मानिसको अखर्व गर्व चकनाचूर भयो। अनि त्यस ह्रासवाद मान्ने मानिसलाई विकासवादले नयाँ धारणा जमाउन वाध्य गरायो।

मनुष्यका हृदयमा भगवान्‌को राज छ. ऊ त स्वयंप्रकाश निर्लिप्त छ भनेर आत्मालाई वडो पवित्र मान्ने दर्शनको विपरीत अर्को एक जनाले भने यी जुन मर्यादा हुन् ती सबै वास्तवमा नैतिकताको वाह्य प्रपञ्च मात्र हो। मान्छेका मन त यौनग्रन्थिको सुषुप्त संगालो मात्र छ, त्यहाँ अचेतन मनमा रहेका वासनाको परिपूर्ति गर्न नपाएर नै उसले सपनामा सबै आफ्नो परितृप्ति गर्छ। समाजको यो जटिल वन्धन र यो सबै परिपञ्च खालि देखौवा कुरा हुन्। मान्छे मान्छे होइन, मान्छे उसको मनको वासनाको पुञ्ज मात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हो । त्यसको अवरोधले गर्दा समाजमा हत्या, मृत्यु. रोग, शोक सबै हुन्छन् भनी मानिसका मनको ढुकढुकी सुनेर यसको वैज्ञानिक प्रवक्ताको रूपमा श्री सिगमन फ्रायड आए । यसले गर्दा अर्को पुरानो धारणामा ठूलो पहिरो गयो ।

अर्को एक विद्वान्ले यो विषमता समाजको प्रारब्ध-भोगजन्य नभई आर्थिक शोषणमूलक हो । मान्छे-मान्छेमा जुन भेदभाव छ र जुन स्थितिले यो परिपीडित छ, खालि यो त द्वन्द्वात्मक भौतिक वादको अज्ञानताद्वारा सिर्जेको हो । मनुष्य कोही पूर्वजन्मको कुरा लिएर जन्मँदैन देशकाल-परिस्थितिबाट नै उसको व्यक्तित्वको निर्माण हुन्छ । माटोको डल्लोलाई जसरी कुमालेले चाहेको आकार दिन सक्तछ । सुवर्ण-पिण्डलाई स्वर्णकारले जस्तो अलङ्कारको रूप दिन्छ त्यस्तै समाजको निर्माण जस्तो छ त्यही अनुरूपमान्छे बन्छ, त्यसलाई एक सुयोग्य श्रमजीवीबाट खडा भएको अधिनायकले साम्यत्व दिएर सबै समस्या समाधान गर्छ भन्ने महान् चिन्तक एक दार्शनिक भए मार्क्स । यसले गर्दा अब प्रारब्ध र पूर्वजन्मका कुरामा विश्वस्त हुन छोड्यो भौतिक प्रवृत्तिमा हुर्केको मान्छे । यसरी यी त्रिमुनि भौतिक वादका महान् स्तम्भ भएका छन् ।

के यो नयाँ सिद्धान्त हो ? के यसअघि कुनै विचारकले यसतर्फ सोच्नसम्म सकेनन् त ? भन्नेबारेमा यसै गरी यही रूपमा प्रस्तुतीकरण नभएको भए पनि यसअघि यस धारणा छँदै थिएन, यसतर्फ सोचिएकै थिएन, चाँहि पुराना पाता पल्टाएर हेर्दा भन्न सकिन्न । जडवादमा हामीले चार्वाकलाई यसअघि उसको सोचाइको ढङ्गले प्रस्तुत गरेको छ । तर वेददेखिन् पुराणसम्म यस प्रवृत्तिको एउटा धारा बहेकै छ । मुख्य माथि भनिएका आधुनिक तीन दार्शनिकको मतमा जीव रासायनिक प्रक्रियाबाट जन्मने तत्त्व हो, चेतनको पूर्वास्तित्व छैन, काम चाहिं शरीरस्थिति हेतु हो, आहार सरह नै त्यसको पनि आवश्यकता छ । अर्थ नै मुख्य पुरुषार्थ हो, समाजको यसकै स्थिति मिलेको हुनुपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलो कुरालाई भन्ने हो भने–

"विज्ञानघन एवैतेभ्यो भूतेभ्यः समुत्थाय तान्येवानुविनश्यति न प्रेत्य संज्ञास्ति" बृ. २।४।१२

अर्थात् विज्ञानघन, चैतन्यरूप तत्त्व तिनै पदार्थबाट पैदा भएर तिनैसँग नाश हुन्छन् मरेपछि कुनै ज्ञान रहँदैन। मातापिताको शुक्र-शोणित-बाट बन्ने प्राणीको विकसित रूपलाई त्यस बेलाकाले पनि नमानेको होइन। कामको प्रवृत्तिलाई एक थरीले यसो भनेका छन् भनी ती आचार्यको मत पनि वात्स्यायनलाई दिनपरेको थियो र उनी लेख्तछन्–

"तिर्यग्योनिष्वपि तु स्वयं प्रवृत्तत्वात् कामस्य नित्यत्वाच्च न शास्त्रेण कृत्यमस्तीत्याचार्याः"। १।२।१७ काम-सूत्र।

अर्थात् पशुपक्षीसम्ममा पनि स्वयं प्रवृत्तत्व रहेकोले काम नित्य भएको हुँदा शास्त्रको कुनै दरकार छैन भन्ने आचार्य छन्। यी आचार्यका कुरा जे हुन् तैपनि वात्स्यायनले आफूले पनि त माने–

"शरीरस्थितिहेतुत्वादाहारसधर्माणो हि कामाः"।
१।२।३७

अर्थात् शरीरको अस्तित्वकै कारण हुँदा आहार बरोबर नै काम हो। कामान्धले केही देख्तैन **'कामान्धो नैव पश्यति'** सिद्धान्त बनाएर मनुले भने—

मात्रा स्वस्त्रा दुहित्रा वा न विविक्तासनो वसेत्।
बलवानिन्द्रियग्रामो विद्वांसमपिकर्षति। २।२१५ मनु

अर्थात् आमा, बहिनी, छोरीसँग पनि एकान्तमा सँगै नबस, यो बलियो इन्द्रियका समूहले विद्वान्लाई पनि खिच्तछ। कौटिल्यले र वात्स्यायनले यस्ता उदाहरणमा राजा दाण्डक्यले ब्राह्मण-कन्यामाथि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वलात्कार गरेका उदाहरण दिएका छन्, त्यति मात्र होइन, देवराज इन्द्रको अहल्याप्रतिको आकर्षण, अतिवल कीचकको द्रौपदीप्रतिको यौनविकार, रावणको सीताप्रतिको कामविवशता आदि धेरै उदाहरण छन्। जुन वात्स्यायनले लेखे—

यथा दाण्डक्यो नाम भोजः कामाद् ब्राह्मणकन्या-मभिमन्यमानः सबन्धुराष्ट्रो विननाश। १।२।३५ का. सू.

"देवराजश्चाहल्यामतिबलकीचको द्रौपदीं रावणश्च सीतामपरे चान्ये च बहवः दृश्यन्ते कामवशगा विनष्टा इत्यर्थ-चिन्तकाः।" १।२।३६ का. सू.।

यताबाट मानिसको हृदयमा कामवासना अति भित्रसम्म जरो गाडेर वसेको प्रमाणित गराएको देखिन्छ झैं लाग्छ।

मार्क्सले अर्थलाई राजनीतिले सञ्चालन गर्ने जुन अधिनायकवादी प्रवृत्तिको पुष्टि गरेका छन्, तदनुरूप पहिले अर्थशास्त्रलाई वार्ता भनिन्थ्यो र राजनीतिलाई दण्डनीति मानिन्थ्यो। यी दुई विद्याले नै राष्ट्रको सञ्चालन सम्यक् रूपले हुन्छ भन्ने हाम्रो परम्परामा वृहस्पतिका अनुयायी आचार्य थिए। यस मतलाई कौटिल्यले आफ्नो कौटिलीय अर्थशास्त्रमा उद्धृत गरेका छन्। उनी भन्छन्—

"वार्तादण्डनीतिश्चेति बार्हस्पत्याः।" १।२।२ कौ.सू.

अब यसरी अर्थ र राजनीतिलाई विद्या मानेर तदनुरूप समाज चलाउन सकिने धारणाको यहाँ अवकाश नै नभएको भन्न सकिन्न।

अझ यस विषयका विचारलाई एकै श्लोकमा यसरी भगवान् श्रीकृष्णले गीतामा उद्धृत गरे जुन डारविन्, फ्रायड र मार्क्सको सिद्धान्तकै केन्द्र-विन्दुलाई छुन पुगेको झैं लाग्छ— जुन यस प्रकारको छ—

असत्यमप्रतिष्ठं ते जगदाहुरनीश्वरम्
अपरस्परसंभूतं किमन्यत् कामहैतुकम्॥ गीता १६।८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् यो जगत् ईश्वर-रहित, अप्रतिष्ठित, सत्यमा नटिकेको छ, परम्परमा नमिलेर बनेको छ र यहाँ कामको हेतु बाहेक अरू केही छैन। यसो भन्नेहरू छन् भनेर यिनको मतको यहाँ विशद रूपमा अरू पनि वर्णन भएको देखिन्छ। उनीहरूको ठहरलाई औंल्याएर अझ स्पष्ट यसरी पारेको छ–

कामोपभोगपरमा एतावदति निश्चिता। १६।११

अर्थात् कामको उपभोग नै परम आनन्द हो यही मात्र निश्चित ठानेर रहेका छन्।

अब यी आजका मानिएका त्रिमुनिले निर्धारण गरेको विषयलाई पटक्क नै ज्ञानै नगरीकनै अध्यात्मवादको प्रवृत्तिले प्रश्रय पाएको भन्ने भ्रम राख्नु बडो धोखा हुनेछ, दर्शन-शास्त्र यदि मानव-जीवनको आवश्यकतामा निहित नभएको भए विचार-पद्धतिमा मनुष्यको मौलिक सहज प्रवृत्तिको युक्तियुक्तता देखिनेथिएन र धर्म-धारणाको आधार बनी रहँदैनथ्यो। त्यसो नभएको भए थो समाजमा उपयुक्त पनि हुनेथिएन। जब ऐकान्तिक र आत्यन्तिक दुःखनिवृत्ति कुनै अरूतिरबाट सम्भव हुन सकेन अनि मनुष्यको दर्शनाभिमुख भावना हुनलाई उसको बुद्धिले प्रेरणा दियो र तर्क गर्नपट्टि उसलाई लगायो। संशय नभएको भए दर्शनकै यति विधा कसरी देखा पर्दथे र ? तर यसबारेमा धेरै थरीले धेरै विचार व्यक्त गर्नेअधिकारको जुन समुचित स्थान पाएका छन् त्यसतर्फ हेर्नेले उपनिषत्को महत्त्वपूर्ण भूमिका र त्यसले खोलेको क्षितिजमा नयाँ आलोक प्राप्त गर्न सक्नेछन् भन्ने मेरो धारणा छ। यस क्रमवद्धताको धारावाहिक रूपमा आउँदा श्री गौतम बुद्धले प्रतीत्य समुत्पाद जस्तो नयाँ विचार व्यक्त गरिसकेपछि फेरि श्री शंकराचार्यले अनिर्वचनीयवादको उपदेश दिनुपर्दैनथ्यो। हो कपिलले सत्कार्यवाद सिद्ध गरेपछि कणादले परमाणुवादको सिद्धान्त ल्याउनु पनि पर्दैनथ्यो। तर मनुष्यले जुन समयको स्वरूपमा दर्शनको उपयोगिता ठम्याउँछ अनि उसले त्यसलाई प्रस्तुत गर्छ।

उपनिषद् त हाम्रो दर्शनको एक महान निधि हो। त्यताबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थरी-थरीको थरी-थरी भावना पाइन्छ । शब्द प्रमाण मानेमा चार्वाकले पनि उपनिषद्को वाक्य जस्तो उसको सिद्धान्तको पुष्टि गर्ने अर्को बेजोडा वाक्य पाओइन झैं लाग्छ । त्यति मात्र होइन, आजका जीव-रसायन विज्ञानका विज्ञानीहरूले पनि "विज्ञानघन एवैतेभ्यो भूतेभ्यः समुत्थाय तान्येवानुविनश्यनि" भन्ने बृहदारण्यकको वाक्यभन्दा राम्रो उनका सिद्धान्तलाई प्रतिपादित गर्ने वाक्य पाउन गाह्रै पर्ला । त्यसो हुँदा यो आजका मान्यताले ती मर्यादालाई ध्वंसावशेष गर्छन् भन्ने धारणा छाडेर यी अर्कै प्रस्तुतीकरणबाट निहित सिद्धान्त थिए र तिनलाई त्यस बेला अर्कै रूपले प्रमाणित गरेका हुन् भन्ने कुरा स्पष्ट पार्न चाहन्छु ।

अद्वैतवादपछि विशिष्टाद्वैतवाद किन आयो ? यो पनि त बुझ्नुपर्छ । हामीलाई विचार-स्वातन्त्र्य दिने अनेक दर्शन छन्, त्यसमा छानेर विचरण गर्न बुद्धि स्वतन्त्र छ । तर एक नै विचार मात्र गर्ने दर्शनको आग्रह होइन यो त एउटै दर्शनमा पनि विकास हुने शक्ति रहँदा हुने गुण हुन् जस्तै बौद्ध-मतमा चार प्रस्थान छन् त्यस्तै अद्वैत मतमा पनि चार प्रस्थान छन् ।

रामानुजको सिद्धान्त अद्वैत सिद्धान्त त हो । तर उनको अद्वैत सिद्धान्तमा एउटा विशिष्टता छ । अर्थात् उनी बहुत्वलाई पनि स्वीकार गर्छन् किनभने सर्वोपरि आत्मा आकृतिहरूको बहुत्वमा जीवात्मा तथा प्रकृतिको रूपमा विद्यमान रहन्छ । यसै हुँदा रामानुज विशिष्टाद्वैतवादी मानिए । उनको दर्शनलाई विशिष्टाद्वैत भन्ने नाम दिइएको छ । यसको अर्थ हो विशेष प्रकारको अद्वैत । वास्तवमा रामानुजले जगतको ईश्वरका साथ जो सम्बन्ध छ, स्वतन्त्र छ । तर जगत्का आत्माहरू पनि यथार्थ छन् । यद्यपि यिनको यथार्थता सर्वथा ईश्वरको यथार्थमा नै अवलम्बित छ । यस्तो यिनको तर्क छ । उनको विश्वास यस्तो पनि छ कि यस जगत्को मूलमा एक आध्यात्मिक तत्त्व छ अत एव यस जगत्लाई भ्रान्ति मात्र मान्न सकिन्न । यसले गर्दा शंकरसँग यिनको ठूलो फाटो पर्न गयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस वेलाको समाजको मानसिक अवस्था र सामाजिक विज्ञानले शंकरको मायावादलाई आत्मसात् गर्न खोजेन। त्यही समयको मागले रामानुजको उत्पत्ति भयो। रामानुजले सामाजिक व्यवस्थानुकूल दर्शन प्रदान गरे। वैदिक धर्मलाई कालसुहाउँदो पारी मन्दिरमा देवताको पूजा तथा सार्वजनिक उत्सवमा परिवर्तित गर्न ठूलो भूमिका प्रदान गरेझैं लाग्छ। मुख्य कुरा समाजले पुराणको प्रक्रियालाई हृदयंगम गरेको थियो र त्यही वेला पुराणको प्रक्रियालाई सिद्धान्तमा प्रतिपादित गरेर कर्म र ज्ञानको समन्वय गर्न यस दर्शन समर्थ भयो। ईश्वरभक्तिलाई सारतत्त्व मानेर पौराणिक कथाद्वारा त्यसलाई प्रमाणित पनि गर्ने चेष्टा भयो। रामानुजको धार्मिक विश्वासलाई विष्णु पुराण तथा भागवतले अत्यधिक प्रभावित गरेको मान्नुपर्छ।

श्री रामानुजाचार्यको जन्म श्री पेरूम्बुदूरमा वि० सं० १०८४ सालमा भयो। सानै उमेरमा उनको पिताको मृत्यु भयो। सामान्य प्रशिक्षण-पछि कांजीवरम्का यादवप्रकाशका अधीनमा वेदान्तको अध्ययन गर्ने सुअवसर प्राप्त भयो। किन्तु यादव प्रकाशद्वारा गरिएको वेदान्तको व्याख्यालाई उनले सर्वांशले स्वीकार गर्न सकेनन्। श्रीरङ्गम् स्थित मठका मठाधीश आचार्य आलवनदारलाई रामानुजको विद्वत्ताले वहुतै प्रभाव पार्‍यो। उनले आफ्नो मठमा मठाधीश राख्ने विचार गरे। जव आलवनदारको अन्त समय नजीक आयो उनका शिष्यले पेरियनाम्बि भन्ने व्यक्तिलाई रामानुजकहाँ उनलाई लिन पठाए। रामानुज आइपुग्नुअघि आचार्यको निधन भइसकेको थियो। गुरु-सान्निध्यमा पुग्दा मृत शरीरको दाहिने हातको तीन औंला जोरिएको देखियो भन्ने अनुश्रुति छ। शिष्यहरूले गुरुको तीन इच्छा पूर्ण नभएको भन्ने अर्थ गरे।

जसमा मुख्य इच्छा ब्रह्मसूत्रको सरल भाष्य वनाउने थियो। रामानुज कांजीवरम् फर्केर आई ईश्वरप्रति भक्ति-भाव यथापूर्व कायम गरे। एक दिन अत्यन्त उद्विग्न भएर आफ्नो भविष्यवारे ईश्वरको इच्छा के छ? निर्णय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भनेर पूजारीलाई सोधे । ईश्वरको इच्छा एक श्लोकमा यस प्रकार व्यक्त भयो ।

श्रीमान् परं तत्त्वमहं मतं मे भेदः प्रपत्तिर्निरपायहेतुः ।
नावश्यकी च स्मृति रन्तकाले मोक्षो महापूर्ण इहार्यवर्यः ॥

अर्थात म सर्वोपरि यथार्थ सत्ता हुँ; मेरो विचार परस्पर भेदविषयक छ; आत्म-समर्पण मुक्तिको अमोघ कारण छ; वैयक्तिक प्रयत्न यति आवश्यक छैन; अन्तमा मोक्ष पाइन्छ; पेरियनाम्बि सर्वोत्तम शिक्षक छन् ।

ईश्वरले यस्तो भने अथवा रामानुजले यस प्रकारको कुरा सुने त्यसपछि त्यसलाई पालन गर्ने प्रारम्भ गरे । उनले मधुरान्तकम्मा पेरियनाम्बि-सँग भेटघाट गरे जसले रामानुजलाई वेदान्तको रहस्यको दीक्षा दिए । पछि संन्यास लिइसकेपछि उनलाई यतिराजको उपाधि प्राप्त भयो । रामानुज श्रीरङ्गम्मै बसे । उनले तिरुवायमयीको पूरा ज्ञान प्राप्त गरे । त्यसपछि श्रीभाष्य पनि लेखे । वैष्णव-धर्मावलम्बीहरूले श्रीभाष्यलाई स्वीकारे । रामानुजले समग्र दक्षिण भारतको यात्रा गरे । अनेक वैष्णव-मन्दिरको जीर्णोद्वार गरे । धेरैलाई वैष्णव-संप्रदायमा दीक्षित गरे ।

तेह्रौं शताब्दीको लगभग तेंगलायी (दक्षिणीपन्थी) औ वडगलायी (उत्तरीय संप्रदाय) का बीचमा भेदभाव ज्यादै बढ्यो । तेंगलायीहरू 'तामिल-प्रबन्धम्'लाई शास्त्रीय मान्छन् र संस्कृत-परम्पराप्रति उदासीन छन् । वडगलायी दुवै प्रबन्धग्रन्थहरूलाई बराबरी नै प्रमाण मान्दछन् । पिन्लई लोकाचार्य तेंगलायी संप्रदायका प्रधान प्रतिनिधि हुन् । यिनको अर्थपञ्चक र तत्त्वत्रय नामका मुख्य दुई ग्रन्थ मानिन्छन् । हुनत यिनले १८ ओटा ग्रन्थ रचेका छन् । यस तेंगलायी संप्रदायमा मणवाल महामुनि मुख्य सन्त मानिन्छन् ।

वेदान्तदेशिक अथवा बेंकटनाथ (१३ शताब्दी) जो रामानुजका प्रधान उत्तराधिकारीमा अन्यतम मानिन्छन् । उनी नै बडगलायी संप्रदायका संस्थापक हुन् । हुनत उनी कांजीवरम्का निवासी हुन् तैपनि उनको मुख्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जीवनका काल श्रीरङ्गम्मै व्यतीत भयो । धेरै विषयमा उनले ग्रन्थ लेखे । किन्तु उनको मुख्य ग्रन्थ तामिल भाषामा लेखिएका परमतभङ्ग र रहस्यत्रयसार नै मानिन्छन् । श्रीभाष्यमाथि तत्त्वटीका नामको टीका र रामानुजको गीताको व्याख्यामाथि तात्पर्य-चन्द्रिका भन्ने अर्को टीका लेखे । उनले सेश्वरमीमांसामा पूर्व र उत्तर मीमांसालाई एक नै सम्पूर्ण एकाईको अंश मानेर आफ्नो प्रवल तर्क प्रस्तुत गरे ।

रामानुजको प्रभाव हिन्दू धर्मको परवर्ती इतिहासमा वरावर पाइन्छ । मध्व, वल्लभ, चैतन्य, रामानन्द, कवीर औ नानकद्वारा प्रचारित धार्मिक आन्दोलन तथा वंगालका व्राह्म-धर्मका सुधारवादी संगठन रामानुजको ईश्वरवादी आदर्श वादको धेरै जसो ऋणी छ ।

यसपछि यस दर्शनको संक्षेप रूप प्रस्तुत गर्छु ।

श्री रामानुजाचार्यको सिद्धान्तानुसार जीव, जड र ईश्वरका भेदले तीन पदार्थ छन् । जीव भोक्ता, जड भोग्य र ईश्वर नियामक बनाई यस दर्शनलाई व्यवस्थित पारेको छ । यही भावको श्लोक यस प्रकारको हामी पाउँछौ—

ईश्वरश्चिदचिच्चेति पदार्थत्रितयं हरिः ।
ईश्वरश्चिदिति प्रोक्तो जीवो दृश्यमचित्पुनः ।।

श्री नारायण नै चिद् अचिद् विशिष्ट अद्वैततत्त्व हुन् । भक्ति र प्रपत्तिवाट प्रसन्न पारेर तिनलाई प्राप्त गर्नु यस ज्ञानकर्म-समन्वयवादको अफ्नो उपायमार्ग भन्नुपर्छ । यो कोरा ज्ञानकै पक्षमा विश्वास राख्ने अद्वैत-वादसँग सिद्धान्ततः सहमत नभई अद्वैततामा वैशिष्टय थपेर आफ्नो मतको प्रतिपादन गर्छ । भक्ति र प्रपत्ति यिनका मतमा जे मानिएका छन तिनलाई यथास्थलमा व्याख्या गरिने नै छन् ।

हामीले पदार्थ तीन भनेर भन्यौं तर जति पदार्थ माने पनि सवै पदार्थहरू पहिले प्रमाण र प्रमेयका भेदले दुई हुन्छन् । यिनका मतता प्रत्यक्ष,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुमान र शब्द तीन ओटा प्रमाण छन् । प्रमेय चाहिं द्रव्य र अद्रव्यका भेदले दुई हुन्छन् । द्रव्य पनि जड र अजड दुई थरीका छन् । फेरि प्रकृति र कालको भेदले जड दुई किसिमका छन् । यिनको प्रकृति चौबीश तत्त्वात्मक छ । अर्थात् प्रकृति, महत्तत्त्व, अहंकार, मन आदि एघारोटा इन्द्रिय, पञ्चतन्मात्रा पञ्चमहाभूत गरेर चौबीस संख्या पूरा हुन्छ । काल चाहिं उपाधिभेदले तीन थरीका हुन्छन्, अतीत वर्तमान र भविष्यत्का भेदले । अजड पनि दुई छन्, प्राग् र प्रत्यग्का भेदले । नित्य विभूति र धर्मभूत ज्ञानले प्राग् पनि दुई थरीका हुन्छन् । जीव र ईश्वरभेदले प्रत्यग् पनि दुई थरीका नै हुन्छन् । जीव भने वद्ध, मुक्त र नित्यका भेदले तीन प्रकारका हुन्छन् । वुभुक्षु र मुमुक्षुका भेदले वद्ध जीवका भेद दुई छन् । वुभुक्षु पनि अर्थकामपरक र धर्मपरक गरी दुई छन् । धर्मपरक पनि देवतान्तरपरक र भगवत्परक दुई प्रकारका हुन्छन् । मुमुक्षु पनि कैवल्यपरक र मोक्षपरक गरी दुई थरीका छन् । मोक्षपरक भक्त र प्रपन्न गरी दुई मानिन्छन् । प्रपन्न पनि एकान्ती र परमैकान्ती दुई किसिमका छन्; फेरि परमैकान्ती दृप्त र आर्तका भेदले दुई गनिन्छन् । ईश्वरको पाँच रूपले व्यवस्था गरिएको छ र पर, व्यूह, विभव, अन्तर्यामी र अर्चावतारको भेदले छुट्याइन्छन् । पर एउटा छ । वासुदेव, संकर्पण प्रद्युम्त र अतिरूद्धका भेदले व्यूह चार प्रकारका छन् । केशवादि पनि व्यूहान्तर भै गनिन्छन् । मत्स्यादि चाहिं विभव हुन्, ती अनन्त हुन्छन् । प्रतिशरीरमा रहनेलाई हामीले अन्तर्यामी मानेका छौं । अर्चावतारहरू श्रीरङ्ग, वेङ्कटादि हुन् मूर्ति विशेष-भेदले मानिएका । अद्रव्य भनेका चाहिं सत्त्वरजतमःशब्दस्पर्शरूपरसगन्धसंयोगशक्तिभेदले दशोटा हुन्छन् । यी भए यतीन्द्र-मत-दीपिकाले उद्धृत गरिएका पदार्थका नाम सकीर्तन । यही उद्देश्यलाई लक्षण र परीक्षा गरेर दर्शनले आफ्नो स्वरूपको निर्धारण गर्नुपर्छ ।

यिनलाई यदि हामीले केलाएर अध्ययन गर्ने हो भने यहाँ धेरै कुराको समन्वयात्मकताभित्र रहेका भेद पाइन्छन् । वास्तवमा श्री रामानुजाचार्यलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हामीले युगको मागले प्रादुर्भाव भएका आचार्य भन्नुपर्छ। जनमानस ज्ञानको ज्योतिबाट निहाल्ने आत्मतत्त्वलाई भक्तिभावबाट पाउने सरस मार्गमा ढालेर मगनमग्न हुन खोजेको त्यो समयको प्रतिनिधित्व यसले गरेको झैं लाग्छ।

श्री रामानुजाचार्यले विशिष्टाद्वैत दर्शनमा आफ्नो समन्वयात्मक वैशिष्टयले यसलाई आफ्नै रूप दिएको देखिन्छ। यसमा सांख्यका धेरै सिद्धान्त स्वीकार गरिएका छन् भने न्याय-वैशेषिक मतका पनि लाफूलाई चाहिने आधार नलिएको छैन। अद्वैतवादमा यिनको थप हो विशिष्टता र मायावादी शंकराचार्यको मतसँग अद्वैतभावनाको अंशमा रहने आत्मतत्त्व रूपमा रहेको जीवाणुवादले प्रस्थानको मार्गलाई नै धेरै पर छाडेर आफ्ना बाटो लिएको छ। भक्तिमार्गलाई अँगालेर वैष्णव संप्रदायको दार्शनिक भूमिकालाई विशिष्ट रूप दिने दर्शनमध्ये यो दर्शन मुख्य भन्न सकिन्छ। यिनले ज्ञान कर्मको समुच्चयतालाई विशेष प्रश्रय दिएका छन्। रामानुजाचार्यले दर्शनमा एक व्यावहारिक पक्षलाई गतिशीलता प्रदान गरेकोले यो जनमानसलाई आप्यायित गर्ने भएको भन्ठानेको छु। साकार रूपमा परमेश्वरको ध्यान गर्ने परिपाटोलाई यसले दर्शनको पृष्ठभूमि दिएर साधारणरूपले सबैको बोधगम्य भई धार्मिक परम्परामा रहिआएको क्रियाकलापलाई जोगाउन सक्षम भएको पाइन्छ। दार्शनिक परिप्रेक्ष्यमा यसरी यसले लौकिक र पारमार्थिक भावनाको सन्तुलन कायम गरी वेदको महत्तामाथि पूर्ण आस्था राखेको छ। यो दर्शन वेदप्रामाण्यवादी आस्तिक हिन्दू दर्शनमध्ये निकै फैलिएको सम्प्रदाय कायम गर्न समर्थ भएको दर्शन मान्नुपर्छ। पौराणिक धारालाई प्रामाण्यता दिएर पञ्चरात्रलाई आधार मान्दै यसो भनेको पाइन्छ—

पञ्चरात्रस्य कृत्स्नस्य वक्ता नारायणः स्वयम् ॥
अलाभे वेदमन्त्राणां पञ्चरात्रोदितेन हि।
आचारेण प्रवर्तन्ते ते मां प्राप्स्यन्ति मानवाः ॥ वराहपुराण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेदमन्त्रको अलाभमा पञ्चरात्रले भनेको आचारबाट जो कार्य गर्छन् ती मलाई प्राप्त गर्छन् भन्ने कुरा पञ्चरात्रका प्रवक्ता स्वयं नारायणको वचनमा यिनको बढ्ता निष्ठा देखिन्छ। यी कोरा ज्ञानी नभएर भक्तियुक्त भावनानुगामी हुन्छन्। यसरी यिनको आफ्नो मौलिकता हामीले पाउछौं।

सांख्य शास्त्र द्वैतवादी छ भने यो विशिष्टाद्वैतवादी छ रामानुजदर्शन। तर सांख्यको मतमा प्रकृति र पुरुष दुई तत्त्वले सबै व्यवहार चल्छ। तर यिनले भने चौबीस प्रकृति र तज्जन्य कुरा मानेर तदतिरिक्त काल, आदि छ द्रव्य-भेद मानेको पाइन्छ। वैशेषिकको सप्तपदार्थमा पनि यिनले अभाव पदार्थ मानेनन्, सांख्यले नमानेको काल र ईश्वरलाई यिनले स्थान दिए। प्रमाण पनि प्रत्यक्ष, अनुमान र शब्द तीन थरी नै छन् साङ्ख्यानुसार यिनको। त्यस्तै यिनीहरू सत्ख्यातिवादलाई नै मान्दछन्। हामी ख्यातिवाद यस प्रकारको विभिन्न दर्शनको विभिन्न रूपका पाउछौं जस्तै—

१ आत्मख्याति, यो योगाचारी बौद्ध-दर्शनबाट स्वीकृत सिद्धान्त हो आत्मख्याति भनेको आत्माको अर्थात् बुद्धिको प्रतिभास हो। इदं रजतम् (यो चाँदी हो) यसमा बुद्धि नै रजत रूपले भासमान हुन्छ। त्यहाँ अरू कुनै विषयान्तरको अपेक्षा हुँदैन। विज्ञानवादी योगाचार दर्शन विज्ञानातिरिक्त वाह्य पदार्थ नै मान्दैनन।

२ असत्ख्याति, यो असत् रजतादिको ख्याति माने प्रतीति हो। शून्यवादी बौद्ध जसलाइ हामी माध्यमिक भन्ने गर्छौं। तिनका मतमा पदार्थको कुनै अस्तित्व सिद्ध हुन्न, असत् पदार्थकै मात्र प्रतीति हुन्छ भन्ने छ। सून्यमै असत् रजतादि हामीलाई भान हुने भएको हुँदा यी असत् ख्यातिवादी कहलिन्छन्।

३ अख्याति, यो भनेको न ख्याति अख्याति अप्रतीति नै हो सिपीलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चाँदी ठानेको भ्रमस्थलमा मीमांसकहरू के भन्छन् भने यो भनेर औंल्याएको वस्तु चाहिं देखेको हो र चाँदी त सराफी-पसलमा रहेको चाँदीको स्मृति मात्र हुन्छ त्यहाँ चाँदीको प्रतीति नै हुँदैन भन्छन् ।

४ अन्यथाख्याति, नैयायिकले मानेका छन् । उनीहरूको भनाइमा अन्य ठाउँमा रहेको चाँदी सिपीमा दोषोपहत इन्द्रियले गर्दा देखापऱ्यो । चाँदीमा रहने चाकचक्यको सादृश्यले गर्दा यहाँ भ्रान्ति हुन गएको हो भन्ने निधो गरेर यिनीहरूले अन्यथाख्याति माने ।

५ अनिर्वचनीयख्याति, अद्वैतवादी शङ्करको मतमा स्वीकृत छ । यिनी सर्प भनेर डोरीमा र सिपी चाँदीमा जुन भान हुन्छ त्यो वचनले भन्न नसकिने एक प्रतीति हो । त्यो हो, होइन भनेर हामी एक निधोमा पुग्न सक्तैनौं भनेर मान्छन् ।

यी पाँच ख्यातिका अतिरिक्त एउटा ख्याति छ, सत्ख्याति भन्ने त्यसको आनुनायी छन् सांख्य र विशिष्टाद्वैत दर्शनानुयायी ।

६ सत्ख्याति– भनेको ज्ञानविषयको सत्यत्व हो । हामी जे, जति देख्तछौं त्यहाँ भ्रम हुने र भन्ने कुरा हुँदैन । सिपीमा चाँदी देख्नु पनि ठीक हो डोरीमा सर्प देख्नु पनि गल्ती होइन । किनभने पञ्चीकरण-प्रक्रियाद्वारा पृथिव्यादि पञ्चतत्त्वमा सर्वत्र सबै थोक रहन सक्तछ । विश्लेषणात्मक अध्ययन गर्ने हो भने सिपीमा पनि चाँदीका केही अंश रहेको हुनुपर्छ । त्यसै हुँदा ज्ञान विषयक सत्यत्व हुनगएको हो । रजतांश स्वल्प भएकोले चाँदीको व्यवहार भ्रम र शुक्तिको अंश भूयस्त्व ज्ञान भएकोले भ्रम निवृत्ति हुन्छ । विषयको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकदम नै असत्यत्व भने हुन्न भन्ने यस मतको तात्पर्य हो ।

यसै हुँदा यिनीहरू सबै ज्ञानलाई सत्य र सविशेष विषय मान्छन् । निर्विलेप वस्तु ग्रहण गर्न सकिन्न भन्ने पक्ष छ । यसै हुँदा प्रत्यक्ष भएको कुरा भेदविशिष्ट नै पहिलो पटक ग्रहण गर्छ ।

अद्वैतवादी शंकरानुयायीहरू "तत्त्वमसि, दशमस्त्वमसि" यी वाक्यबाट पनि प्रत्यक्ष नै हुन्छ नभनी शब्दद्वारा अपरोक्षज्ञान स्वीकारर्छन्, तर यिनीहरू भने वाक्यको अपरोक्ष ज्ञान जनकत्व भन्ने कुरामा विश्वास गर्दैनन् । यिनीहरूले प्रमा भनेर यथावस्थित व्यवहारानुगुण ज्ञानलाई माने, शंकरले भने प्रमा भनी आत्म-चैतन्यलाई नै मानेका छन् । चैतन्य पनि अन्तःकरणावच्छिन्न चैतन्य, अन्तःकरणवृत्त्यावच्छिन्न चैतन्य र विषयावच्छिन्न चैतन्य भनी तीन किसिमको चैतन्यको ऐक्य हुँदा नै साक्षात्कार हुने भन्ने यस प्रक्रियालाई मायावादीले मानेको पाइन्छ । ज्ञान नै प्रमा भनी लक्षणमा दोष पर्छ । सिपीमा यो चाँदी भन्ने ज्ञानमा अतिव्याप्ति पनि पर्न जान्छ भनी यी मान्छन् । प्रमाणके बारेमा पनि शङ्कर-मतमा प्रत्यक्ष, अनुमान उपमान, शब्द, अर्थापत्ति र अनुपलब्धि छ किसिमका प्रमाण छन् भने रामानुजाचार्यका मतमा प्रत्यक्ष, अनुमान र शब्द तीन ओटा मात्र प्रमाण छन् । उपमान, प्रत्यक्षमा केही पर्छ आधा भाग अनुमानमा र आधाचाहिं शब्दमा अन्तर्गत हुन्छ जो सांख्यले आफ्नो प्रमाणको संख्या गर्दा भनेको छ, त्यही यहाँ पनि मानेको पाइन्छ । न्यायले अर्थापत्तिलाई अनुमानमा अन्तर्गत गरेका छन्, त्यही कुरा सांख्यको पनि छ र यिनी पनि त्यसै भन्छन् । अभावलाई जब वस्तु नै नमानेर घटाभाव भन्नु नै भूतल हो भनिन्छ अनि अभाव ग्रहण गर्ने अनुपलब्धि प्रमाणको आवश्यकता नै यहाँ पर्दैन भन्ने स्वतः सिद्ध हुन्छ ।

अब यहाँ प्रत्यक्ष अनुमान र शब्द यो निरूपण गरेर धेरै विषय समावेश गरी विस्तारको प्रकृया नलम्ब्याउने विचार गरेको छु । प्रमाण-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अंशको आवश्यक अनुसन्धान गर्नेले त्यस विषयका प्रामाणिक ग्रन्थबाटै त्यो सबै गर्न अनुरोध गर्छु ।

यिनको प्रमाण तीन छन् भने प्रमेय दुई छन् । यी दुई प्रमेय द्रव्य र अद्रव्यका भेदले ग्रहण गरिन्छन् । न्याय वैशेषिकले मानेका पदार्थमा यिनले कति माने कति छाडे त्यस्तै सांख्यले मानेका प्रकृति, महात्त्व, अहंकार एकादशेन्द्रिय, पञ्चतन्मात्रा र पञ्चमहाभूतलाई हुबहु नै यिनले मानेका छन् र काल शुद्धसत्त्व, धर्मभूत ज्ञान, ईश्वरचाँहि फेरि वढी मानेका छन् । जीवका बारेमा पनि यिनको अरू दार्शनिकको भन्दा अर्कै मत छ । यी जीवाणुवादी छन् अरू जीवलाई विभु मान्दछन् ।

यिनको पञ्चीकरण-प्रक्रियाले सत्ख्याति सिद्ध गरेको छ भनेर यसअघि उल्लेख भइसकेको छ । पञ्चीकरण-प्रक्रिया यसरी प्रतिपादित हुन्छ । भगवान्बाट भूतादि पदार्थ सृष्टि गरेर एक एक भूतलाई दुई फ्याक पारेर दुई भागमा एक मात्र राखेर अर्को भागलाई चार खण्ड पारी ती चार भाग अरू चार भूतमा संयोजन गर्छन् । यसरी सबै भूतमा यस प्रकारको कार्य गरेकाले एक-एक भूतको भाग एक एकमा मिली सबै भूतमा समुच्चय रहन जान्छ । स्वभाग आधा अरूको चौथाई भाग रहेकाले जसको जहाँ आधा भाग रहन्छ त्यसको प्रमुखता हुँदा त्यही नामले व्यवहार हुन्छ । जस्तै पृथिवीमा आधा भाग पृथिवीको छ, त्यसको आधा भाग चार टुक्रा बरोबरको पारी जल, तेज, वायु, आकाशमा मिसिएको छ । यही क्रमले अरूको चार भाग चौथाई हिसाबले पृथिवीमा रहेकोले पृथिवीमा गन्ध झैं रस, तेज, स्पर्श र शब्द पाइन गएका हुन् । यसमा कोही त्रिवृत्करण गर्छन् कोही सप्तीकरण भन्छन् । सप्तीकरण गर्नेले महत्तत्त्व र अहंकारलाई पनि मिलाउनुपर्छ ।

शरीर भनेको चेतनको आश्रितत्व नियाम्यत्व र जङ्गमत्व नियमले अपृथक् सिद्ध द्रव्यविशेष भनेर विशिष्टाद्वैतवादीले आफ्नै ढङ्गको व्यख्या गरेका छन् । कसैले शरीरलाई चेष्टाश्रय माने, कसैले इन्द्रियाश्रय भने, कसैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भोगायत नभने, कसैले शिरःपाणिपादादिमय शरीर सम्झे इत्यादि शरीरका बारेमा लक्षण छन् तापनि यिनमा दोष पाइन्छ भनी सबैको मत खण्डन गरेका छन् । यिनले शरीरलाई दुई प्रकारका मानेका छन्, नित्य र अनित्यका भेदले । ईश्वर-शरीर नित्य छ र देवतादिका शरीर पनि नित्यन्नै मानिएका छन् । अकर्मकृत र कर्मकृतका भेदले अनित्य शरीर पनि दुई थरीका छन् । पहिलो ईश्वरको महदादिरूप शरीर र इच्छागृहीत अनन्त, गरुडादि-शरीर पनि अकर्मकृत शरीर नै हो । कर्मकृत शरीर पनि दुई छन् । स्वसंकल्प-सहकृत, कर्मकृत र केवल कर्मकृत । सामान्यतः स्थावर-जङ्गमभेदले दुई थरीका शरीर मानिन्छन् । स्थावर — शिला वृक्षलतागुल्मादि र जङ्गम चाँहि देव, मनुष्य, तिर्यक्, नारकीय-भेदले चार छन् । अयोनिज शरीर पनि यहाँ मानिन्छ ।

रामानुजानुयायी नित्य विभूति भनेर शुद्धसत्त्वलाई व्यवहारमा भन्दछन् । यो स्वयं प्रकाशमय छ तापनि बन्धन भएका अवस्थामा भने प्रकाश हुँदैन, सुषुप्तिमा धर्मभूत ज्ञान जस्तै भन्ने यिनीहरूको मत छ । त्रिगुणद्रव्यदेखि त्यो शुद्धसत्त्व अलग्ग भएर सत्त्ववत्त्व हुन्छ । त्यही विभूति ऊर्ध्वप्रदेशमा चाहीं अनन्त र अधः प्रदेशमा परिच्छिन्न हुन्छ । त्यो विभूति ईश्वरको र नित्य मुक्तहरूको ईश्वरको संकल्पबाट भोग्य भोगोपकरण र भोगस्थान रूपको हुन्छ । भोग्य ईश्वर शरीर, भोगोपकरण चन्दन, कुसुम, वस्त्र, भूषण, आयुधादि र भोगस्थान गोपुर, पुर, विमानोद्यान, पद्मिनी आदि । ईश्वरको र नित्य, मुक्तहरूका शरीरहरू भगवन्नित्येच्छा-सिद्ध हुन्छन् । मुक्तहरूको शरीरहरू पनि भगवत्संकल्पबाटै हुन्छन् ।

भगवान्को व्यूह-विभव-अर्चा, अवतार शरीरहरू अप्राकृतमय छन् । ईश्वरको शरीरको षाड्गुण्य भन्ने व्यवहार छ । नित्य, निरवद्य, निरतिशय, औज्ज्वल्य, सौन्दर्य, सौगन्ध्य, सौकुमार्य लावण्य, यौवन, मार्दव, आर्जवादि दिव्यमङ्गल विग्रह गुण भएका हुन्छन् । मुक्तको शरीर हुँदैन भनेको त कर्मकृत शरीरको अभावत्वपरक मात्र हो । नित्य शरीरमा इन्द्रिय पनि नित्य छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मभूत ज्ञान, स्वयंप्रकाश अचेतन द्रव्यत्व भएर विषयवाला हुन्छ। विभुत्व भएर पनि प्रमा झैं द्रव्यगुणात्मकत्व रहन्छ। अर्थप्रकाशक बुद्धि यो त्यसको लक्षण हो। त्यो धर्मभूत ज्ञान ईश्वरको र नित्यहरूको सर्वदा नित्य र विभु छ। वद्धहरूको तिरोहित हुन्छ ज्ञान। पहिले तिरोहित भएको ज्ञान पछि मुक्तहरूको आविर्भूत हुन्छ। ज्ञानलाई नित्य माने ज्ञान उत्पन्न हुन्छ, नष्ट हुन्छ भन्ने व्यवहार कसरी भयो भनी शङ्का गर्नुपर्ने कुरा छैन किनभने हामी ज्ञानलाई संकोच-(विकासशील) मान्छौं जस्तै पाइपबाट पानी चुहिन्छ त्यस्तै ज्ञान पनि इन्द्रियद्वारा निस्केर पदार्थसँग जोडिन्छ।

सबै ज्ञान स्वतः नै प्रमाण छन्, स्वप्रकाश पनि छन्। जहाँ सिपीमा चाँदी भन्ने ज्ञान हुन्छ त्यहाँ पनि रजत छ भन्ने रजतास्तित्व नै प्रतीति हुन्छ। त्यही ज्ञानले चाँदी होइन भन्ने नास्तित्व प्रतीति हुन्न। विषयास्तित्व स्वतः नास्तित्व भने बाधकले प्रतीति गराउँछ। प्रामाण्य प्रतीति स्वतः अप्रामाण्य प्रतीति परतः हुन्छ। जस्तै पानीमा उष्ण स्पर्श स्वतःछैन, तेजःसंयोगबाट हुने हुनाले जलको उष्ण स्पर्श परतः मान्नुपर्छ। उष्ण स्पर्शको स्वतस्त्व चाहिं तेजमा प्रसिद्ध छ। त्यस्तै ज्ञानमा प्रमाणत्वको यदि परतस्त्व भए अन्यत्र कहीं त्यसको स्वतस्त्व हुनु आवश्यक ठहरिन्छ। त्यो त सम्भव छैन। प्रमाणत्व खालि ज्ञानमात्र निष्ठत्व छ। त्यसै हुनाले त्यसको ज्ञानमा स्वतस्त्व नै स्वीकार गर्नुपर्छ।

अयं घटः, अयं घटः, अयं घटः, इत्यादिधारावाहिक ज्ञान जुन छ त्यो एक नै ज्ञान हो भन्ने यिनीहरूको मत छ। ज्ञानको क्षणिकत्व, त्रिक्षणावस्थायित्व, प्रातिभासिकवद व्यवहारको मिथ्यात्व, परतः प्रामाण्यत्व ज्ञानलाई नै आत्मत्व भन्ने इत्यादि पक्ष खण्डन गरिन्छन्। यही शास्त्र-लाई प्रमाण मानेर ज्ञान-नित्यत्व स्वीकारेमा पनि जाग्रत, सुषुप्ति आदि भेदको सिद्धि कसरी गर्ने भन्ने शङ्का उठ्न जान्छन्। त्यसको समाधानमा हामी यसो भन्छौं—

जस्तै आगोमा दाहकत्व छ। दाह्य हुँदा हुँदै पनि प्रतिबन्धक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मणि, मन्त्र, औषधि रहेमा अग्निमा दाहको अभाव हुन्छ । त्यस्तै ज्ञानको तिरोधायक तमोविशेषको सन्निधान र असन्निधानबाट स्वापः सुषुप्ति आदि सिद्ध हुन्छन् । जस्तै बाल्यकालमा दबेको पुंस्त्व जवानीमा प्रकट हुन्छ ।

हामी ज्ञानलाई द्रव्य र गुण पनि दुवै मान्छौं । यामुनाचार्यले भनेका छन् ।

आश्रयादन्यतो वृत्तेराश्रयेण समन्वयात् ।
द्रव्यत्वं च गुणत्वं च ज्ञानस्यैवोपपद्यते ।।

गुण आश्रित स्वभाव भएको हुँदा आत्मामा आश्रित हुँदा गुण ज्ञान हुन्छ भन्ने संकोच-विकासावस्था ग्रहण गर्ने ज्ञान द्रव्य पनि हुन्छ । ज्ञान वास्तवमा द्रव्यात्मक गुण हो । केवल गुण चाहिं सत्त्वरजः प्रभृति हुन् । ज्ञान, मति, प्रज्ञा, संवित्, धिषणा, धी, मनीषा, शेमुषी, मेधा-बुद्धि इत्यादि शब्द ज्ञानका पर्याय हुन् । बुद्धि नै उपाधि-भेदले सुख, दुःख, इच्छा, द्वेष, प्रयत्न हुन्छन् ।

धर्मभूत ज्ञानका अवस्थाको परिगणन गरिएको छ । तिनमा प्रत्यक्षादि छन् । तिनमध्ये भक्ति र प्रपत्ति पनि छन् । ज्ञानविशेष भएका भक्ति र प्रपत्तिको स्वरूप केही यहाँ भनिन्छ । किनभने भक्ति र प्रपित्तबाट प्रसन्न भएको ईश्वरले मोक्ष दिन्छन् । मोक्षको उपाय नै हाम्रा मतमा भक्ति र प्रपत्ति हुन् । हुन त मोक्षको उपाय भनेर कर्मयोग-ज्ञानयोग आदिलाई भनिएको छ । तथापि ती पनि भक्तिद्वारा नै साधनत्व भएका छन् । कर्मयोग भनेको उपदेशबाट जीव र परमेश्वरमा याथात्म्यज्ञान भएकाले आफ्नो शक्तिअनुसार फल वा सङ्गरहित अनिषिद्ध काम्य नित्य नैमित्तिक रूप पीडारहित कर्मविशेष हो । त्यो कर्मयोग देवार्चन, तप, तीर्थ, दान, यज्ञादिभेददेखि भिन्न हो । यसले जीवगत कल्मष हटाएर ज्ञानयोग उत्पन्न गराई तद्द्वारा साक्षात् वा भक्तिलाई पैदा गर्छ । ज्ञानयोग भनेको कर्मयोगले निर्मल अन्तःकरण भएको ईश्वर शेषत्वले प्रकृति-वियुक्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वात्म-चिन्ताविशेष हो। यसका लागि पनि साक्षात् भक्तियोगोपयोगित्व सिद्ध हुने हुन्छ।

भक्तियोग भनेको यमनियमादिवाट तेलको धारा झैं अविच्छिन्न स्मृति, सन्तानरूप हुन्छ। सो पनि विवेकादि-जन्य हुन्छ। यसरी विवेकादि साधनवाट अनुग्रहीत भक्ति दर्शन समानाकाराऽन्तिम प्रत्ययावधिका पनि हुन्छ। शरीर छाड्ने वेलामा शरीरान्तरका अवसानमा पनि अन्तिम ज्ञान हुन्छ। वेदन, ध्यान, उपासनादि शब्दवाट भनिने भक्ति परभक्ति, परज्ञान, परमभक्ति रूप-क्रमले प्रपत्तिको अङ्ग पनि वन्छ।

त्यो साधनभक्ति र परभक्तिका भेदले दुई थरीका छन्। साधन-जन्य भक्ति साधन भक्ति भनिन्छे। परभक्ति चाहिं ईश्वरको कृपावाट जन्य छ। साधनभक्ति व्यासादिनिहित छ भने फलभक्ति पराङ्कुशनाथमा रहेको पाइन्छ। यी पराङ्कुशनाथ रामानुजाचार्यभन्दा अघि ताम्रपर्णी-तीर निवासी थिए भन्ने प्रसिद्धि छ। मद्भक्त भन्ने वचनादिमा स्तुतिरूपमा पाइने भक्ति औपचारिक भक्ति शव्द हो। वेदान्तमा श्रवण, मनन पनि साधन मानिन्छन् भने कसरी ध्यानलाई भनियो साधन भन्ने शङ्कामा ध्यान नै मुख्य विधान गरिन्छ श्रवण, मनन त अनुवाद हुन् भनी तिनको विरोधी छैन भनिएको पाइन्छ।

ध्यान शब्दले भनिने भक्ति विविध विद्याभेदले गर्दा थरी-थरीको हुन्छ। यसमा जस्तै कुनै विद्या अन्तरिक्ष विद्या भनिन्छ, कुनैलाई अन्तरादित्य विद्या भनिन्छ, दहरविद्या, भूमविद्या, सद्विद्या, मधुविद्या, उपकोशलविद्या, शाण्डिल्य-विद्या, उद्गीथविद्या, पुरुष-विद्या, प्रतर्दन-विद्या वैश्वानर-विद्या, इत्यादि ब्रह्मविद्या छन्।

प्रपत्तिलाई न्यासविद्या भनिन्छ। अर्थात् प्रपत्ति भनेको शरणागति इत्यादि शब्दवेद्य ज्ञानरूप नै हो। यिनका मतमा प्रपत्ति प्रकारब्ध कर्मलाई पनि नाश गर्छ भन्ने छ। हुनत प्रपत्ति प्रारब्ध पनि निःशेष विनाश गर्न समर्थ छ, त्यसो भए पनि निःशेष वैराग्यको अभावमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रागविषयक अंश र तदनुबन्धि दुःखलाई बाँकी राख्तछ । निर्विशेष वैराग्यमा भने निःशेष नै हटाउँछ ! यही कुरालाई हामी कारिकाद्वारा समर्थन गराउछौं ।

"साधनं भगवत्प्राप्तौ स एवैति स्थिरा मतिः ।
साध्यभक्तिस्तथा सैव प्रपत्तिरिति गीयते ।।
उपायो भक्ति रेवेति सत्प्राप्तौ या तु सा मतिः ।
उपायभक्तिरेतस्या पूर्वोक्तैव गरीयसी ।।
उपायभक्ति प्रारब्ध-व्यतिरिक्ताघनाशिनी ।
साध्यभक्तिस्तु सा हन्त्री प्रारब्धस्यापि भूयसी ।।

यसरी भक्ति र प्रपत्तिलाई नै यस मतले मोक्ष साधनत्वले स्वीकारेको हुँदा अरूले भनेका मोक्षोपायको खण्डन हुन्छ ।

जीव र ईश्वरमा स्वयं नै स्वमा भासमानत्व, ज्ञानाश्रयत्व, आत्मत्व, कर्तृत्वादि सामान्य मिल्ने साधारण लक्षण भए पनि जीव अणु भएर चेतनत्व छ र नित्य छ भने अरूले झैं जीव-देह,इन्द्रिय, मन, प्राण, ज्ञानहरू-देखिन् बेग्लै छ भन्दै यसको परिमाण अणु मान्नाको कारण चाँहि जीव अणु भएमा नै उत्क्रान्ति हुन सक्ने हुन्छ । अनेक विषयानुभव एकै बाजि हुन सकेको अणु जीव भएर पनि किनभने उसको धर्मभूत ज्ञान ज्ञान व्याप्ति भएकोले हो । वृहदारण्यक ४।४।२ मा जीवको उत्क्रान्तिलाई लिएर भनेको छ—

"तेन प्रद्योतेनैष आत्मा निष्क्रामति चक्षुषो वा मूर्ध्नो
वा शरीरदेशेभ्यः ।

जीव विभु भए यसरी बाहिर निस्केर जाने भन्ने कुरा मिल्दैन । भनेको पनि छ—

वालाग्रशतभागस्य शतधा कल्पितस्य च ।
भागो जीवः स विज्ञेयः स चानन्त्याय कल्पते ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अणु नित्य जीव प्रतिशरीरमा भिन्नाभिन्नै छ। यिनीहरू पनि साङ्ख्य झैं पुरुष-बहुत्ववादी छन्। जीव स्वतः सुखी छ। उपाधिवशले संसार भएको छ। यो कर्ता भोक्ता शरीरी र शरीर पनि हो। प्रकृतिको अपेक्षाले शरीरी र ईश्वरापेक्षाले शरीर छ। त्यसको प्रत्यक्षश्रुतिबाट स्वयंप्रकाशत्व सिद्ध छ। यसले गर्दा अरूसँग यिनको मतको वैशिष्ट्य देखिन्छ। जीव बद्ध मुक्त चाहिं ब्रह्म-साम्यमा पुगेको र नित्य चाहिं कहिले पनि ज्ञानसंकोच-प्रसंग-रहित अनन्त,ग रुड, विश्वक्सेनादि हुन्।

यसरी ठाउँ-ठाउँका विषयको केलाएर अध्ययन गर्दा रामानुज यस युगको एक वरिष्ठ दार्शनिक हुन्। यिनले परवर्ती कालमा समेत वैष्णव सम्प्रदायको ठूलो परम्परा कायम राखे। आजको मानिसभित्र रहेको हिन्दू-धर्मको धारणा यिनैको सम्प्रदायद्वारा परिनिष्ठ भएको छ। देवताको आराधनामा भक्ति र प्रपत्तिको जुन मुख्यता यस दर्शनले प्रदान गर्‍यो त्यो युगवोध बुझेर नै हुन गएको भन्नुपर्छ। हामी आज ईश्वरको सगुण रूपको जुन विश्वास गर्छौं र समर्पित भई आफ्नो हृदयको प्रगाढ श्रद्धा समर्पण गर्छौं। यो उपासनाका प्रक्रियालाई नभई नहुने सत्यको अपलाप गर्न हुँदैन।

रामानुजको दर्शनमा रहेका धेरै वैशिष्ट्यमध्ये मुख्य यही झैं मेरो विवेचनाले ठम्याएको छ।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रागविषयक अंश र तदनुबन्धि दुःखलाई बाँकी राख्तछ। निर्विशेष वैराग्यमा भने निःशेष नै हटाउँछ। यही कुरालाई हामी कारिकाद्वारा समर्थन गराउछौं।

"साधनं भगवत्प्राप्तौ स एवैति स्थिरा मतिः।
साध्यभक्तिस्तथा सैव प्रपत्तिरिति गीयते ॥
उपायो भक्ति रेवेति सत्प्राप्तौ या तु सा मतिः।
उपायभक्तिरेतस्या पूर्वोक्तैव गरीयसी ॥
उपायभक्ति प्रारब्ध-व्यतिरिक्ताघनाशिनी।
साध्यभक्तिस्तु सा हन्त्री प्रारब्धस्यापि भूयसी ॥

यसरी भक्ति र प्रपत्तिलाई नै यस मतले मोक्ष साधनत्वले स्वीकारेको हुँदा अरूले भनेका मोक्षोपायको खण्डन हुन्छ।

जीव र ईश्वरमा स्वयं नै स्वमा भासमानत्व, ज्ञानाश्रयत्व, आत्मत्व, कर्तृत्वादि सामान्य मिल्ने साधारण लक्षण भए पनि जीव अणु भएर चेतनत्व छ र नित्य छ भने अरूले झै जीव-देह,इन्द्रिय, मन, प्राण, ज्ञानहरू-देखिन् बेग्लै छ भन्दै यसको परिमाण अणु मान्नाको कारण चाँहि जीव अणु भएमा नै उत्क्रान्ति हुन सक्ने हुन्छ। अनेक विषयानुभव एकै बाजि हुन सकेको अणु जीव भएर पनि किनभने उसको धर्मभूत ज्ञान ज्ञान व्याप्ति भएकोले हो। बृहदारण्यक ४।४।२ मा जीवको उत्क्रान्तिलाई लिएर भनेको छ—

"तेन प्राद्योतेनैष आत्मा निष्क्रामति चक्षुषो वा मूर्ध्नो
वा शरीरदेशेभ्यः।

जीव विभु भए यसरी बाहिर निस्केर जाने भन्ने कुरा मिल्दैन भनेको पनि छ–

वालाग्रशतभागस्य शतधा कल्पितस्य च।
भागो जीवः स विज्ञेयः स चानन्त्याय कल्पते ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अणु नित्य जीव प्रतिशरीरमा भिन्नाभिन्नै छ। यिनीहरू पनि साङ्ख्य झैं पुरुष-बहुत्ववादी छन्। जीव स्वतः सुखी छ। उपाधिवशले संसार भएको छ। यो कर्ता भोक्ता शरीरी र शरीर पनि हो। प्रकृतिको अपेक्षाले शरीरी र ईश्वरापेक्षाले शरीर छ। त्यसको प्रत्यक्षश्रुतिबाट स्वयंप्रकाशत्व सिद्ध छ। यसले गर्दा अरूसँग यिनको मतको वैशिष्ट्य देखिन्छ। जीव बद्ध मुक्त चाहिं ब्रह्म-साम्यमा पुगेको र नित्य चाहिं कहिले पनि ज्ञानसंकोच-प्रसंग-रहित अनन्त,ग रुड, विश्वक्सेनादि हुन्।

यसरी ठाउँ-ठाउँका विषयको केलाएर अध्ययन गर्दा रामानुज यस युगको एक वरिष्ठ दार्शनिक हुन्। यिनले परवर्ती कालमा समेत वैष्णव सम्प्रदायको ठूलो परम्परा कायम राखे। आजको मानिसभित्र रहेको हिन्दू-धर्मको धारणा यिनैको सम्प्रदायद्वारा परिनिष्ठ भएको छ। देवताको आराधनामा भक्ति र प्रपत्तिको जुन मुख्यता यस दर्शनले प्रदान गर्‍यो त्यो युगबोध बुझेर नै हुन गएको भन्नुपर्छ। हामी आज ईश्वरको सगुण रूपको जुन विश्वास गर्छौं र समर्पित भई आफ्नो हृदयको प्रगाढ श्रद्धा समर्पण गर्छौं। यो उपासनाका प्रक्रियालाई नभई नहुने सत्यको अपलाप गर्न हुँदैन।

रामानुजको दर्शनमा रहेका धेरै वैशिष्ट्यमध्ये मुख्य यही झैं मेरो विवेचनाले ठम्याएको छ।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माध्वदर्शनमा युगबोध

दर्शनमा आफ्नो मौलिक सिद्धान्त निर्माण गर्नु अति दुष्कर कार्य हुन्छ। प्रायः एक सिद्धान्तभित्रै पनि केलाएर हेर्ने हो भने धेरै दर्शनका अन्यत्र फेला पर्ने कुरा समावेश गरेको नपाइने होइनन्। वास्तवमा यस जगत्मा तीन वाद छन् जडवाद, जड-चैतन्यवाद र केवल चैतन्यवाद। त्यसमा कोही आध्यात्मिक, कोही तार्किक र कोही श्रौत छन्। प्रत्यक्षभन्दा पनि वेदको प्रामाण्य मान्नेलाई श्रौत भनिन्छ। आफ्ना आचार्यका शब्दमा विश्वास गर्ने बौद्ध, जैन र वैशेषिक आदिले शब्दलाई अनुमानकै अन्तर्गत मानेकाले तार्किक रूपमा यिनलाई स्थान दिनु उपयुक्त हुन्छ।

वेदान्त-दर्शन वेदको प्रामाण्यलाई प्रमुखता दिएर "तर्काऽप्रतिष्ठानात्" भनेर तर्कको अप्रतिष्ठालाई समर्थन गर्छ। वेदान्तमा हामी अद्वैत, विशिष्टाद्वैत, द्वैत आदि मत-मतान्तर पाउँछौं। अहिले म आफ्नो विवेचना मध्वको द्वैतवादलाई लिएर गर्न उपस्थित भएको छु।

श्री मध्वको मतको भूमिका श्री रामानुजाचार्यले गरिदिइसकेकाले उनले धेरै वैष्णव-सम्प्रदायको आधार त्यहींबाट लिए। द्वैतवादी वैशेषिक-मतवाट यिनका तत्त्वहरू प्रतिविम्बित छन्। कसैको मतमा केही थपघट गरेर, कसैवाट केही लिएर, कुनै अंश हेरफेर पारेर यिनले यो संप्रदायलाई आफ्नै रूप दिएका छन्। यसमा सांख्यको सत्कार्यवाद छ, रामानुजको जीवाणुवाद छ, वैशेषिकको सात पदार्थलाई यिनले लिएर मीमांसकादिको शक्तिसादृश्य आदिलाई पनि लिएर पदार्थसंख्या दश पुऱ्याएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमाण पनि यिनको प्रत्यक्ष, अनुमान र शब्द छ ।

वैष्णव-संप्रदायको आजको रूपमा प्रतिष्ठाता श्री रामानुचार्य हुन् भने यसका समर्थ प्रयोक्ता र व्याख्याता श्री मध्वाचार्य मान्नुपर्छ । रामानुज प्रच्छन्न द्वैतवादी हुन् र यिनले आफ्नो दर्शनलाई विशिष्टाद्वैत भनी अद्वैतको मोह त्याग्न सकेनन् । तथापि भक्ति र प्रपत्तिलाई हिन्दूधर्म जोगाउने एउटा नयाँ साधनाको प्रयोग गरेर पौराणिक परम्परामा आस्थावान् पारेर सर्वसाधारण जनताको महान् उपकार उनबाट भएको छ भन्नु अत्युक्ति हुँदैन । कर्मको आश्रय नै श्रद्धा र विश्वास हुन्छ र भक्ति-संप्रदायमा आधारभूत भावना पनि यिनै हुन् । अश्रद्धाले गरेका कार्य वरत्र र परत्र दुवैतिर अलपत्र पर्छन् । आजको फैलिएको यो हिन्दू-सम्प्रदायको जुन वैष्णव-परम्परा छ त्यसमा मूर्धन्य स्थान छ रामानुजको । रामानुजले उपासना-काण्डलाई महत्त्व नदिएको भए विशिष्ट परिस्थितिमा त्यति लचकिलो मत नवनाइदिएको भए त्यो श्रृङ्खला चुँडिने थिएन भनेर भन्न सकिन्न । ईश्वरीय शरीरलाई नित्य मानेर पनि सत्कार्यवादी वनेर पनि विशिष्टाद्वैत भन्न हिचकिचाएनन् ।

त्यही वैष्णव-सम्प्रदायलाई यसरी राख्नु समाजको विश्वासमा आघात पार्ने परिस्थितिमा अर्थात् रामानुजलाई प्रच्छन्न द्वैतवादी भनेर अरूले भन्ने अवस्थामा मध्वाचार्यले आफूलाई स्पष्ट द्वैतवादी भनेर शंखघोष गरेर जनमानसमा नयाँ जागृति संचार गरे । स्पष्ट कुरा गरेको सुनेर जनताको भावपूर्ण श्रद्धा उनीमाथि वस्यो । हुन पनि मध्वाचार्यले वैष्णव-संप्रदायमा जीव र परमेश्वरको भेदलाई निर्भीकतापूर्वक प्रतिपादन गरे । यदि यी नजन्मिदिएका भए भागवत शाकवत् हुन्थ्यो र जनताको निम्ति अच्छिन्न परम्परामा यसरी भक्तिसाहित्यको पठन-पाठन लोप हुन जान्थ्यो । महाकवि जयदेव र महाप्रभु चैतन्यको उद्भव नै यस क्षितिजमा हुँदैनथ्यो । मीराले गोवर्धन गिरिधारीमा प्रेमा-भक्ति पोखेर आफू मग्नमस्त भइन्, सुरदास बालगोपालको लीलामा मुग्ध भए, कबीर हिन्दू-मुसलमानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रसान वनी भक्तिरसले नयाँ पन्थ पैल्याउने भए। गुरु नानकले सबैलाई एक आश्रय दिई सिक्ख-सम्प्रदायको जन्म दिए। मुसलमानहरूको सूफी सम्प्रदाय पनि भक्ति-सम्प्रदायबाट प्रभावित भएर नै जन्मन गएको भन्छन्। यसरी माथि उल्लेख गरिएका परम्पराको दार्शनिक आधार खोज्दा मैले त्यही वैष्णव-सम्प्रदायमध्ये माध्वदर्शनकै ठूलो प्रभाव परेको पाएँ। नाम-संकीर्तनले गर्दा सबैलाई यसले आश्रय प्रदान गऱ्यो। त्यस कुरामा म यो तलको श्लोक पुष्टिका लागि प्रस्तुत गर्छु।

किरातहूणान्ध्रपुलिन्दपुल्कसा आभीरकङ्का यवनाः खसादयः।
येऽन्ये च पापा यदुपाश्रयाश्रयाः शुद्धयन्ति तस्मै प्रभविष्णवे नमः॥

—भा. क. २। अ. ४। श्लो. १८।

यस श्लोकमा गनिएका किरात हूण, आन्ध्र, पुलिन्द, पुल्कस, आभीर, कङ्क यवन, खस आदि र अरू जुन पापी छन् तिनीहरू पनि जसका उपाश्रयमा आश्रय लिंदा शुद्ध हुन्छन् त्यस्ता प्रभुलाई नमस्कार छ भनेर सबै पापयुक्त भनी वहिष्कृत म्लेच्छ र शूद्रादिलाई पनि प्रश्रय दिएर मानवत्ववादी धर्मको रूप दियो। **कलौ केशवकीर्तनम्** भनी अति सरल र सुगम मार्ग अपनाएर यो आज युगधर्म हुन पुग्यो।

यस संकीर्तन-नाद ध्वनि भएर विश्वव्याप्त हुने सम्भावना देखा पर्न थालिसकेको छ। वैष्णव-परम्परामा महारासेश्वर नटवर मुरलीधरको वेणुगीतले पार्थसारथीको गीतालाई शुष्क र कर्कश पारिदिन्छ। जहाँ प्रेम-रहस्य गुञ्जायमान भई भक्तिस्रोतको मूल फुट्तछ। आजको व्याप्त यस पौराणिक धर्मको युगमा यदि कुनै दर्शनको प्रवेश प्रतिष्ठा छ भने पूर्ण प्रज्ञाकै प्रज्ञा-प्रतिष्ठित भएको पक्षको समर्थन गर्छु। परम आनन्दकन्द मोहनका मधुर मिलनको छटपटीमा यौन-संतृप्ति गरेर नारीले आत्म-समर्पण गर्दा औंला ठड्याउन पाइ दैन। पिता, पति र पुत्र पकारत्रयले नै प्रश्न गर्न पाउँदैनन् र नारीको पवित्रता कायम राखी प्रेमको पराकाष्ठाको प्रदर्शन गर्ने प्रतिवन्ध जहाँ हटेको छ। जव यसोसम्म भन्न पनि सकिन्छ—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुरतवर्धनं शोकनाशनं स्वरितवेणुना सुष्ठु चुम्बितम् ।
इतररागविस्मारणं नृणां वितर वीर नस्तेऽधरामृतम् ।।

—१०।३१।१४ भागवत

• पुराना नारीका मर्यादालाई अगाडि तेर्स्याएर नन्दनन्दनले भनेको वाक्य छ यस्तो—

अस्वर्ग्यमयशस्यं च फल्गुकृच्छ्रं भयावहम् ।
जुगुप्सितं च सर्वत्र औपपत्यं कुलस्त्रियः ।।

—१०।२९।२६ भागवत

त्यसको प्रत्युत्तरमा गोपीहरुले यसो भनेको पाइन्छ—

यत्पत्यपत्यसुहृदामनुवृत्तिरङ्ग
स्त्रीणां स्वधर्म इति धर्मविदा त्वयोक्तम् ।
अस्त्वेवमेतदुपदेशपदे त्वयीशे
प्रेष्ठो भवांस्तनुभृतां किल बन्धुरात्मा ।।

—१०।२९।३२ भागवत

यस प्रसंगलाई अन्त्य गर्न प्रेमा-भक्तिको आनन्दको चरमविन्दुमा पुगेको स्त्रीको अनुभूति यसरी प्रकट पारेर पोखिएको छ भनी देखाउँछु—

बाहुप्रसारपरिरम्भरालकोरुनीवीस्तनालभननर्मनखाग्रपातैः ।
क्ष्वेलावलोकहसितै र्व्रजसुन्दरीणामुत्तम्भयन् रतिपतिं रमयाञ्चकार ।।

—१०।२९।४३ भागवत

यस परम संतृप्ति प्रदान गर्न नहिचकिचाउने भक्ति-दर्शनले प्रेम-रहस्यलाई हृदयंगम गरेर नै रतिरागलाई पवित्रता दिने समुदायको सिर्जना गर्‍यो । पञ्चमकारमा मैथुनको महिमा दिने वाममार्ग, तन्त्रमा नभएको त होइन तर त्यसमा जुन विकृत यौनतृप्ति छ त्यो वाममार्गीको नग्न रूप हो, जसलाई सभ्यताको सीमाभित्र समाज स्थान दिन घिनाउँछ । यसरी आफ्नै सुन्दर स्वरूपमा उभिएको श्री कृष्णको व्यक्तित्वलाई वेदव्यासले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शुकद्वारा वडो विश्लेषण गरी मूर्त्याएका छन् ।

मल्लानामशनिर्नृणां नरवरः स्त्रीणां स्मरो मूर्तिमान्
गोपानां स्वजनोऽसतां क्षितिभुजां शास्ता स्वपित्रोःशिशुः ।
मृत्युर्भोजपतेर्विराड्विदुषां तत्त्वं परं योगिनां
वृष्णीनां परदेवतेति विदितो रङ्गं गतः साग्रजः ।

—१०।४३।१७ भागवत

योगीका परमतत्त्व र स्त्रीका मूर्तिमान् कामदेव भएका श्रीकृष्णलाई उनको चरित्रका वैशिष्ट्यले शाश्वत सत्यता प्रदान गर्छ । सदा नारीको स्मृति-मन्दिरमा अङ्कित हुने स्मरको मूर्तिमान् रूपलाई आराध्य बनाएर जुन सम्प्रदायले यति शिष्ट सुन्दर स्वरूप प्रदान गर्‍यो त्यसैले भागवत-धर्मले तप्त जीवन, कल्मषविनाशी र श्रवण-मङ्गल हुने शौभाग्य प्राप्त गर्‍यो । श्रीमद्‌भागवत-तुल्य साहित्य जनजीवनमा भिज्ने आजसम्म कुनै हुन सकेन । यसमा नै श्री कृष्णको विविध विचित्र आश्चर्यमय व्यक्तित्वको समन्वय छ, जसलाई सुदामा र उद्धवले पाउँछन् आफ्नै रूपमा, जसलाई गोपी र रुक्मिणीले प्रेम गर्छन् आ-आफ्नै पाराले ।

माध्व-सम्प्रदायलाई मध्ववाट नै प्रारम्भ भएको भन्ने कुरा चाहिँ स्वीकार्ने पक्षमा त्यसै दर्शनका आचार्यहरू विरोध गर्ने छन् । किनभने, यसअघि यसको कुनै परम्परा नभए यो टुप्पोवाट पलाएको ठहरिन गई यसको गरिमा नै पातपातै दगुर्ने हुन्छ । आज पाश्चात्य प्रभावमा परेर पण्डितंमानी भई वोक्रेकाहरू सम्प्रदाय शब्द वोल्दा पनि पापको मलले जिभ्रो लेसारिएझैं ठानेर थरहरी हुन्छन् । तर सम्प्रदाय नभए सम्प्रदाय सभ्यता र संस्कृति भन्ने कुरा नै हुँदैन । सम्+प्र+दा+घञ् भएर यो शब्द व्युत्पन्न हुन्छ । 'दा'धातुको अर्थ दिनु हुन्छ । त्यसैवाट दाय वन्छ र दाय शब्दको अर्थ हुन्छ भाग, अंश, उत्तराधिकार, पैतृक सम्पत्ति आदि । 'प्र' अव्ययको अर्थ हुन्छ अघि, अधिक, अत्यन्त आदि, त्यस्तै 'सम्' अव्ययको अर्थ हुन्छ सँगै मिलेर, पूर्णता, अधिक, अत्यन्त आदि । अव दाय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दमा 'प्र' र 'सम्' दुई अव्ययको उपसर्ग लागेर संप्रदाय शब्द बन्छ र अर्थ हुन्छ कस्तो उत्तराधिकार भने अधिक र अधिक अर्थात् अत्यधिक उत्तराधिकार। यताबाट कोशकारले के अर्थ झिके भने परम्पराप्राप्त सिद्धान्त या ज्ञानको नाम भयो–सम्प्रदाय, शब्दको प्रकृति प्रत्ययवाट प्राप्त वाच्यार्थ। अब भनौं यदि सम्प्रदायको अस्तित्व नै नरहे भाषा, र साहित्य, कला र संस्कृति, ज्ञान र विज्ञानको धारावाहिक प्रवाह नै सुक्तछ। ज्ञान-विज्ञानको बीच पूर्ववर्ती देवर्षि, महर्षि, राजर्षिहरूमा सुरक्षित रहेको र कल्पकल्पान्तरसम्म पनि अविनाशी भई अनुकूल देशकाल परिस्थितिमा स्फुरण हुने भन्ने सम्प्रदायका प्रवर्तकहरुले धारणा बनाएर सम्प्रदायलाई परम्परावादी अक्षुण्ण धाराप्रवाहित गर्ने परिपाटी बनाएका छन् झन् दर्शनको क्षेत्रमा त।

मध्व पनि वेदलाई अनादि मान्ने र उसको प्रामाण्यलाई शिरोधार्य गर्ने हुँदा वेदनिहित यस दर्शनका पहिला व्याख्याता वायु, तीपछि पवनपुत्र हनुमान्, उनीपछि वायुसुत भीमसेन र उनीपछि मध्वलाई तेस्रो वायवीय अवतारमा मान्दछन्। त्यसलाई यस श्लोकले पुष्टि गर्छ।

यस्य त्रीण्युदितानि वेदवचने दिव्यानि रूपाण्यलं
वट् तद्दर्शतमित्थमेव निहितं देवस्य भर्गो महत्।
वायो रामवचो नयं प्रथमकं पृक्षो द्वितीयं वपु-
र्मध्वो यत्तु तृतीयमेतदमुना ग्रन्थः कृतः केशवे।।

यसको भावार्थ यस्तो हुन्छ वेदवचनमा वायुका तीन अवतार भनिएका छन्।

वायुको मूलरूप बलात्मक ज्ञानपूर्ण उत्तम छ त्यहींबाट तीन अवतार पारी भगवान्ले आफ्नो कार्यसिद्ध गर्नुभयो। रामावतारमा वायु हनुमान्को अवतारमा अवतरित भई श्रीरामको वचन लगी, सीता भेटी रामकार्य सफल गरे। श्रीकृष्णावतारमा वायुपुत्र भीमले महाभारत-युद्धमा कौरव सखाप पारी भूभार हर्ने श्रीकृष्णको उद्देश्य पूर्ण पारे। वायुबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तृतीय अवतार लिएर मध्वाचार्यले भक्तिग्रन्थ निर्माण गरी केशवका चरणारविन्दमा सबैलाई प्रश्रय दिए। यसरी भगवद्दास्यमा हनुमान्पछि भीमसेन आएका र त्यसपछि मध्वको रूप देखा पर्छ।

यहाँ विचारणीय कुरा अर्को के उद्धृत छ भने महाभारत-ग्रन्थको नायक यस संप्रदायले भीमलाई नै मानेको देखिन्छ। अर्जुनलाई कसैले चरित्र-नायक नमानेको छैन। तर महाभारत-मीमांसा गर्दा यो संतुलन गर्न कम मुश्किल पर्दैन। तर, महाभारत-तात्पर्य-निर्णय गर्ने मध्वाचार्यले **"पृक्षो द्वितीयं वपुः"** भनेर **पृतं सेनां क्षिणोति इति पृक्षः"** भन्ने सिद्ध गरी त्यो कौरव-सेनाविनाशक श्रेय भीमलाई नै प्रदान गरेका छन्। हाम्रो नेपाली सम्प्रदायमा पनि पञ्चपाण्डवलाई एक रूपमा स्वीकारे पनि भीमको पूजा र भीमको देवमन्दिर समेत खडा गरी भीमसेनस्थानमा अद्यावधि पूजा-पाठ चलेकै छ र नेवारहरूले भीमलाई प्रायः घर-घरमा पनि पुज्ने गरेका नै देखिन्छ।

यो कुरा यहीं छाडेर अब द्वैत-सम्प्रदायका ग्रन्थकारका रूपमा हामी मध्वलाई पाउने भयौं। मध्वाचार्यले धेरै ग्रन्थ लेखेका छन्। तिनमा ब्रह्मसूत्रभाष्य, विष्णुतत्त्व-निर्णय, महाभारत-तात्पर्यनिर्णय आदि ग्रन्थहरू प्रमुख मानिन्छन्। मधु शब्दको अर्थ आनन्द र 'व' शब्दको अर्थ शास्त्र-पर्यायवाची तीर्थ भन्ने माने लगाएर मध्व भन्नु र आनन्दतीर्थ भन्नु एकै पर्यायवाची नाम हो भन्ने कुरा पनि गर्छन्। त्यति मात्र कहाँ हो र यिनलाई पूर्णप्रज्ञ, पूर्णबोध आदि नामले पनि पुकार्छन्। माध्वदर्शन-लाई मध्वाचार्यले पूर्ण-प्रज्ञदर्शन भनेर आफ्नो संग्रहमा लेखेका पनि छन् नाममा हामी धेरै नअलमलिएर यिनका जन्मस्थल र जन्मकाललाई यहाँ देखाउनु आवश्यक हुन्छ।

यिनको जन्म दक्षिण भारतमा उड्वीनामक प्रसिद्ध स्थानको आसपासमा भएको मानिन्छ। वि. सं० १२५६ सालमा यिनको जन्म र १३६० वि. सं. मा निधन भएको मानिन्छ। यस हिसाबले यिनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शतजीवी भएको गणित-सिद्धान्तले सिद्ध गर्छ। यो आनन्दतीर्थले भारतको प्रमुख तीर्थमा पर्यटन गरेर द्वैतमतको शास्त्रार्थ गरी प्रतिपादन गरे। साना ठूला गरी ३७ वटा ग्रन्थ यिनबाट निर्माण भए। वेदान्तको प्रस्थानत्रयीमा यिनको आफ्नो भाष्य छ। यिनले आफ्नो यस मतलाई ब्रह्मसूत्र-उपनिषत् र श्रीमद्भागवतबाट समर्थन गराएर वेदान्तको एक नयाँ परम्परामा आफ्नो सम्प्रदायलाई सुरक्षित राखे।

यिनको सम्प्रदायलाई बढी सशक्त र सक्षम बनाउने विद्वान्हरूमा जयतीर्थ चौधौं शतीका, व्यासतीर्थ पन्ध्रौं शतीका, रघूत्तमतीर्थ सोह्रौं शतीका र वनमालिमिश्र सत्रौं शतीका भए। यी आचार्यले पनि धेरै ग्रन्थ यसमा लेखे।

माध्वदर्शनमा संकलित पदार्थहरूलाई पदार्थसंग्रहबाट यहाँ छोट-करीमा उद्धृत गरिदिएमा पाठकलाई बुझ्न सजिलो पर्छ भनी उल्लेख गरिएको छ। यिनीहरू यसरी आफ्ना तत्त्वहरू मान्दछन्।

द्रव्य, गुण, कर्म, सामान्य, विशेष, विशिष्ट, अंशी, शक्ति, सादृश्य र अभाव दश पदार्थ हुन्। तर न्यायवैशेषिकले द्रव्यलाई नौ मानेका छन् भने यिनीहरूले द्रव्यके भेद पनि बीस मानेका छन्। यिनका गुण चौबीस नभई अनेक छन्। कर्म पनि तीन किसिमका आफ्नै खालका छन्। त्यसो हुँदा नामसादृश्यले मात्रै यहाँ भ्रम पर्न नजाओस् भनेर सबै यहाँ देखाउनु आवश्यक हुन गएको छ। दश पदार्थमध्ये पहिलो पदार्थ-द्रव्यको भेद यसरी गरिन्छ।

परमात्मा, लक्ष्मी, जीव, अव्याकृताकाश, प्रकृति, गुणत्रय, महत्तत्त्व, अहंकार-तत्त्व, बुद्धि, मन, इन्द्रिय, मात्रा, भूत, ब्रह्माण्ड, अविद्या, वर्ण, अन्धकार, वासना काल र प्रतिविम्ब गरी बीस ओटा छन्।

रूप, रस, गन्ध, स्पर्श, संख्या, परिणाम, संयोग, विभाग, परत्व अपरत्व, द्रवत्व, गुरुत्व, लघुत्व, मृदुत्व, काठिन्य, स्नेह, शब्द, बुद्धि, सुख, दुःख, इच्छा, द्वेष, प्रयत्न, धर्म, अधर्म, संस्कार, आलोक, शम, दम, कृपा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तितिक्षा, बल, भय, लज्जा, गाम्भीर्य, सौन्दय, धैर्य, स्थैर्य, शौर्य, औदार्य, सौभाग्य प्रभृति अनेक गुण छन् ।

विहित, निषिद्ध र उदासीनको भेदले कर्म तीन थरीका छन् । सामान्य नित्य र अनित्यका भेदले दुई छन् ।

भेदाभाव भएर पनि भेद-व्यवहारलाई निर्वाह गराउने विशेष पनि अनन्त नै मान्दछन् ।

विशेषण-सम्बन्धले विशेष्यको जुन आकार छ त्यही विशिष्ट पदार्थ भनिन्छ ।

अंशी भनेको हात-वित्ता आदि परिमित पटादि र आकाशादि पनि अनुभवसिद्ध तत्त्व हो ।

अचिन्त्यशक्ति, आधेयशक्ति, सहजशक्ति, र पदशक्तिका भेदले शक्ति चार तत्त्व छन् ।

एक निरूपित अपरवृत्तिसादृश्य लोकप्रसिद्ध पदार्थ हो यो दुईमा रहने कुरा भने होइन ।

प्रागभाव, प्रध्वंसाभाव, अन्योन्याभाव र अत्यन्ताभावका भेदले अभाव चार किसिमका हुन्छन् ।

अव्याकृत आकाशको नाम नै दिग् हो । यो सृष्टि र प्रलयमा पनि निर्विकार हुने हुँदा भूताकाशदेखि भिन्नै छ ।

विश्वको उपादानको नाम हो प्रकृति ।

सत्त्व रजः र तमनामक गुणका समुदाय नै गुणत्रय भनिन्छ ।

साक्षात् गुणत्रयको उपादानको नाम महत्तत्त्व हो ।

महत्तत्त्वबाट अहंकार-तत्त्व हुन्छ ।

तत्त्वरूप र ज्ञानरूपका भेदले बुद्धि दुई थरीको हुन्छ । तत्त्वरूप बुद्धि द्रव्य हुन्छ ।

मन पनि तत्त्वरूप र अर्कै थरीको एक भएर दुई हुन्छ । वैकारिक अहंकारबाट जायमान मन तत्त्व हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घ्राण, रसना, चक्षु, त्वग्, श्रोत्र, वाक् पाणि, पाद, पायु, उपस्थ आदि इन्द्रिय प्रसिद्ध नै छन् ।

शब्द-स्पर्श-रूप-रस-गन्धरूपी विषय नै मात्रा हुन् ।

ती पञ्चमात्राबाट क्रमले नै उत्पन्न भएका आकाश, वायु, तेज, जल, र पृथिवी पञ्चभूत हुन् ।

भौतिक ब्रह्माण्ड हो ।

मोह, महामोह, तामिस्र, अन्धतामिस्र र तमरूपी पाँचआँखले अविद्या हुन्छ । फेरि जीवाच्छादिका, परमाच्छादिका, शैवला र माया गरी चार थरीको पनि हुन्छ । सबै अविद्या चाहिं जीवाश्रित नै हुन्छन ।

अकार आदि एकाउन्न ओटा वर्ण हुन्छन् ।

भावरूप अन्धकार सर्वप्रसिद्ध नै छ ।

स्वाप्न पदार्थको उपादान भूत वासना हुन्छ ।

आयुको व्यवस्थापक काल हो ।

विम्बको अविनाभूत त्यही सरहको प्रतिविम्ब भनिन्छ ।

यसरी बीस किसिमका द्रव्यको यहाँ संक्षेपले उल्लेख गरियो ।

गुणको परिभाषा गर्नें हो भने त्यसको सामान्य रूप हुन्छ दोष-भिन्न भन्ने तर यहाँ हामीले अनेक गुणको नाम उल्लेख गरिसक्यौं । तीमध्ये रूप, रस, गन्ध, स्पर्श, संख्याहरूको स्वरूप र अवान्तर भेद प्रायः वैशेषिककै सरह भएकोले तिनका बारेमा केही नभनी तदतिरिक्त गुणका स्वरूप निर्धारित गरिन्छ ।

अणु, महान् र मध्यमका भेदले परिमाण तीन किसिमका हुन्छन् । दुइटाको संयोग एउटा होइन, भिन्न नै हो । घटनिरूपित पटमा र पटनिरूपित घटमा पनि रहने हुँदा त्यहाँ संयोगद्वय भन्नुपर्छ । हाम्रा मतमा संयोगज संयोग छैन ।

वेगको कारण भएको गुणलाई लघुत्व भनिन्छ ।

मृदुत्व भन्नु कमलो पन हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काठिन्य कठोरपनालाई भनिन्छ, यो पनि गुणान्तर नै हो । घन-अवयवसंयोग काठिन्य होइन ।

सम्बन्धिद्वयको प्रतीतविना पनि कठिन भन्ने प्रतीति हुन्छ ।

पाँचै महाभूतमा रहने गुण हो शब्द ।

बुद्धि ज्ञान हो ।

वेग, भावना, योग्यता, स्थिति स्थापक भेदले संस्कार चार छन ।

आलोक प्रकाश हो ।

बुद्धिको भगवन्निष्ठता शम ।

इन्द्रिय-निग्रह दम ।

क्रिया दया ।

सुख-दुःखादि द्वन्द्वसहिष्णुता तितिक्षा ।

अर्काको वास्तै नगरी काम गर्ने गुण वल ।

उदासीन कर्म चलनात्मक उत्क्षेपणादिक हुन् ।

ब्राह्मणत्व मनुष्यत्वादिक प्रतिव्यक्ति भिन्न र अनित्य, सामान्य हुन्छ । व्यक्तिसँगै जन्मन्छ र नाशिन्छ । व्यक्ति छँदैमा पनि निषिद्ध कर्म गरेमा ब्राह्मणत्व नाश हुन्छ र तपस्या आदि गरेर विश्वामित्रादिमा ब्राह्मणत्वको उत्पत्ति भएको पनि देखिएको छ । जीवत्वादि सामान्य भने जीव नित्य भएकाले नित्य नै रहन्छ । जाति र उपाधिका भेदले अझ सामान्यलाई दुई रूपमा बाँड्न सकिन्छ । ब्राह्मणत्व सामान्य जाति हो र सर्वज्ञत्व प्रमेयत्वादि सामान्य भने उपाधि रूपको हो । ईश्वर नित्य भएकाले ईश्वरनिहित सर्वज्ञत्व नित्य हुन्छ । घटपटादिमा प्रमेयत्व भने अनित्य हुन्छ ।

विशेष सर्वपदार्थ निष्ठ छ । नित्यगत-विशेष नित्य, अनित्यनिष्ठ-विशेष अनित्य मानिन्छन् । विशिष्ट पनि सर्वज्ञत्वादि विशेषणविशिष्ट परब्रह्मादिरूप नित्य दण्डादिविशेषण सम्बन्धले परिणत दण्डी आदि विशिष्ट रूप अनित्य छ । अंश भनेको अवयव हो । त्यसले युक्तलाई अंशी भनिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विभक्त गर्छन्—जीव र ईश्वरको भेद, जड र ईश्वरको भेद, जीव-जीवमै परस्परमा भेद, जड र जीवमा भेद, जड र जडमा नै पनि भेद। यसलाई यसरी श्लोकले पनि बताएको छ—

जीवेश्वरभिदा चैव जडेश्वरभिदा तथा ।
जीवभेदो मिथश्चैव जडजीवभिदा तथा ॥
मिथश्च जडभेदो यः प्रपञ्चो भेदपञ्चकः ।

यसरी खडा रहेका प्रपञ्चको भेदपञ्चक सत्य र अनादि पनि मान्छन्। सादि भए नाश हुन्थे। यी पाँच थरीका भेद नाश पनि हुँदैनन् र भ्रान्ति-कल्पित पनि होइनन्। भेद कल्पित भए पो हट्तथ्यो। द्वैत यसैले सिद्ध गर्छ। त्यसै हुँदा द्वैतविरोधीलाई अज्ञानी र द्वैतवादीलाई ज्ञानी भन्नुपर्छ। यो भगवत्-प्रज्ञाविषयी भूत र विष्णुबाटै त्राण पाएकोले परमेश्वर हरि नै मात्र शब्दले व्यवहृत हुन्छ। यही भावको शास्त्रीय वचनलाई प्रमाणका लागि उद्धृत गर्नु यहाँ आवश्यक पनि भएको छ। जस्तै—

सोऽयं सत्योऽप्यनादिश्च सादिश्चेन्नाशमाप्नुयात् ।
न च नाशं प्रयात्येष न चासौ भ्रान्तिकल्पितः ॥
कल्पितश्चेन्निवर्तेत न चासौ विनिवर्तते ।
द्वैतं नविद्यत इति तस्मादज्ञानिनां मतम् ॥
मतं हि ज्ञानिनामेतन्मितं त्रातं हि विष्णुना ।
तस्मात् मात्रमिति प्रोक्तं परमो हरिरेव तु ॥

यिनी श्रौत दार्शनिक भएकाले वैशेषिक झैं अनुमानलाई बढ्ता प्रामाण्य स्वीकारेर तार्किक पक्षलाई समर्थन गर्दैनन्। श्रुतिसम्मत प्रत्यक्षानुमानलाई यिनको प्रामाण्यले स्थान दिन्छ। यसमा कूर्मपुराणको यो वचन उल्लेख गरेर आफ्नो कुराको पुष्टि गर्छु। जस्तै—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रुतिसाहाय्यरहितमनुमानं न कुत्रचित् ।
निश्चयात् साधयेदर्थं प्रमाणन्तरमेव च ।।
श्रुतिस्मृतिसहार्यं यत्प्रामाण्यान्तरमुत्तमम् ।
प्रमाणपदवीं गच्छेन्नात्र कार्या विचारणा ।।

यसले मात्र होइन, वास्तवमा जुन कुरा आफ्ना प्रातिभज्ञानले ठम्याएर तत्तद्विषयका आचार्यले भन्दछन् ती कुरा नै लिखित या मौखिक परम्परावाट धारावाहिक रूपमा ज्ञान-ज्योतिको आलोक प्रसार गर्नें हुन्छन् । वाग्ज्योति ननिभोम् भनेर नै शास्त्रको निर्माण हुन्छ, त्यसलाई अक्षरत्व प्रदान गर्न अक्षरमा लिपिवद्ध गरेर वा श्रुतिवाट टिपेर कण्ठ पारेर भए पनि । यही नै पछिका लागि शास्त्र ठहरिन्छ । तत्तद् विषयका विषयवस्तु प्रतिपादन यसले नै गर्छ । त्यसै हुँदा—

ज्ञान र विज्ञान, साहित्य र संस्कृति. कला र भाषामा शास्त्रको प्रामाण्य स्वीकारिन्छ । मन, बुद्धि, चित्तको व्यवस्था गरी तुरीय अवस्थालाई माण्डूक्यले मानेझैं आइन्स्टीनले संगठित क्षेत्र-सिद्धान्त (Unified Field Theory)लाई मानी विज्ञानको क्षेत्रमा अभूतपूर्व मार्ग दिए । वास्तवमा, विज्ञानले आजसम्म विद्युत्-चुम्बकत्व औ गुरुत्वाकर्षणको व्याख्या गर्न सकेको छैन । हुन त तिनका प्रभावहरूलाई नापो लिन सकिन्छ तिनका सम्बन्धमा भविष्यवाणी पनि गर्न सकिन्छ । त्यस्तै रसलाई अनावरण चित् भनी रसगङ्गाधरले मानेको छ, संस्कृतिलाई पनि आ-आफ्ना ज्ञानको परिधिभित्र नै त्यस विषयका विद्वान्ले देशकाल-परिस्थिति-अनुरूप स्वीकारेका छन् । कला पनि वहुरङ्गी भइसक्यो । भाषा-समस्यालाई एक रूप अझ दिन नसकेर व्याकरण हैरान भइरहेछ । यसरी प्रत्येक विषयमा आफ्ना आचार्य छन् र तिनको ज्ञानले प्रतिपादित सिद्धान्तलाई शास्त्रको रूप दिएपछि गीताले भनेको यो कुरा सवैले मान्नु पर्छ झैं लाग्छ ।

तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्मकर्तुमिहार्हसि ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पटमा तन्तुका अंश छन् । आकाशमा पनि अनारम्भक अवयवहरू छन् नै ।

अनारम्भक अवयव नभएको भए आकाशमा यो आकाशका भागमा चरो उडेको छ अन्यत्र आकाशमा त्यो चरो छैन भन्ने व्यवस्था हुँदैनथ्यो ।

परमेश्वरमा सम्पूर्ण अचिन्त्य शक्ति रहन्छ । अन्यत्र यथाश्रय अवस्थित हुन्छ ।

प्रतिमा आदिमा प्रतिष्ठा गरे पनि हुने शक्ति आधेय-शक्ति हो ।

सहजशक्ति भन्नु वस्तुगत स्वभाव हो ।

वाच्यवाचकभाव-सम्बन्धलाई पदशक्ति भनिन्छ ।

जीवहरूको सादृश्य नित्य र घटादिको अनित्य हुन्छ सादृश्यहरू ।

धर्मीदेखि अतिरिक्त र धर्मिस्वरूपका भेद छन् अभावमा अन्योन्याभाव धर्मिस्वरूप हुन्छ अरू तीन भने धर्मीदेखि अतिरिक्त हुन्छन् ।

यसरी यिनका मतमा प्रतीयमान पदार्थ निरूपित गरेपछि अरूसँग रहेको मतभेद बुझ्न सजिलो पनि पर्छ । साथै पदार्थ-ज्ञान पनि यिनीहरूको हुन्छ ।

हामीले मध्वमतमा रहेका तत्त्वहरूलाई पदार्थ-संग्रहबाट संकलन गरेर प्रस्तुत गर्दा मध्वले कति वैशेषिकबाट र कति सांख्यबाट आफूलाई चाहिने तत्त्वहरू ग्रहण गरेको पाइन्छ भन्ने देखा पर्छ । त्यसो भए पनि यो मध्वमतलाई रामानुज-दर्शनको एक किसिमले प्रतितन्त्रसिद्धान्त भन्नुपर्छ झैं लाग्छ । सांख्यको योग झैं पनि रामानुज-दर्शनका जीवाणत्व, दासत्व, वेदापौरुषेयत्व तथा नित्यत्व, प्रमाणत्रित्व, पञ्चरात्रग्रन्थानुसरणत्व, प्रपञ्चभेद-सत्यत्व आदि सिद्धान्त स्वीकारेर त्यसमा आफ्नो मतका भेद थप-घट गरी यिनले माध्वदर्शनलाई नयाँ रूप दिएका छन् ।

द्वैतवादीमा सांख्य, वैशेषिक र माध्वलाई हामीले विभिन्न पक्षबाट अध्ययन गर्दा सांख्यको अनीश्वरवादको विपरीत यिनी ईश्वरमा भक्ति र प्राप्तिका अतिरिक्त दास्यभावले पनि समर्पित हुने हुँदा यिनको द्वैतवाद पूर्णतया भिन्न छ । वैशेषिकहरू घटादि वस्तुभन्दा अर्के

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घटादिवस्तु-धर्मलाई भेद भनेर मान्छन्। माध्वहरू भने घटादिवस्तुको स्वरूप, जो कम्बुग्रीवादिक छ त्यही नै भेद भनेर प्रमाणित गर्छन्। त्यसै हुँदा भेदवादी भनेर मात्रै पनि दुइटै दर्शनलाई एकै भन्न हुन्न। "पदार्थस्वरूपत्वाद्भेदस्य" भनेर विष्णुतत्त्व-निर्णयमा यो कुरा प्रतिपादन गरेको छ।

माध्वहरू अनुमान-प्रमाणले पनि भेद सिद्ध गर्छन्। परमेश्वर जीवभन्दा भिन्न छ। तिनका प्रतिसेव्यत्त्व रहनाले। जो जसप्रति सेव्य हुन्छ, त्यो त्यसभन्दा फरक हुन्छ। जस्तो नोकरभन्दा फरक मालिक हुन्छ। सेव्यसेवक-सम्बन्धमा भेद रहेन भने त्यहाँ सेवाभाव रहने कुरा पनि भएन। वैदिक युगमा रहेको स्वातन्त्र्य र अहंत्वलाई हामीले यहाँ आएर दासत्वमा कसरी परिणत भएको छ युगको भावनाकूल भएर भन्ने कुरा बिर्सन हुन्न। तत्त्वमसि, सोऽहम्, अयमात्मा ब्रह्म भन्ने यति गौरवपूर्ण आत्मोत्कर्ष अद्वैतवादको थाम्ने सक्षम बुद्धि-वैभव नै भएन र दर्शनमा सामजिक प्रभावले छाप पारेर दासानुदास हुने सिद्धान्तलाई प्रबल समर्थन मिल्न गयो। अनि उनीहरूले यस्तो विचार पोख्न थाले-

घातयन्ति हि राजानो राजाहमिति वादिनः।
ददत्यखिलमिष्टं च स्वगुणोत्कर्षवादिनाम्॥

यसरी सेव्य-सेवकमा रहने भेदलाई समयअनुरूप दर्शनको व्याख्या गरेर परमेश्वरसँग जीवको भेद सिद्ध गरी माध्वसम्प्रदायले दासत्वको महिमामा आफू कृतकृत्य भई यस्तो कुरा गरेको हो। रामानुजको मतमा भेद, अभेद र भेदाभेद तीनै थोक कुरा ठीक नै ठहरिन्छ। यस्तो तीनजिब्रे कुरामा पत्यार नगरी मध्वमत भेदवादी भई स्पष्ट भएर आफ्नो सिद्धान्त देखाउन सशक्त भएको हो। यसरी यिनको दर्शनको वैशिष्ट्य नै आफ्नै खालको भेदवाद या द्वैत-सिद्धान्त भनी विवेक गर्दा देखिन्छ।

मध्वले भेदवादमा नै आफ्नो सम्प्रदायलाई आश्रित गरेका छन्। यिनको भेद पाँच किसिमले स्वीकृति पाउँछ। मध्वहरू भेद-पञ्चक यसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसंगमा नाम-संकीर्तनको माहात्म्यलाई यसरी भागवतमा उल्लेख गरेको पाइन्छ—

सांकेत्यं पारिहास्यं वा स्तोभं हेलनमेव वा ।
वैकुण्ठनामग्रहणमशेषाघहरं विदुः । –५।२।१४ मा
अज्ञानादथवा ज्ञानादुत्तमश्लोकनाम यत् ।
संकीर्तितमघं पुंसो दहेदेधो यथानलः– –५ २।१८ मा
यथागदं वीर्यतममुपयुक्तं यदृच्छया ।
अजानतो प्यात्मगुणं कुर्यान्मन्त्रोप्युदाहृतः ।। –५।२।१९ मा

भनाइको तात्पर्यले भने जसरी भए पनि भगवान्को नाम लिएमा पाप नाश हुन्छ त्यहाँ गाली गरेर लेऊ या परिहास गरेर लेऊ यसको कुनै तात्पर्य छैन। ज्ञानले वा अज्ञानले नामसंकीर्तन गरे पुग्छ, पाप त्यसले अवश्य नै नाश हुन्छ। जस्तो वीर्यतम औषधिले मनपरी उपयोग गर्दैमा वा अजान भएर सेवा गरेमा आफ्नो गुण देखाउँछ त्यस्तै नाम-मन्त्र पनि उच्चारण गरेपछि उसले गर्नुपर्ने आफ्नो पाप नाश गराउँछ गराउँछ। यसरी नामसंकीर्तनलाई प्रमुखता दिने यस परम्पराले अद्यावधि हिन्दू-धर्मलाई जोगाउन र सामूहिक रूपमा भजन गर्ने परिपाटीबाट सत्मार्गमा लाग्न मनुष्यलाई प्रेरणा दिएको छ।

भजनको स्वरूपमा यिनले तन, मन, वचन तीनौटैलाई नै संलग्न गर्ने प्रक्रिया कायम गरेको पाइन्छ। भजन दश प्रकारका छन् ती यी हुन्–

शरीरले– दान, परित्राण र परिरक्षण।
मनले– दया, स्पृहा र श्रद्धा।
वचनले– सत्य, हित, प्रिय र स्वाध्याय।

मुख्य कुरा तनले गरिने दान, परित्राण र परिरक्षणलाई एक एक गरी निष्पन्न पारी नारायणमा समपर्ण गर्नुपर्छ। यसरी नै मन र वचनले पनि आफ्नो भजनात्मक प्रवृत्तिलाई परिष्कार गरेर भगवान्मा समर्पण गर्नपर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यही समर्पण नै भजनको अर्को परिभाषा हो ।

यस धर्मलाई यति व्यापकता दिने रहस्य, सरल, सुगम र सुबोध भाव नै हो भन्ने मेरो धारणा छ । प्रायः सजिलोपट्टि झुक्ने मनुष्यको प्रवृत्ति हुन्छ । यो सम्प्रदाय भक्ति-श्रद्धामै बढ्ता आधारित छ र आजको युग पनि यस्तै कुरालाई बढ्ता प्रश्रय दिन्छ । त्यसैले यो युगबोधलाई समातेर खडा भएको छ अत्युक्ति हुँदैन ।

यिनीहरूले माया शब्दले भगवान्‌को इच्छालाई स्वीकार्दछन् । त्यसो हुँदा जहाँ माया शब्दको प्रयोग हुन्छ त्यहाँ मायावादी श्री शङ्कराचार्यले गरेकै अर्थ हामीले गर्न पनि पर्दैन । हरिको रूप प्रज्ञप्ति र माया शब्द चाहिं इच्छापरक छ ।

महामायेत्यविद्येति नियतिर्मोहिनीति च ।
प्रकृतिर्वासनेत्येव तवेच्छानन्त कथ्यते ॥
प्रज्ञप्तिरूपो हि हरिः सा च स्वानन्दलक्षणा ।

मुक्ति पनि यिनीहरूले विष्णुको कृपा नभई नहुने भनी स्वीकारेका छन् ।

यस्य प्रसादात्परमार्तिरूपादस्मात् संसारान्मुच्यते नापरेण ।
नारायणोऽसौ परमो विचिन्त्यो मुमुक्षुभिः कर्मपाशादमुष्मात् ॥

यसरी नारायणलाई सर्वोत्कृष्ट रूपले स्वीकारेको छ ।

अन्त्यमा म माध्वदर्शनलाई त्यस बेलाको युगबोध बुझेर फैलदै गएको ठान्दछु । यसमा उत्कट रूपले जुन समर्पणात्मक बुद्धिको विकास भयो, त्यो यसको सेवात्मक भावनाको चरम सीमा हो। दास्य भावमा आएपछि साहित्य संस्कृति मात्र होइन दर्शन पनि तदनुरूप हुँदै जान्छ भन्ने कुरा त सर्वविदित नै छ । यसरी आजको युगमा विश्वव्याप्त हुन खोजेको हरिकीर्तनलाई जातिपाती व्यवस्थासँग उन्मुक्त गरेर माध्वदर्शनले हिन्दू-संस्कृतिलाई बढ्ता गतिशील बनाएको छ । यही ठूलो उपलब्धि यसमा पाइन्छ भन्नु अत्युक्ति नहोला ! सारा अरू कर्म कलाप समाप्त भएको बेलामा 'कलौ केशवकीर्तनम्' भन्ने यस युगानुकूल भावलाई प्रशंशा नगरी रहन सकिंदैन । अस्तु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्रको मामाण्य हरेक क्षेत्रमा स्वीकृत हुन्छ, त्यो आध्यक्षिक, तार्किक या श्रौत जुन परम्परामा होस् । दर्शनको बीज यही तीन कुराके आधारमा आश्रित छ भन्ने कुरा पनि भनिसकियो यसो भएपछि मध्वको शास्त्रलाई परिगणीन गर्नुपर्छ । सबै सबैका लागि शास्त्र पनि हुँदैनन् किनभने जसले वेदलाई अपौरुषेय मान्छ त्यसको लागि वेद शस्त्र हुन्छ. जसले वेदलाई नै पाखण्डीले बनाएको ठान्छ तिनलाई वेद पनि प्रमाण हुन्न । पूर्णप्रज्ञ-दर्शनले स्कन्दपुराणले भनिएका निम्नलिखित श्लोकमुताविक आफ्ना शास्त्रलाई यसरी उल्लेख गर्छन् -

ऋग्यजुः सामथर्वा च भारतं पाञ्चरात्रकम् ।
मूलरामायणं चैव शास्त्रमित्यभिधीयते ।।

मुख्य कुरा के भने आफ्ना आफ्ना सिद्धान्तका अनुकूल कुरालाई शास्त्र भनिण्छ । तद्विपरीत कुरालाई तत्तद् विषयका विद्वान्ले कुमार्ग भन्ने स्वीकार गरिन्छ । त्यही यसो भनेको पनि यहाँ उल्लेख गर्नु अनुचित होओइन ।

यच्चानुकूलमेतस्य तच्च शास्त्रं प्रकीर्तितम् ।
अतोऽन्यो ग्रन्थविस्तारो नैव शास्त्रं कुवर्त्मं तत् ।।

यति भन्नु नै विचार-स्वातन्त्र्य भएको कुरा पुष्टि गर्नु हो । आफ्ना विचार-विपरीत अरू ग्रन्थका विस्तार पनि रहेछन् भन्ने यही माथिका श्लोकले प्रमाणित गर्छ । यहाँ वेदान्त-दर्शनमा नै पनि यति अवान्तर विचार आए । "अथ स आत्मा तत्त्वमसि" वाक्यलाई "आत्मा अतत्त्वमसि" भनी पदच्छेद गरी बीचमा 'अ' थपी 'तिमी त्यो होइनौ, फरक छौ' भन्ने अर्थ पनि यिनले गर्न पाए ।

वेद त आस्तिकहरूको निम्ति सबभन्दा प्रामाण्य ग्रन्थ नै भयो । तथापि मध्व-सम्प्रदाम वैष्णवसम्प्रदाय भएकोले पाञ्चरात्र र विष्णु-पुराण आदिबाट बढी प्रभावित भएको देखिन्छ ।

अवतारवादलाई हामीले हेर्दा दुई सिद्धान्तमा आधारित पाउँछौं—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परित्राण गर्नु सज्जनको र दुष्टको निवाश गर्नु नै भन्दा अत्युक्ति हुँदैन। त्यसका अतिरिक्त अर्को एक कारण पनि छ धर्मसंस्थापन भन्ने । यसरी -

परित्राणाय साधूनां विनाशाय च दुष्कृतां ।
धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ।।

भन्ने कुराले भक्तलाई सेवाभावमा वडो आकर्षित गर्छ । त्यसैले यस वैष्णव-सम्प्रदायमा सेवाको माहात्म्य अवर्णनीय छ । सेवाको परिभाषा गर्दै- **"सा च सेवा- अङ्कन-नामकरण-भजनभेदात् त्रिविधा"** भनी मध्वाचार्यले व्यख्या गरे ।

धातुको शंख-चक्र वनाएर पोलेर रातो पारी आफ्ना वायाँ दायाँ वाहुमा डाम्नुलाई अंकन भन्दछन् । भगवान्को आयुधले डामिएर आफूलाई उनमा समर्पित भएको ठान्नु यस प्रथाको व्यवस्था हो। यो डाम्ने कुरा डाम्ने मन्त्र पनि तल क्रमशः प्रस्तुत गर्छु । अङ्कन गर्ने प्रमाण व्रह्माण्ड-पुराणमा पाइन्छ–

कृत्वा धातुमयीं मुद्रां तापयित्वा स्वकां तनुम् ।
चक्रादिचिह्नितां भूप धारयेद्वैष्णवो जनः ।।

डाम्ने ठाउँलाई लिएर आग्नेयपुराणको वचन यस्तो छ —

दक्षिणे तु करं विप्रो विभृयाच्च सुदर्शनम् ।
सव्येन शङ्खं विभृयादिति व्रह्मविदो विदुः ।।

डाम्दा भन्ने मन्त्र---

सुदर्शन महाज्वाल कोटिसूर्यसमप्रभ ।
अज्ञानान्धस्य मे नित्यं विष्णोर्मार्गं प्रदर्शय ।।
त्वं पुरा सागरोत्पन्नो विष्णुना विधृतः करे ।
नमितः सर्वदेवैश्च पाञ्चजन्य नमोस्तु ते ।।

नामकरण पनि एक सेवाको भाव देखाउने साधनको रूपमा आउँछ किनभने त्यसले सर्वदा भगवान्को नाम स्मरण हुन्छ। अजामिलको उद्धारको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निम्बार्क-दर्शन—श्रीकृष्ण-तत्त्व

वैष्णव-संप्रदायमा द्‌वैताद्‌वैतवादी दार्शनिक सिद्धान्त छ। यसलाई निम्बार्क-मत भनिन्छ। निम्बार्क यो यस संप्रदायका प्रमुख आचार्यको नाम हो। यिनलाई यस नामको अतिरिक्त अरू नामले पनि पुकारेको पाइन्छ। ती नाम यी हुन्— निम्बादित्य, निम्बभास्कर, नियमानन्द आदि। श्रीनिवासले आफ्नो लघुस्तवराजमा 'जय जयेङ्गितज्ञाता नियमानन्द आत्मवान्" भनेर नियमानन्द भनेका छन् भने उनै श्रीनिवासले वेदान्त-कौस्तुभमा निम्बभास्कर पनि भनेको पाइन्छ। सुन्दर भट्टले आफ्नो सिद्धान्त-सेतुमा "आद्याचार्यो भगवान् संप्रदायप्रवर्तको नियमानन्दाख्यो निम्बार्क परनामा।" भनी नियमानन्द नै निम्बार्क हुन् भनो खुट्टयाइदिएका छन्।

वास्तवमा यस संप्रदायका आद्य आचार्य यिनी नभई भगवान्‌को हंसावतारलाई मानिएको छ। सनकादि महर्षिहरूलाई निगूढ ब्रह्मतत्त्वको उपदेश गर्न भगवान् हंसरूप लिएर प्रादुर्भाव हुनुभयो। सनकादिले हंशबाट तत्त्वसाक्षात्कार गरे। नारद यस मतका प्रमुख देवर्षि हुन् र निम्बार्क नारदका शिष्य र भगवान्‌का सुदर्शन चक्रका अवतार हुन् भन्ने सांप्रदायिक मान्यता छ।

श्री निम्बार्क जयन्तीदेवीको गर्भबाट उत्पन्न भएका अरुण मुनिका औरस्पुत्र हुन् र यी तैलङ्ग ब्राह्मण थिए। आधा रातमा निम्ब-वृक्षमा अर्क (सूर्य) देखेकाले यिनलाई निम्बार्क भनिएको भन्ने कुरा यस मतका व्यक्ति-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरू ठान्दछन् । यिनका शिष्य श्रीनिवासलाई भगवान्को शङ्खको अवतार भनी भन्दथे । श्रीनिवास पछि देवाचार्य भए । यी भगवान्का पद्मावतार भन्ने प्रसिद्ध छ । श्री निम्बार्कले यो मत-प्रवर्तन गर्नें ब्रह्मसूत्रमाथि वेदान्त-परिजात-सौरभ भन्ने भाष्य रचे । श्रीनिवासले वेदान्त-परिजात-सौरभमाथि वेदान्त-कौस्तुभ नामको विस्तृत व्याख्या गरे । देवाचार्यले सिद्धान्त-जान्हवी नामक ब्रह्मसूत्र-व्याख्या रचना गरे । उनको त्यस ग्रन्थमाथि सुन्दर भट्टले सेतु नामको टीका गरे । सुन्दर भट्टपछि यस मतमा प्रधान-आचार्यका रूपमा काश्मीरी केशव भट्ट आए । यिनले प्रस्थानत्रयमाथि पाण्डित्यपूर्ण निवन्धको रचना गरे । यिनको प्रधानग्रन्थ वेदान्त-कौस्तुभमाथिको कौस्तुभ-प्रभा भन्ने टीका छ । क्रमदीपिका भन्ने बाल गोपालको तान्त्रिक पूजापद्धति पाइन्छ । त्यसका निर्माता पनि यिनै हुन् भनिन्छ । तर यो पुस्तक जम्बू काश्मीरबाट प्रकाशित छ र त्यसमा ग्रन्थकारको नाम भने दिइएको छैन । अन्तिम पटलमा एक श्लोक यस प्रकारको छ जसमा 'मया' भनिएको छ, नाम भने भनेको छैन, जस्तै —

जपपूजाहोमतर्पणमन्त्राभिषेकविनियोगानाम् ।
दीपिकेयं मयोद्भास्यते क्रमतः कृष्णमन्त्रगदितानाम् ।११३।

निम्बार्काचार्यको दशश्लोकी ग्रन्थमाथि श्री पुरुषोत्तमाचार्यले विस्तृत सिद्धान्त-प्रतिपादक वेदान्त-रत्न-मञ्जूषानामक ग्रन्थ लेखे । माधव-मुकुन्दाचार्यको परपक्ष-गिरिवज्रम् भन्ने अद्वैतमतको खण्डनात्मक ग्रन्थ पनि अध्येतव्य छ । निम्बार्कको श्रीकृष्णस्तवराज नामको २५ श्लोकको ग्रन्थमाथि पनि धेरै टीका भएका छन् । यसरी भेदाभेदवाद निम्बार्कद्वारा झन् भारतीय दर्शनमा प्रमुख रूपले प्रतिपादित भई विकसित भएको छ र यसले एउटा नयाँ संप्रदाय खडा गरेको छ ।

रामानुजको मतलाई श्रीसंप्रदाय, मध्व-मतलाई ब्रह्म-संप्रदाय भनेझैं निम्बार्कको मतलाई हंस-संप्रदाय भनिन्छ र वल्लभ-मत चाहिं रुद्र-संप्रदायमा गनिन्छ । वैष्णव-साधनामा रामानुजको विशिष्टाद्वैत, मध्वको द्वैत,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निम्बार्कको द्वैताद्वैत र वल्लभको शुद्धाद्वैत भनी विभेद गरिएको छ ।

श्रीहंसबाट ज्ञान प्राप्त गरी वासुदेव-परायण भएर चतुःसनक अर्थात् सनक, सनन्दन, सनातन र सनत्कुमारले ब्रह्माको सृष्टि-प्रक्रियामा संलग्न नभई हिँडेको वर्णन पाइन्छ । आदिराज पृथुलाई सनत्कुमारबाट दिएको तत्त्वोपदेशमा कृष्णभक्तिलाई नै प्रमुखत दिएको पाइन्छ भागवतमा । जस्तै—

भज वासुदेवम् (३९।२२।४ भागवत्)

तत्त्वं हरेर्भगवतोभजनीयमङ्घ्रि कृत्वोडुपं व्यसनमुत्तरदुस्तरार्णम् ।

(४०।२२।४ भगवत)।

अहिंसया पारमहंस्यचर्यया स्मृत्वा मुकुन्दाचरिताग्र्यसीधुना ।

(२४।२२।४ भागवत ।)

भागवतधर्मका र प्रेमाभक्तिका परम उपासकको रूपमा हामी देवर्षि नारदलाई यस मतले गुरु-रूपमा मानेको पाउँछौं भन्नु अत्युक्ति हुँदैन । भागवतधर्मको विश्लेषण गर्दा श्रीमद्भागवत ग्रन्थको निर्माण गराउने प्रमुख प्रेरकको रूपमा नारद देखिन्छन् । व्यासले श्रीमद्भागवत लेख्ता यस प्रक्रियालाई पुष्टि गरेका छन् । अनेक पुराण लेखेर पनि हृदय विह्वल भए-पछि व्यासले भागवत लेखी परमतृप्ति पाएका हुन । यस सन्दर्भमा यी श्लोकहरू मेरो कुरामा साक्षी हुन्छन्—

यमादिभिर्योगपथैः कामलोभहतो मुहुः ।
मुकुन्दसेवया यद्वत् तयात्माद्धा नशाम्यति ।। (३६।६।१भागवत)
एवं संभाष्य भगवान् नारदो वासवीसुतम् ।
आमन्त्र्य वीणा रणयन् ययौ यादृच्छिको मुनिः ।।

(३८।६।१ भागवत)

यसपछि भागवत निर्माण भएको छ । भागवतले प्रतिपाद्य धर्मलाई विचार गर्दा हामी भागवतके तलका दुई श्लोकलाई यहाँ उद्धृत गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सक्छौं । जस्तै –

अनर्थोपशमं साक्षात् भक्तियोगमधोक्षजे ।
लोकस्याजानतो विद्वांश्चक्रे सात्वत-संहिताम् ।।
(६।७।१ भागवत)

यस्य वै श्रूयमाणायां कृष्णे परमपूरुषे ।
भक्ति उत्पद्यते पुंसः शोकमोहभयापहा ।। (७।७।१ भागवत)

भागवतधर्मका परम ऋषिका रूपमा हामी नारदलाई पाउँछौं । कृष्णमाथिको प्रेमविह्वलता नै उद्दीपन गराउन रतिरागलाई रासलीलाले मुर्त्याएको छ । एक ठाउँमा हामी कति काव्यात्मक अनुभूतिले रसविन्दुको आस्वादन गर्छं भागवतमा पढन पाउँछौं । जस्तै –

एवं शशाङ्कांशुविराजितानिशा सा सत्यकामोऽनुरतावलागणः ।
सिषेव आत्मन्यवरुद्धसौरतः सर्वा शरत्काव्यकथारसाश्रयः ।।
(२६।३३।१० भागवत)

जव वैष्णव-संप्रदाय तान्त्रिक रूपमा आउँछ त्यसमा मन्त्रको वीज कामवीज 'क्लीं' नै पाइन्छ र 'क्लीं' कृष्ण हुन्छ मन्त्रको रूपमा । यसरी ऋषि हुन्छन् सवै मन्त्रका नारद नै । आवाल ब्रह्मचारी नारद कामात्मा कृष्णका मन्त्रद्रष्टा ऋषिका रूपमा हामी पाउँछौं । भागवतधर्मको प्रेमाभक्ति वाल गोपालपरक छ र मन्त्रमा ठाउँ-ठाउँमा वालवपुसे भन्ने विशेषण रहेको देखिन्छ ।

क्रमदीपिकाले ध्यानको स्वरूप निर्धारण गर्दा वाँसुरी वजाएको कृष्णको मनमोहक रूप नै प्रस्तुत गरेको छ –

आस्यारविन्दपरिपूरितवेणुरन्ध्र –
लोलत्कराङ्गुलिसमीरितदिव्यरागैः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शश्वद् द्रवीकृतविकृष्ट-समस्त जन्तु –
संतान-संततिमनन्त-सुखाम्बुराशिम् ।।

(१६।३ पटल) ।

यो वेणुनाद सुनेर गोपसुन्दरीको मनमा जुन रतिराग पैदा हुन्छ र उनीहरूको अवर्णनीय कामदशा देखिन्छ त्यसको मार्मिक वर्णनले यो पटल काव्यात्मक रूप लिन्छ । एक ठाउँको वर्णन नमूनाको रूपमा यहाँ लेख्ने लोभ संवरण गर्न सकिनँ । जस्तै –

दलित सकलमर्मविह्वलाङ्ग परिसृत दुःसहवेपथुव्यथानाम् ।।

(२६।३ क्र० दी०)

काम्य कर्मको निम्ति क्रमदीपिकाले ध्यान, पूजा, मन्त्र, जप आदिमा जुन विभिन्नता देखाएको छ ती सबै बालगोपालपरक नै छन् । जस्तै कहीं– "देवो दिव्यदिगम्बरो दिशतु नः सौख्यं यशोदाशिशुः ।" (६७) भन्छ भने कहीं– 'श्लिष्यन्तीं स्वयमन्यहस्तविलसत सौवर्णवेत्रश्चिरं पायात्" । (९१) भन्छ ।

यसरी धेरै ध्यान दिइएका छन् । कहीं नौनी लिएका, कहीं गाईले घेरिएका, कहीं पीङ खेल्न लागेका, कहीं गोपसँग दगुरेका आदि ध्यान पाइन्छन् । यस संप्रदायले श्रीकृष्णलाई परमतत्त्व मानेको छ र उनको रतिरागजन्य प्रेमाभक्तिलाई मूर्त रूप दिने राधालाई आराधना गरेको छ । आज पनि यस सम्प्रदायका मानिसहरूमा रतिरागलाई पवित्र मान्ने परम्परामा विकार आएको प्रशस्त देखिन्छ । आफूले प्रतिपादित गरेको श्रीकृष्णको व्यक्तित्वमाथि बढ्ता जुन कामवासनाको प्रभाव पारियो त्यसमा आफै तर्सेर वेदव्यासले जनमानसमा उठ्ने प्रश्न आफैले उठाएर परीक्षितको मुखबाट श्रीमद्भागवतमा भनाए –

स कथं धर्मसेतूनां वक्ता कर्ताभिरक्षिता ।
प्रतीपमाचरेद् ब्रह्मन् परदाराभिमर्शनम् ।। (२८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मसेतुका वक्ता कर्ता र अभिरक्षिता भएका तिनले कसरी ठीक धर्मको विपरीत भएको अर्काकी स्वास्नीमाथि हातपात गर्ने काम गरे भनेर सोधिएको छ। त्यसको समाधानमा कुनै स्वार्थ नराखी निरहंकारी भएर गरेको काममा उल्टो सुल्टो भन्ने कुरै छैन र तेजस्वी भएपछि कुनै दोषले छुँदैन भनेर भनियो।

कुशलाचरिते नैषामिह स्वार्थो न विद्यते
विपर्ययेण वानर्थो निरहंकारिणां प्रभो ।। (३३।३३।१०)
तेजीयसां न दोषाय वह्नेः सर्वभुजो यथा ।। (३०।३३।१०)

वास्तवमा प्रेमको एक रहस्यलाई ईश्वरार्पण बुद्धिले गर्ने प्रेरणाको यो अनुबन्धनभन्दा बढी केही होइन। वृन्दावनले आज पनि राधाका रूपमा नारीको यौन-स्वातन्त्र्यलाई समर्पणात्मक बुद्धिले पुष्टि गरिरहेछ। नारदको त्यो पवित्र प्रेमाभक्ति आज विकृत रूपमा यौन-उच्छृङ्खलताको घृणित कार्यमा परिणत हुँदै छ। जयदेवले राधा-माधवको प्रेमको रहस्यको विविध पक्षलाई उत्तेजित गरेर रतिरूपलाई काव्यात्मक अनुभूतिमा प्रकट गरे। साहित्यविधामा त्यो गीतिकाव्य रसानुभूतिको चरमविन्दुलाई छुन्छ। गीत-गोविन्दले धार्मिक लय लिएपछि यो सर्वव्यापी भएर देशकालका परिधिभित्र नअटाउने भयो। निम्बार्कको भेदाभेदवादले आफूमाथि प्रेमको देवताको अभेदत्व स्वीकार्ने भावना उद्दीप्त हुन जानु एक नयाँ धारणाको जन्म ठान्नुपर्छ।

कीर्तनले कलिमा जुन महत्त्व ओगटेको छ त्यो विश्वव्यापक रूपमा आनन्दप्रद धारणा गर्ने धर्म भएको छ। धर्मको विकसित र विकृत रूप-स्वरूप देख्ता देख्तै पनि धर्म नित्य छ भन्नेहरूलाई यस श्लोकको अर्थ ग लाउनुपर्छ झैं लाग्छ–

कृते यद् ध्यायतो विष्णुं त्रेतायां यजतो मखैः ।
द्वापरे परिचर्यायां कलौ तद्धरिकीर्तनात् ।। (५२।३।१२ भागवत)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कीर्तनको माहात्म्यलाई अझ यसरी स्पष्ट पार्छ भागवत-धर्मले—
कलेर्दोषनिधे राजन्नस्ति ह्येको महान् गुणः ।
कीर्तनादेव कृष्णस्य मुक्तसंगः परं व्रजेत् ।। (५१।३।१२ भागवत)

दर्शनले प्रतिपाद्य सिद्धान्तले व्यावहारिक रूप लिएर त्यसमा थपघट गर्छ । सजिलो र रसिलो कुरा सबैलाई चाखलाग्दो हुन्छ । बहुव्यय-साध्य र बहुज्ञानगम्य योग-प्रक्रियाले कीर्तनमा परिणत भएर आजको युगानुकूल हुनु र व्यापकत्व लिनु समाजको बाह्य प्रभावको परिणति हो ।

भक्तियोगलाई मुख्य ठानेर श्रीराधा-कृष्णलाई परमतत्त्व मान्ने निम्बार्क-सम्प्रदायको वास्तविक रहस्य नबुझी पात-पातमा बहकेर पाखण्डी-हरूले मनमानी स्वार्थसाधन र अज्ञानी समाजलाई कुबाटोमा डोरायको तथ्य पनि नभनी नहुने देखिन्छ । धर्मले समाजको धारणा गर्नुपर्छ । समाजलाई रसातलमा धकेल्ने धर्मको ध्येय हुँदैन भन्ने कुरा मैले ठम्याएको छु ।

दार्शनिक आदर्शलाई एकातिर पन्छाएर वास्तविक तत्त्वलाई बङ्ग्याएर स्वार्थ साधन सिपालु पाखण्डहरूले धर्ममा पछि ल्याएको विकृति-मा विश्वास किन यसरी जम्न गएको त भन्नेतर्फ अनुसन्धान र विश्लेषण गर्दा मैले त समाजका सदस्यहरूको अज्ञानता, अन्धविश्वास र स्वार्थ-परायणताभन्दा बढ्ता केही देखिनँ । यस्तो परम्परा धर्मका नाममा जहाँ पनि जहिले पनि हुन्छन् । तर वास्तविक कुरा समाजलाई बोध गराइएन भने ती अनर्थ आचार-विचार विस्फोट हुँदा धर्म नै क्षत-विक्षत हुन पुग्छ भन्ने मेरो धारणा छ । अब निम्बार्क-दर्शन के हो ? त्यसको दिग्दर्शन गरौं ।

भागवतधर्म भक्तिप्रधान छ, पाञ्चरात्रले भक्तिकै आधार लिएर दार्शनिक रूप दिन्छ । उपनिषद्ले प्रतिपादित उपासनालाई कसैले यही रूप दिएको कुनै अंशमा ठीक मान्नु उचित नै देखिन्छ । त्यसो भए तापनि भक्ति शब्दको वाच्यार्थ जुन चित्तको भावमय प्रकाश-विशेषता हो त्यही नै उपासना शब्दको अर्थ हो भनेर भन्न मिल्ला जस्तो लाग्दैन । दर्शन-शास्त्र-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मा मुक्तिको स्वरूप विभिन्न रूपले प्रतिपादित भए पनि आत्मज्ञानविना मुक्ति हुँदैन भन्ने कुरामा एकमत पाइन्छ। शाण्डिल्य र नारदले भक्तिसूत्र रचेका छन्। त्यहाँ नै भक्तिको विशेष निरूपण गरेको पाइन्छ। भक्ति नै मुक्तिको साक्षात् कारण कुनै ठाउँमा मानेको पाइन्छ। कहीं भने भक्तिलाई भक्तिको कारण ठानिएको छ। अर्थात् अपराभक्ति, पराभक्तिको साधक भनिएको छ। भक्तितत्त्व अतीव व्यापक भएर मतमतान्तर यसमा खडा भएको पाइन्छ। शक्तिग्रहणमूलक वैष्णव अद्‌वैत-आगम-भक्तिसाधना तथा रससाधनाको विरोधी छैन।

भगवान्‌को संकल्पको प्रभावबाट प्रसुप्त महाशक्ति प्रबुद्ध हुन्छ त्यही नै भगवान्‌को अनिर्वचनीय स्वातन्त्र्य हो। यो उनको स्वभाव हो। यस प्रबोधनकालमा लेश मात्र शक्तिको उन्मेष हुन्छ। शेष समग्र शक्ति अव्यक्त अवस्थामै रहेको हुन्छ। अभिव्यक्त शक्तिक्रिया र भूतिका रूपमा देखिन्छन्। क्रियाशक्ति निष्कल छ भने भूतिशक्ति सकल हुन्छ। क्रियाशक्ति नै सृष्टिकालमा प्रकृतिमा परिणाम-सामर्थ्य, कालमा कलन-सामर्थ्य र आत्मामा भोग-सामर्थ्यलाई सञ्चार गराउँछ। संहारकालमा सबैलाई समेटेर जिने सामर्थ्य पनि त्यसैमा रहन्छ।

शक्तिको विकास र संकोच पर्यायक्रमले निरन्तर भइरहन्छ। यसैले सृष्टिपछि प्रलय र प्रलयपछि सृष्टि स्वाभाविक नियमले हुने कुरा भनेर मानिएका हुन्। सृष्टि तीन प्रकारका छन्— शुद्ध, मिश्र र अशुद्धका भेदले। शुद्ध सृष्टिकै नामान्तर हो गुणोन्मेष-दशा— यस समयमा भगवान्‌का अप्राकृत छ गुण आविर्भाव हुन्छन्। यसैले निर्गुणावस्थामा पनि नित्य सगुण भनिएको हो भगवान्‌लाई। ज्ञान, ऐश्वर्य, भक्ति, बल, वीर्य र तेज यी भगवान्‌का षड्‌गुण हुन्। वैष्णवागमले भगवान्‌लाई षाड्‌गुण्यविग्रह अर्थात् छ गुणयुक्त शरीर भएका भनेर यसैले भनेको हो। भगवान्‌को सामर्थ्य अचिन्त्य छ। जगत् सृष्टि गरेर पनि उनी निर्विकार छन्। ज्ञानादि तीन गुण— विश्राम, भूमि र बलादि तीन श्रमभूमि मानिन्छन्। यी गुणका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समुदाय नै भगवान् औ लक्ष्मीको मूर्ति हो। वैकुण्ठनिवासी मुक्त आत्मा निरन्तर यही रूपको दर्शन गर्छन्।

• षाड्गुण्ययुक्त भगवान्लाई वैष्णव-संप्रदायमा वासुदेव नामले पुकारा गरिन्छ। वासुदेववाटै संकर्षण, प्रद्युम्न र अनिरुद्ध तीन व्यूहको आविर्भाव हुन्छ। यिनमा ज्ञान र वल संकर्षणमा, ऐश्वर्य र वीर्य प्रद्युम्नमा, शक्ति र तेज अनिरुद्धमा प्रधान रूपले प्रकाशित हुन्छन्। संकर्षणवाट समग्र विश्व प्रकट हुन्छ, अनन्त भुवनसमूहका आधार संकर्षण वलदेवका स्वरूप हुन्। प्रद्युम्नवाट पुरुष र प्रकृतिको भेद अभिव्यक्त हुन्छ। यिनैले ऐवर्श्य योगवाट मानव-सर्ग र विद्यासर्गको विस्तार गर्छन्। समष्टि पुरुष, मूल प्रकृति तथा सूक्ष्म कालको प्रकाश पनि यही व्यूहवाट निस्कन्छ। अनिरुद्धद्वारा व्यक्त जगत् स्थूल काल औ मिश्र सृष्टिको प्रादुर्भाव हुन्छ। आफ्नो शक्तिले सम्पूर्ण ब्रह्माण्ड तथा तदन्तर्गत विषयलाई अनिरुद्धवाटै नियन्त्रण गरिन्छ। व्यूहका क्रिया-कलापमा मतभेद छ।

भगवान्को शक्तिलाई लक्ष्मी या श्री भनेर मानिएको छ। वैष्णव-साधनामा लागेका साधकहरूलाई अवगत हुने नै कुरो हो यो। कुनै पाञ्चरात्र-ग्रन्थमा पराशक्तिको रूप यही भनिएको छ। कुनै ग्रन्थमा श्री र भू दुई शक्ति मानिन्छन्। कुनैमा फेरि श्रीभूलीला अथवा नील भन्ने नाम भनिएको छ। शक्तित्रयवादअनुसार श्री कल्याणवाचक इच्छाशक्तिस्वरूप हुन्छिन्। भू प्रभावद्योतक औ क्रिया-शक्तिस्वरूप र लीला चन्द्र-सूर्य अग्निमयी साक्षात् शक्तिस्वरूप हुन्।

अनि संक्षेपले पाञ्चरात्र-सम्प्रदायका व्यूह यथा शुद्ध सृष्टि-प्रणालीको विषयमा केही कुरा माथि गरिए। वैष्णव-सम्प्रदायमा शक्तिमान् र शक्तिलाई विष्णु र लक्ष्मीको रूपमा ग्रहण गरिन्छ। तर निम्बार्क-सम्प्रदाय-वाट राधाकृष्णलाई उपास्यका रूपमा प्रतिपादन गरेको देखिन्छ। श्रीसम्प्रदाय र रामानुजको झैं निम्बार्क-सम्प्रदायलाई हंस-सम्प्रदाय भनिन्छ। भगवान्को हंसावतारवाट सनकादि र नारदलाई ज्ञानोपदेश भएको र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यहींदेखि यस मतको प्रादुर्भाव भएको भन्ने धारणा छ । सनत्कुमार-संहिता राधाकृष्ण-तत्त्वको प्रतिपादक छ ।

भागवतधर्म भनेर हामी वैष्णव-संप्रदायलाई स्वीकार गर्छौं। तर श्रीमद्भागवतमा राधाको कुनै ठाउँमा उल्लेखसम्म छैन । 'निरस्त साम्यातिशयेन राधसा, स्वधामनि ब्रह्मणि रंस्यते नमः ।' यहाँ राधसा एक शब्द पाइन्छ यो पनि राधस् शब्दको तृतीयाको एक वचनको रूप हो । त्यसको अर्थ राधा होइन । समस्त भागवतमा यसका अतिरिक्त अर्को राधस् शब्दसम्म छैन । राधाको महिमाको वर्णन पढ्ने हो भने देवी-भागवतमा त्यसबारे विशद व्याख्या पाइन्छ । वैष्णवहरूले चाहेको मान्यता भने त्यस पुस्तकलाई दिएको छैन । निम्बार्काचार्यले भने आफ्नो रचनामा यसो भनेको पाइन्छ—

अङ्के तु वामे वृषभानुजां मुदा
विराजमानामनुरूप सौभगाम् ।
सखीसहस्रैः परिषेवितां सदा
स्मरेम देवीं सकलेष्टकामदाम् ॥५॥ (दशश्लोकी)

यहाँ जसरी आचार्यले शक्तिको रूपमा वृषभानुकी छोरी राधालाई मानौं त्यसरी नै शक्तिमान् परमात्म-तत्त्वको उल्लेख गर्दा भने—

व्यूहाङ्गिनं ब्रह्मपरं वरेण्यं
ध्यायेम कृष्णं कमलेक्षणम् हरिम् ॥४॥ (दश्लोकी)

यसरी राधा-कृष्ण-तत्त्वका परम उपासकमा निम्बार्काचार्यलाई प्रमुखता दिनुपर्छ । विष्णुस्वामी-मत र चैतन्यदेवका अनुयायी पनि राधा-कृष्णपन्थी नै भनेर मानिएको कुरा त्यही प्रसंगमा गरौंला । ऋक्-परिशिष्टमा पनि राधा-कृष्णमतलाई महत्ता प्रदान गरेको यस वाक्यबाट प्रमाणित हुन्छ —

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राधया माधवो देवो माधवेन च राधिका ।
विराजत इत्यादि. . . . . ।

(वेदान्त-रत्नमञ्जूषा, प्रथम कोष्ठः ।)

व्यसलाई त्रिमूर्तिको समन्वय गरी भगवान् भनेर जुन मान्यता हिन्दू-परम्पराले स्वीकृत गरेको छ त्यसको रहस्यभित्र विचार पुऱ्याएर खोजी गर्ने हो भने उनले निर्धारित श्रीकृष्णको व्यक्तित्व नै हो भन्नामा अत्युक्ति हुँदैन। भगवान् श्रीकृष्णको व्यक्तित्व मानवताको सर्वात्मता-परिपूर्ण स्वरूप हो भन्नुपर्छ । श्री कृष्णमा पाइने विशेषता कुनैमा नदेखेर नै "कृष्णस्तु भगवान् स्वयम्" भन्नुपरेको हुनुपर्छ । आजको साहित्यले त्यति पवित्र रतिरागलाई सर्वसम्मति प्रदान गर्न सकेको छैन, जुन रासलीलामा श्रीकृष्णको किशोर-अवस्थामा उद्भुत प्रेम-परायणताले प्रतिपादित गरेको छ । राधा-कृष्णको यमुनातीरको परिकेलि-रहस्यमै यो सम्प्रदाय मगनमस्त भएर प्रेमाभक्तिको चरमविन्दुमा तृप्ति पाउँछ । जयदेव महाकविले राधा-कृष्णको प्रेम-परायणतामा आफ्ना भावसर्वस्व अर्पण गरिदिएका छन् । साँच्चै भन्ने हो भने गीतगोविन्द काव्यले वैष्णव-संस्कृतिमा दिएको लीलावतारको महत्ताले अनिर्वचनीय रसास्वाद गराउँछ । राधालाई अभिसारिका वनाएर सखी भन्दछिन् त्यस महाकाव्यमा –

रतिसुखसारे गतमभिसारे मदनमनोहरवेशम् ।
न कुरु नितम्बिनि गमनविलम्बनमनुसर तं हृदयेशम् ।।१।।
धीरसमीरे यमुनातीरे वसति वने वनमाली ।
गोपीपीनपयोधरमर्दनचञ्चलकरयुगशाली ।।२।। (गीत-गोविन्द)

किशोरी राधाको विपरीत रति-वर्णन गर्दै कवि जयदेवले अनुभूतिलाई साक्षात्कार गरेर रसास्वादन गर्दै यी पंक्ति लिपिवद्ध गरे –

उरसि मुरारेरुपहितहारे घन इव तरलवलाके ।
तडिदिव पीते रतिविपरीते राजसि सुकृतविपाके ।।५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विगलितवसनं परिहृत रसनं घटय जघनमपिधानम्
किसलयशयने पङ्कजनयने निधिमिव हर्षनिधानम् ।।६।।
हरिरभिमानी रजनिरिदानीमियमपि याति विरामम् ।
कुरु मम वचनं सत्त्वररचनं पूरयमधुरिपुकामम् ।।७।।

(गीत-गोविन्द)

सखीको कामोत्तेजित गर्ने अभिसारिकाप्रतिको यस तुल्य कविता मैले त आजसम्म पढ्न पाएको छैन । किशोरी राधा र कृष्णको किशोरावस्थाको वृन्दावनको प्रेमको चरम उत्कर्ष नै यस वैष्णव-परम्परामा प्रेमाभक्तिका रूप लिन समर्थ भएको हो झैं लाग्छ । त्यसैले हामी यस परम्परामा एक सजीव मान्छेको मुटुभित्रको कामनाको प्यास मेटिएको पाउँछौं । यसको सौन्दर्यमय अभिव्यक्तिमा वामाचारको पञ्च-मकारले मुछिएको नग्न मैथुन-प्रक्रियाको घृणित स्वरूप छैन । जयदेवका शब्दमा भन्ने हो भने यहाँ कृष्ण मूर्तिमान् शृङ्गाररस नै भनेर उनले मानेका छन् यसरी –

शृङ्गार: सखि मूर्तिमान्निव मधौ मुग्धो हरि: क्रीडति ।।

(गीत-गोविन्द)

यो साहित्यसुधा पान गरेर हामी अघाउने होइनौं । यसले जति पियो उति तिर्खा बढाउँछ त्यसो हुँदा यस प्रसंगलाई यहीं रोकेर हामी अब राधाकृष्णको भक्तिमा अर्पित हुने यस निम्बार्कवादमा अरू वैष्णवमतको भन्दा भिन्नता के हो ? त्यसतर्फ विचार गरौं ।

निम्बार्कसम्मत चित्को रूप, अचित्को स्वरूप र ईश्वरको अस्तित्व रामानुजमतकै अनुरूप छ । यता राधाकृष्णको प्रेम-रहस्यमा यिनीहरू भावविभोर छन् भने उता यिनको दर्शनले पाउने अवलम्बन छ भगवान् श्रीकृष्णको मुखारविन्दबाट निस्केको उपनिषत्सार भगवत्गीता नै भन्नुपर्छ । तर सबै वेदान्त-दर्शनले गीता, उपनिषद् र ब्रह्मसूत्रलाई नै आधार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानेका छन् । तदनुरूप यिनको मतमा पनि यी तीन नै प्रमुख प्रस्थानत्रयी हुन् । यिनले यिनैलाई साक्षी राखेर भेदाभेदवाद स्थापना गरे । रामानुजको विशिष्टाद्वैतवाद छ । मध्व द्वैतवादी छन् । यिनी भने भेदाभेदवाद स्वीकार्छन् । विशिष्टाद्वैतत्व स्वीकारे पनि ब्रह्मको चेतन र अचेतन रूप हुँदा स्वभाववाटै भेद चेतन र अचेतनको पनि परस्परमा भेद स्वाभाविक नै छ भनेर रामानुजमतावलम्बीले भनेकै कुरा हुन् । भेद र अभेदलाई स्वाभाविक भनी स्वीकारेर फेरि विशिष्ट भनी मान्नु त गौरव कुरो हो । त्यसैले स्वाभाविक भेदाभेदपक्ष नै स्वीकार्नु लाघव हो भन्ने यिनको भनाइ छ ।

भनेको कुरा के भने – वेदान्त-शास्त्रमा धेरै थरीका वाक्य देखिन्छन् कुनै भेदपरक छन् कुनै अभेद-परक छन्, भने कुनै छन् भेद-निषेध सामान्यपरक ।

भेदपरक वाक्यहरू –

नित्यो नित्यानाम् ।

जहात्येनां भुक्तभोगामजोऽन्यः ।

पृथगात्मानं प्रेरितारं च मत्वा ।

अक्षरात्परतः परः ।

यद् भूतयोनिं प्रवदन्ति धीराः ।

एष योनिः सर्वस्य सर्वान् लोकानीशते ईशनीभिः

सर्वस्य शरणं सुहृद्

तमीश्वराणां परमं महेश्वरम् ।

स्वाभाविकी ज्ञानबलक्रिया च ।

अधिकन्तु भेद-व्यवदेशात् । २।१।१२ ब्र. सू.

विवक्षितगुणोपपत्तेश्च । १।२।२ ब्र. सू.

सर्वोपेता च सा तद्दर्शनात् २।१।१९ ब्र. सू.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अभेदपरक वाक्यहरू –

आत्मा वा इदमेक एवाग्र आसीत् ।

एको ह वै नारायण आसीत्

सदेव सोम्येदमग्र आसीत्

तत्त्वमसि ॥

अयमात्मा ब्रह्म ॥

आत्मैवेदं सर्वम् ॥

सर्वं खल्विदं ब्रह्म ॥

अहं ब्रह्मास्मि॥

भेद-निषेधपरक वाक्य –

"सर्वं तं परादाद्योऽन्यत्रात्मनः सर्वं वेद ॥"

सामान्य निषेधक वाक्यहरू –

अथात आदेशो नेति नेति

अस्थूलमनणु ॥

यी श्रुति र सूत्रहरूमा एकले अर्कोलाई बाँध्दछन् भनी बाध्य-बाधक-भावसम्बन्ध मात्र पनि हुन्छ, सबै आफ्ना ठाउँमा तुल्यबल छन् । सबै वाक्यहरूको स्वार्थ-प्रामाण्यसिद्धिका निमित्त ब्रह्मलाई भिन्नाभिन्न स्वीकार्नु वेदान्त-शास्त्रको अभिप्राय हो भन्ने सूत्रकारको आशय भएर नै उनले यस वेदविद्का सूत्र निर्माण गरेको बुझिन्छ ।

अंशो नानाव्यपदेशादन्यथा चापि

दाशकितवादित्वमधीयत एके (२।३।४३)

उभयव्यपदेशात्त्वहिकुण्डलवत् । (३।२।२७)

यसरी शास्त्रको समन्वयशीलता नै बुझेर भेदाभेद-सिद्धान्त मानेका हौं । भेदशास्त्रको प्रवृत्ति सम्भव भएकाले वेदान्त-शास्त्रलाई लिन्छ । वेदान्त-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चेतननिष्ठ स्वतन्त्र सत्त्वलाई लिंदा भेदनिषेधपरक शास्त्रको प्रवृत्ति रहेको हुन्छ । नेति नेति आदि सामान्य विषेध-वाक्यको भने ब्रह्मको सर्ववैलक्षण्य-ज्ञापन् गर्दा प्रवृत्ति रहेको मान्नुपर्छ । नेति नेति वाक्यले प्रपञ्चकै अभाव प्रतिपादन गरेको भने होइन । नेतिमा प्रयुक्त नञ् ले प्रकृत. स्थूल, सूक्ष्मादि धर्म झैं जड वस्तु तदवच्छिन्न जीववस्तु विलक्षण ब्रम्ह भन्ने ज्ञात हुन्छ । भगवान् सनत्सुजातले यही आशयलाई लिएर यसो भने -

तस्यैव नामादि विशेष रूपैरिदं जगद्भाति महानुभाव ।
निर्दिश्य सम्यक् प्रवदन्ति वेदास्तद्विश्ववैरूप्यमुदाहरन्ति ।।

दुवै थरी शास्त्रमा विरोध नहुनाले भेदाभेद नै शास्त्रको तात्पर्य हो एउटै सर्प गुँडुल्किएको वेलामा कुण्डल भएको देखिन्छ, लम्विएको वेलामा कुण्डली हुँदैन भनेर नै सुत्रकारले यसको दृष्टान्तलाई लिएर अहिकुण्डलवत् भनेका हुन् । यसको विशद अध्ययन गर्नेले अध्यासगिरि-वज्रको प्रथमाध्यायको स्वसिद्धान्त-निरूपण हेर्न अनुरोध गर्दछु । त्यसैले यस मतलाई द्वैताद्वैत सिद्धान्त भनेर मानेको हो ।

निम्बार्काचार्यभन्दा अघि पनि भेदाभेदवाद थियो । भास्कराचार्य यस मतका समर्थक थिए यी निम्बार्कभन्दा अगाडि नै । हुन त यो द्वैता-द्वैतसिद्धान्त मैले नै प्रतिपादन गरेको निम्बार्कले भनेको छैन । उनी आफूअघि वेदवाटै यसलाई प्रतिपादित सिद्धान्त र हंसावतारवाट यसको प्रचार नारद-सनकादिमा भएको भनेर स्वयं मान्दछन् ।

निम्बार्कले चित्, अचित् र ब्रह्म-भेदले तत्त्वको त्रैविध्यता प्रतिपादित गरे । चित्-तत्त्व नै जीवात्मा हो । जीव अणु र अनन्त छ, देहादि जड पदार्थसमूहभित्र नित्यज्ञाता अहंप्रतीतिको विषय एवं कर्तृत्व-सम्पन्न हुन्छ जीव । भगवान् श्री पुरुषोत्तम जीवमात्रको अन्तरात्मा हुन् । सारा जीव उनैका अधीन छन् । ईश्वर प्रेरक नियामक छन् । जीव उनैवाट प्रेर्यमाण नियम्य छ । यिनको जीव मुक्तावस्थामा पनि कर्ता हुन्छ । जीवात्माका साथ इन्द्रियहरूको स्वस्वामिभावसम्बन्ध रहन्छ, त्यसो हुँदा जीव भोक्ता र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समस्त विषयहरू भोग्य बन्दछन् । चैतन्यात्मक र ज्ञानाश्रय रूप भएर पनि ईश्वरबाट यी नियम्य छन् ईश्वर नियन्ता छ । मुक्तावस्थामा पनि यी ईश्वरका अधीन नै रहन्छन् यसैले जीव ईश्वरको सामु कदापि स्वतन्त्र हुँदैनन् । नित्य, बद्ध र मुक्त तीन प्रकारका जीव हुन्छन् । नित्य-जीव सर्वदा संसार-दुःख-विमुक्त हुन्छ । बद्धजीव देहादियुक्त दुःखानुभोक्ता हुन्छ । कर्म रूप अविद्या-बन्धन-विमुक्त जीवलाई मुक्त जीव भनिन्छ । सद्‌गुरु-कृपाद्वारा उपदिष्ट मार्ग अवलम्बन गरी भगवान्‌को अनुकम्पाबाट जीवले परामुक्ति-लाभ गर्छ र अर्चिरादि मार्गद्वारा वैकुण्ठधाम प्राप्त गर्छ ।

निम्बार्कले सबै शास्त्रार्थलाई संग्रह गरेर जुन दशश्लोकीको अन्त्य श्लोकमा निबद्ध गरिदिए त्यतैबाट छोटकरीमा यस मतको तत्त्वको संग्रह हुन्छ । त्यसमाथि वेदान्त-रत्नमञ्जूषा नामको टीका लेख्ने पुरुषोत्तमाचार्यको आधारमा यहाँ त्यस सिद्धान्तसाररूप श्लोकलाई व्याख्या गर्नु उपयुक्त ठान्छु ।

उपास्यरूपं तदुपासकस्य च
कृपाफलं भक्तिरसस्ततः परम् ।।
विरोधिनो रूपमथैतदाप्ते—
र्ज्ञेया इमेऽर्था अपि पञ्च साधुभिः ।।१०।।

अर्थात् पहिले उपास्यको रूप, त्यसपछि उपास्यको पनि स्वरूप, कृपाको फल, भक्तिरस र त्यसपछि विरोधीहरूको रूप यी पाँच कुरा सन्त-हरूले जान्नुपर्छ जसलाई उपासना गरिन्छ वास्तवमा उसको स्वरूप जानेन भने उपासना गर्नेले के भनेर र के ठानेर उपास्य मान्नु त्यस्तालाई । त्यसै हुँदा पहिले उपास्यको रूप जान्नुपर्छ । यस संप्रदायले उपास्यको रूपमा परमपुरुष भगवान् श्रीकृष्णलाई मानेको छ । पुरुषोत्तमको रूप कस्तो छ भने स्वाभाविक अचिन्त्य अनन्त अपरिमेय, यावत् आत्मवृत्ति सार्वज्ञादि वात्सल्य-कारुण्यसौशील्यादि कल्याणगुणाश्रयत्व, सर्वशरण्यत्व, जगज्जन्मादि-कारणत्व, शास्त्रयोनित्व, मोक्षप्रदातृत्व, मुक्तप्राप्यत्व, सर्वोपास्यत्व,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वनियन्तृत्व, विश्वात्मत्व, अतिशयसाम्यानर्हमहिमैश्वर्यत्व र अनन्त अनवद्य प्रकाशात्मक, निरतिशयमार्दव. यौवन-सौन्दर्यादि दिव्य गुण-निलय, योगिध्येय, दिव्यमङ्गल-शरीरधारित्व भन्ने। यसमा दिइएका एक एक विशेषण सबै सार्थक छन्।

त्यस्ता भगवान्का उपासक जीवात्म-समुदायको रूप पनि हामीले जान्नु अत्यावश्यक हुन्छ। जीवलाई देह-इन्द्रिय-मन-प्राण-बुद्धिभन्दा विलक्षण मानेका छन्। जीव ज्ञानको स्वरूप भएर पनि ज्ञानको आश्रय मान्छन् यिनीहरू। जीवको स्वरूप स्थिति प्रवृत्ति सबै भगवान्का अधीनमा रहन्छन्। प्रतिक्षेत्रमा भिन्न अण्डपरिमाण र भगवत्प्रपन्नत्व उपासकको स्वरूप हो।

भगवत्कृपाको फल हो मोक्ष। सबै कर्मको ध्वंस भएर समस्त निःशेष अविद्या-निवृत्तिरूप परिपूर्ण यावत् आत्मामा रहेको ब्रह्मस्वरूपादि-विषयक अनुभूति सन्तति नै यिनीहरूले स्वीकृत मुक्ति हो। त्यसलाई नै भगवान्को सायुज्यादि मुक्ति भनेर भनिन्छ। यसलाई पराशरले यसरी प्रतिपादन गरे—

> निरस्तातिशयाह्लाद-सुखभावैकलक्षणा।
> भेषजं भगवत्प्राप्तिरेकान्तात्यन्तिकी मता॥

धेरै दार्शनिकहरू दुःखको ऐकान्तिक र आत्यन्तिक निवृत्तिलाई मुक्ति मान्छन्। यिनी भने निरस्त अतिशय आह्लाद सुखभाव भएको भगवत्प्राप्ति जो ऐकान्तिक र आत्यन्तिक छ र दुःखसागरको महौषध छ त्यही मुक्ति भन्छन्।

भक्तिरस अर्को बुझ्नुपर्ने परतत्त्व हो। यहाँ भक्तेःरसः भनी विग्रह गर्दा प्रेमानन्द-फलरूप भक्ति भन्ने माने लाग्छ। पाञ्चरात्रमा पनि भनेको छ—

> मनोगतिरविच्छिन्ना हरिप्रेमपरिप्लुता।
> अभिसन्धिविनिर्मुक्ता भक्तिः विष्णुवशंकरी॥

अर्थात् अविच्छिन्न हरिको प्रेमले आप्लावित, अभिसन्धिरहित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मनको गति नै विष्णुलाई पनि वश पार्ने भक्तिको लक्षण हो। अथवा 'भक्त्या रम्यते अनुभूयते इति भक्तिरस:' भनी यस्तो यसको विग्रह गरी समास गर्ने हो भने श्री भगवान्‌लाई साक्षात्कारानुभव नै भक्ति भन्ने अर्थ आउँछ। श्रुतिले पनि भनेको छ 'भक्तिवशः पुरुषो भक्तिरेव भूयसी।' गीताले पनि भक्तिको महिमा गाएको छ- 'भक्त्यात्वनन्यया शक्य अहमेवं विधोऽर्जुन।' यहाँ भक्तिरस भनेर खालि भक्तिमात्र नलिई यसलाई उपलक्षण मात्र मान्नुपर्छ। यसले कर्म, ज्ञान, भक्ति, प्रपत्ति आदि सबैलाई सँगेट्छ। मोक्षतर्फ लाग्नलाई पनि भगवत्कृपा-कटाक्ष चाहिन्छ नै। ज्ञान-भक्ति भएका मनुष्यहरू भगवान्‌का अति प्रिय भएकाले प्रभुकै प्रसाद-जन्य साक्षात्कारले मोक्षभागी हुन्छन् भन्ने तात्पर्य छ यस मतमा। यसमा प्रमाणकोटिमा आउने वाक्यहरू धेरै छन् तीमध्ये केही यस प्रकार छन्—

यो मद्भक्तः स मे प्रियः।
शुभाशुभपरित्यागी भक्तिमान् मे प्रियोनरः।
क्षीयन्ते चास्यकर्माणि तस्मिन् दृष्टे परावरे। इत्यादि।

विरोधीहरूको रूपको वर्णन गर्दा कसको विरोधी भन्ने शङ्का नउठोन् भनेर पहिले भगवान् श्रीकृष्णचन्द्रको प्राप्तिमा विरोधी हुनेहरूको रूप भन्ने अर्थ गर्नुपर्छ भनी सचेत गराउनु आवश्यक हुन्छ। दुई प्रकारका विरोधी छन् सामान्य र विशेष भेदले गर्दा। यहाँ विशेषको उल्लेख गरिन्छ। आत्मस्वरूपको अन्यथाभाव दृढ भएकाले देह, इन्द्रिय, मन, बुद्धि. अनात्ममा आत्माको अध्यवसाय गर्नु नै स्व-स्वरूपज्ञानको विरोधी हुनु हो। विरोधीको रूप पनि जान्नुपर्छ। परमात्मा र गुरुको कृपाविना आत्मालाई अन्यपारतन्त्र्याभिमान हुन्छ। आत्मालाई भगवत्‌रूपमा ठान्न सक्तैन।

भगवान्‌ले साधुको परित्राण र दुष्टको दमन गर्न धारण गरिएका अवतारहरूमा मनुष्ययोनि, तिर्यक्योनि भन्ने भाव गर्नु, भगवान्‌का पूज्य शरीर भएका शालिग्राम-शिलादिहरूमा पाषाण-धातुमयत्व, अचेतनत्वादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाव, भगवान्का मन्त्रहरूलाई शब्दसामान्यभाव, भगवान्का पावन चरित्र-गाथालाई लौकिक कथातुल्य कल्पना, अनन्त अचिन्त्य गुणाकर परमात्मामा निर्गुणत्व, मायिक गुणवत्त्वादि भावना इत्यादि विपरीत भावना नै भगवत्-प्राप्तिका प्रतिबन्धक हुन्छन् ।

प्रजापति-स्मृतिले यही कुरा भन्छ —

नारायणं परित्यज्य हृदिस्थं प्रभुमीश्वरम् ।
योऽन्यमर्चयते देवं परबुद्ध्या स पापभाक् ॥

गीता पनि भन्छ—

अवजानन्ति मां मूढा मानुषिं तनुमाश्रितम् ।
परं भावमजानन्तो ममाव्ययमनुत्तमम् ॥

विरोधी कुरा यसका अतिरिक्त अरू पनि छन् । जस्तै धर्मादि विषयमा पुरुषार्थ-बुद्धिले त्यसलाई चाहना गर्नु, भगवान्को परिचर्यादि क्रियामा स्व-स्वातन्त्र्यभावना, शास्त्रविरुद्ध आचरणमा यथेष्ट प्रवृत्ति आदि पनि फलविरोधी भएकाले भगवत्प्राप्ति-बन्धक नै हुन्छन् । यहाँ पनि नैष्कर्म्य भाव भनेर फलत्यागलाई र शास्त्रविहित कर्मलाई नै बढ्ता जोड दिएको पाइन्छ । देहादिमा आत्मबुद्धि गरी धेरै जिउने चाहना, भागवत-हरूमा आफ्नो आभिजात्यादि अभिमानले बुद्धिपूर्वक अवज्ञादि अपराध गर्नु, दुष्टको सङ्गति गर्नु पनि सद्यःसाक्षात्-प्रतिबन्धक हुन् र नरकप्राप्तिका कारण पनि हुन् त्यसैले तिनलाई पनि परित्याग गर्नुपर्छ. जीवन-मरणप्रति निस्पृह हुनुपर्छ । भनेको पनि छ—

नाभिनन्देत मरणं नाभिनन्देत जीवितम् ।
कालमेव प्रतिक्षेत निर्वेशमृतको यथा ॥

शाण्डिल्यले विरोधी रूपलाई प्रस्ट्याएर छोटकरीमा देखाएका छन् यसरी—

मूर्खाश्च पण्डितम्मन्या अधर्मा धार्मिका इव ।
धर्मयुक्तान् प्रबाधन्ते साधूनां लिङ्गमाश्रिताः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सामान्य भूतविरोधी रूप हुन्– मर्यादा नाघ्नु, आफ्नो धर्म छाड्नु, कृतघ्न हुनु, आफ्नो विद्या-वीर्य-विक्रयी हुनु, जप-पाठपूजा नगरी खानपान गर्नु, आफ्ना मातापितालाई त्यागेर बरालिनु इत्यादि । यिनका प्रत्येकका प्रमाण यहाँ उल्लेख गर्दा लेख विस्तृत हुने भयले ती सबै वेदान्त-रत्नमञ्जूषामै सुरक्षित गरिएका छन् ।

यिनका चित् तत्त्वपछि अचित्-तत्त्वको विचार गर्दा तीन प्रकारका अचित्-पदार्थ पाइन्छन् । प्राकृत, अप्राकृत र काल । त्रिगुणको आश्रय भूत-जन्य प्राकृत भनिन्छ— प्राकृत, पदार्थ कारणरूपले नित्य र कार्यरूपले अनित्य छन् । प्रधान, माया, अव्यक्त आदि कारणावस्थामा नाम हुन् । महत्तत्त्वदेखि ब्रह्माण्डपर्यन्त विश्व भने कार्यावस्थाभित्रै पर्छन् । अचितको सत्ता भगवत्-सापेक्ष भएकोले स्वतन्त्र सत्तां तिनमा हुँदैन । प्रकृति कालाधीन छ र परिणामादि विकारशील छ । यो कर्मको क्षेत्र र परार्थक हुन्छ । सत्त्व, रज र तम यी तीन गुणले प्रकृति देह, इन्द्रिय, मन, बुद्धि आदि रूपमा परिणत भएर जीवलाई बन्धन गर्ने र मोक्षको बाधक हुन्छ । अचित्-तत्त्व अप्राकृत अंश विशुद्ध सत्त्व मानिन्छ । यो प्रकृति र कालदेखि अत्यन्त भिन्न कुरो । सूर्यको प्रकृति मण्डलदेखि बाहिर विराजमान हुन्छ । यसलाई नै नित्यविभूति, विष्णुपद, परमव्योम, परमपद आदि नामले पुकार्छन् । भगवान्को अनादि संकल्पद्वारा भगवान्को र भगवान्का भक्तको भोग्य-भोगोपकरण, औ स्थानका रूपमा वैविध्यता लिन्छ यसले । यहाँ कालको पनि कुनै प्रभाव पर्दैन भनेर मानेका छन् जस्तै— कलामुहूर्तादिमयश्च काल नयद्विभूतेः परिणामहेतुः । काललाई पनि अचेतन पदार्थ मानिएको छ । काल जगत्को नियामक मानेर पनि ईश्वराधीन भने मानिएको छ । काल अखण्ड रूप भएर पनि कालको कार्य औपाधिक छन् । स्वरूपले नित्य काल कार्यरूपमा अनित्य हुन्छ । नित्य औ विभु भएको काल भूत भविष्यात् आदि व्यवहारको असाधारण कारण हुन्छ । सृष्टि आदिको सहकारी र प्राकृत वस्तुमात्रको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नियामक भनेर यिनीहरूले मानेका छन् ।

परमात्मतत्त्वको निरूपण गर्दा हामी निम्बार्कके यस श्लोकलाई प्रमाणरूपले प्रस्तुत गर्छौं । श्लोक यस प्रकारको छ—

स्वभावतोऽपास्त समस्तदोष—
मशेषकल्याणगुणैकराशिम् ।
व्यूहाङ्गिनं ब्रह्म परं वरेण्यं
ध्यायेम कृष्णं कमलेक्षणं हरिम् ॥४॥ (दशश्लोकी ।)

स्वभावतः समस्त दोषरहित, अशेष अल्याणगुणका राशि, वरेण्य परब्रह्मरूप श्रीकृष्णलाई ध्यान गरौं । यसबाट हामी कृष्ण नै परब्रह्म मान्ने यिनको संप्रदायले क्षर र अक्षरबाट उत्कृष्ट भगवान् श्रीकृष्ण नै पुरुषोत्तम भन्ने कुरा गीताबाट प्रमाणित गरेको भन्छ । हुन पनि गीतामा यस्तो वचन पाउँछौं —

यस्मात् क्षरमतीतोऽहमक्षरादपि चोत्तमः
अतोऽस्मि लोके वेदे च प्रथितः पुरुषोत्तमः ॥

यहाँ ध्यायेम भनी निम्बार्काचार्यले ध्यै धातुको विध्यर्थक उत्तम पुरुषको प्रयोग गर्नाले जीवात्माको स्वाभाविक दास्यत्व स्वीकारेर ध्यानाश्रयत्व निश्चय गरेको पनि पुरुषोत्तमाचार्यले मञ्जूषामा व्याख्या गरेका छन् । इष्यमाण ज्ञानको ध्यानात्मकत्त्व त श्रुतिबाट पनि प्रतिपादित छ भन्ने उदाहरणमा— "आत्मा वाऽरे द्रष्टव्यः श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यः" यो श्रुति-वाक्य अघि सार्छन् । यहाँ दर्शनलाई उद्देश्य पारेर निदिध्यासनको विधान गरेको छ किंविषयक ध्यान भन्दा कृष्णविषयक ध्यान भन्ने तात्पर्य माथिको प्रसंगबाट स्पष्ट हुन्छ । समस्त दोष अपास्त भएका भन्नाले अविद्या, अस्मिता, राग, द्वेष र अभिनिवेशरूपी पाँचआँख्ले दोष नभएका भनी परतत्त्वको स्वरूप परिचय गराइन्छ । जन्म, अस्तित्व, वृद्धि, परिणाम, अपक्षय, मरण यी छ भावविकार हुन्, यिनीहरू पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परमेश्वरमा रहँदैनन् । यसरी निर्गुण, निष्कल, शान्त, निरवद्य, निरञ्जन छन् तापनि उनमा निर्विशेषत्व भने छैन । उनी अशेष गुणकै राशि छन् । भगवान्मा रहेका गुणहरू हुन्— ज्ञान, शक्ति, बल, ऐश्वर्य, तेज, वीर्य, सौशील्य, वात्सल्य, आर्जव, सौहार्द, सर्वशरण्यत्व, सौम्य, करुणा, स्थिरता, धैर्य, दया, माधुर्य्य, मार्दव आदि । ज्ञान भनेको र सर्व-देशकाल-वस्तुविषयक प्रत्यक्ष अनुभवलाई लिइन्छ । शक्तिको अर्थ हो अघटघटनापटीय स्वरूप-सामर्थ्य । बलको माने विश्वधारण-शक्तिलाई मान्नुपर्छ । ऐश्वर्य भनेर नियमनशक्ति मानिएको छ । श्रमका कारण अपरिमित भएर पनि श्रम-शून्यतालाई तेज भनिन्छ । वीर्यको अर्थ अरूबाट पराजित नभई सबैलाई पराभिभवन-सामर्थ्य हुनु हो । यी छ गुण जगत्को सृष्ट्यादि उपकारक भगवान्मा रहने गुण हुन् ।

जाति धर्म आदिको महत्त्वलाई वास्ता नराखी अतिमन्दहरूले विना छलकपट आलिङ्गन गरिने हुनु सुशीलत्व-गुण हो । भृत्यको दोषहरूको कुनै ख्याल नगर्नु वात्सल्य-गुण हो । आफ्ना शरण परेकाको दुःख खप्न नसक्नु मार्दव गुण मानिन्छ । तन-मन-वचनले समत्व हुनु आर्जव-गुण हो । आत्मशक्तिलाई अतिक्रमण गरेर पराईको रक्षामा उद्यत हुनु सौहार्द भनिन्छ । परदोष नाश गर्ने स्वभाव कारुण्य भनिन्छ । कुनै कारणविना परदुःख-दुःखी भएर त्यसलाई हटाउने चाहनालाई दया भन्छन् । यी भगवान्मा रहेका सौशील्यादि गुण शरणागत भक्तको रक्षाका खातिर उपयोगी हुन्छन् । हामीले माथि गरिएका गुणको अर्थ शास्त्र-सम्मत छन् । शास्त्र पनि भन्छ–

"परास्य शक्तिर्विविधैव श्रूयते स्वाभाविकी ज्ञानबलक्रिया च ।"

व्यूहाङ्गी भनेर यहाँ व्यूह, अवतार, अङ्गहरू सबै लिनुपर्छ । भगवान्लाई श्रुतिले सर्वनामा, सर्वकर्मा, सर्वलिङ्ग, सर्वगुण, सर्वकाम, सर्वरूप भनेर प्रतिपादित गरेको पाइन्छ । सबै वैष्णव-सम्प्रदायमा व्यूहको एकै रूप हुन्छ । वासुदेव, संकर्षण, प्रद्युम्न र अनिरुद्धका भेदले यिनको पनि चार रूप नै छ । तर यिनले कृष्णलाई नै परब्रह्म मानेका छन् । गीतामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि यही कुराको पुष्टि गरिएको पाइन्छ । जस्तै—

मत्तः परतरं नान्यत् किञ्चिदस्ति धनंजय ।
मयि सर्वमिदं प्रोतं सूत्रे मणिगणा इव ।।

व्यूहको आवश्यकतामाथि संकेत गरेर भनिएको छ—

व्यूहात्मानं चतुर्धा वै वासुदेवादि-मूर्तिभिः
सृष्टचादीनि करोत्येष विश्वात्मा जनार्दनः ।।

केशवादि द्वादश व्यूहमूर्तिहरू पनि छन् । अवतारवादको विषयमा विचार गर्दा अवतारवादको सिद्धान्त स्वेच्छाले धर्म-संस्थापन र अधर्मोपशमनका साथै भक्तको इच्छापूर्ति गर्न थरी-थरीका शरीर लिएर आविर्भाव हुनु हो । ती अवतारको तीन भेद छन्– गुणावतार, पुरुषावतार र लीलावतार । गुण-नियन्तृत्वले तदभिमानिदेव-कालहरूबाट सृष्टिस्थिति-संहार गर्नेलाई गुणावतार भन्दछन् । जस्तै– रजोगुण नियामक भई रजोमात्रोपाधिक तद्गुणाभिमानी चतुर्मुख, कालदक्ष आदिद्वारा जगत्को स्रष्टा, सत्त्वनियन्ता आफै सत्त्वमात्र उपहित भई कालमन्वादिद्वारा पालक र रक्षक, तमोगुण-नियामक तदभिमानी रुद्र कालादिद्वारा संहारकर्ता । यी भए गुणावतार । महत् स्रष्टृ प्रकृति-नियन्ता, कारणार्णवशायी प्रथम पुरुषावतार भनिन्छ । गर्भोदरशायी समष्टयन्तर्यामी द्वितीय पुरुषावतार र क्षीरोदशायी व्यष्टयन्तर्यामीलाई तृतीय पुरुषावतार भन्दछन् । यसमा प्रमाण प्रस्तुत गरेको यस किसिमको छ—

प्रथमं तु महत्स्रष्टृ द्वितीयं त्वण्डसंस्थितम् ।
तृतीयं सर्वभूतस्थं तानि ज्ञात्वा विमुच्यते ।।

लीलावतारको भेद दुई छन्– आवेशावतार र स्वरूपावतारका भेदले स्वांशावेश र सक्त्यंशावेशले आवेशावतारको फेरि दुई विभेद खडा गरिएको छ । जीवनको व्यवधान नभई साक्षात्स्वको अंशले प्राकृत विग्रहमा आवेश हुनु जस्तो– नरनारायणादिरूप । शक्तिको अंशले जीवादि व्यवहित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भई कार्यमा स्वरूपमा प्रकट हुनु शक्त्यांशावेश-अवतार भनिन्छ। त्यो पनि तारतम्य-भेदले प्रभव र विभव दुई भनेर विभक्त गरिएको छ जस्तो– पहिलो धन्वन्तरि, परशुराम, दोस्रो कपिल, ऋषभ, चतुःसन, नारद व्यासादि हुन्। स्वरूपावतार भनेको चाहिं स्वरूपले सच्चिदानन्दात्मक भई आविर्भाव हुनु। त्यसमा अंशरूप मत्स्य, कूर्म, वराह, वामन, हयग्रीव, हंसादिरूप र पूर्ण रूपमा श्रीनृसिंह, दाशरथि राम र भगवान् श्रीकृष्ण भनिन्छ। यसरी अवतारको स्वरूप र सिद्धान्तलाई शास्त्रानुरूप यहाँ उल्लेख गरियो।

परब्रह्म श्री पुरुषोत्तम नै हुन् भनी मानेर, त्यस ब्रह्मतत्त्व चाहिँ यस जगत्को अभिन्ननिमित्तोपादान भनेर यिनले एक नयाँ दृष्टि राखेका छन्। अभिन्ननिमित्तोपादान रूप कहीं पनि केही फेला पर्दैन भन्ने कुरामा यिनले घट र ईश्वरको संयोग र जीवगत ज्ञानादि कार्यमा ईश्वर र जीवको अभिन्न निमित्तोपादन रूप कारण देखिनाले निमित्त-कारण सदा भिन्न रहन्छ कार्यभन्दा भन्ने धारणा ठीक होइन। अब यही हेतुद्वारा हामी कस्तो अनुमान गर्छौं भने ब्रह्म जगत्‌देखि अभिन्न निमित्तोपादान हुनुपर्छ, त्यस विभिन्नको शक्ति भएकोले, जीवगत ज्ञानमा जीव झैं र घटेश्वर संयोगमा ईश्वर झैं। यस्तो जगत् रूप कार्य सदा सत् नै हुनुपर्छ। जगत्लाई संघात रूप मान्ने, जगत्को नयाँ प्रारम्भ भन्ने, जगत्लाई अध्यास ठान्ने इत्यादि सबै कुरा सर्वथा अंशगत हुन्।

अध्यासवाद खण्डन गर्न श्री माधवमुकुन्दचरणले अध्यासगिरिवज्रम् भन्ने ग्रन्थको निर्माण गरेको छ। वास्तवमा निम्बार्कको मत अद्वैतवादी र द्वैतवादी दुवैसँग मेल नखाने हुँदा आफ्नै संप्रदायका रामानुज र मध्वसँग यिनको सिद्धान्तले सामञ्जस्य राख्तैन। यिनले भेदाभेद वा द्वैताद्वैतवाद लिएर दुवैतिरको समन्वय गरेका छन्। शास्त्रका परस्परविरोधी वाक्यलाई मेल खुवाउन मात्र यसो गरेको भन्ने ठान्नु हाम्रो भूल हुनेछ। ब्रह्म त श्रीकृष्णतत्त्व नै भयो, उनको अचिन्त्य अपरिमेय शक्ति मानेपछि हाम्रो देह झैं भगवान्को विग्रह हुनुपर्ने कुनै आवश्यकता रहँदैन। इच्छामात्रले देहको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संगठन हुन्छ र नित्यसिद्ध देह निर्विकार हुने हुँदा जन्य हुँदैन। उनको श्रीविग्रहमा इन्द्रियादि कल्पना गर्नु अनावश्यक छ किनभने सर्वशक्तिमान् एकरस मानेपछि त्यस्ता कुराको दरकार पर्दैन।

निम्बार्क-मतमा ब्रह्म चित् र अचित्‌देखि नित्य विलक्षण भएकोले र चित् औ अचित् दुवै तत्त्व सदा ब्रह्मात्मक पनि भएको हुँदा यहाँ यिनको सिद्धान्तले अर्को रूप लिएको हुनुपर्छ। अणु र अल्पज्ञ जीव वृद्धावस्थामा पनि व्यापक, अच्युत, सर्वज्ञ ब्रह्मतत्त्वदेखि भिन्न भएर पनि ब्रह्मको अंश भएको हैसियतले ब्रह्मभन्दा अभिन्न छ। वृक्षदेखि पत्र, प्रदीपदेखि प्रभा, प्राणबाट इन्द्रिय पृथक् रूपले रहन र कार्य गर्न सक्तैनन् र तीनलाई तीदेखि अभिन्न नै मान्नुपर्छ। फेरि पत्र नै वृक्ष होइन, प्रभा नै प्रदीप होइन। इन्द्रिय नै प्राण होइनन् यो पनि मान्नैपर्छ। मुक्तावस्थामा अभेद भएर पनि जीवमा भेद रहेको छ। वास्तवमा परस्पर-भेद रहेन भने दुवैको स्वरूपहानि हुन्छ। परमात्मालाई यिनले जीवका स्वांशी र जीवहरू उनका आफ्नै अंश मानेर अंशांशिभाव-सम्बन्ध कायम गरे। ब्रह्म र जीवमा स्वाभाविक विभाग स्वरूपगत कायम छ त्यसो भने पनि अघि भनेझैं विभाग-सहिष्णु स्वाभाविक अविभाग पनि रहेको छ भन्नुपर्छ। यति मात्र कहाँ हो र यिनीहरू जड जगत्‌को पनि ब्रह्मसँग स्वरूपगत अविभाग मान्छन्। विभाग सहिष्णु अविभागले गर्दा भेद र अभेद दुवै यहाँ भन्नु परस्परविरोधी कुरा भएनन्।

ब्रह्मलाई जगत्‌को उपादान र निमित्त दुवै मानेपछि कर्ता र कर्म अर्थात् कृतिमान् र कृति मानेपछि अघि भनेको अभिन्न निमित्तोपादान भन्नुमा कुनै विरोधोक्ति भएन। स्वाभाविक सूक्ष्मावस्थापन्न शक्ति तथा सद्रूप कार्यलाई स्थूल रूपमा प्रकट गर्दा उपादान कारण र स्वकृत कर्मफल जीवलाई जुटाइदिंदा निमित्त कारण पनि हुनुमा विरोध छैन। यिनीहरू सत्कार्यवादी भए पनि यिनको परिणामवाद सांख्यको झैं होइन। सांख्यले स्वतन्त्र प्रकृतिको स्वरूप-परिणाम मानेर ईश्वरकै अस्तित्व मान्दैन। यहाँ भने ब्रह्मले स्वात्मक स्वाधिष्ठित निज शक्तिलाई विक्षिप्त गरी जगत्‌को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आकारमा आफ्नो आत्मालाई परिणत गर्ने कुरो छ। हामीले ब्रह्ममा अनन्त शक्तिको मूल स्रोत निहित रहेको मानेका छौं। त्यसै हुनाले यो परिणाम स्वरूप-परिणाम सांख्यको जस्तो नभएर शक्ति-विक्षेपात्मक परिणाम मान्नु-परेको छ। यस किसिमको परिणाममा स्वरूपको प्रच्युति नभएर पनि कार्यको उत्पत्ति हुन्छ। जस्तो आकाशबाट शब्दको, ऊर्णनाभि (माकुरा) बाट तन्तु (जालो) को, मनबाट कामादिको, समुद्रबाट तरङ्गको इत्यादि उत्पत्ति शक्ति-विक्षेप-रूप-परिणामका स्थूल दृष्टान्त हुन्। वास्तवमा यसले वैज्ञानिक नयाँ आलोक ल्याउँछ। निर्विकार भएर पनि जगत्को उत्पत्ति आदि कार्य गर्नु नै ब्रह्मगत वैशिष्टय भन्नुपर्छ। अद्वैतवादीले कार्यमात्रलाई भ्रमकल्पित भनी विवर्तवाद मानेका छन्। यसो भन्दा त कुनै पनि ज्ञानको सम्भावना रहने भएन किनभने भ्रान्तिविषयक ज्ञान पनि भ्रमात्मक नै हुन्छ। वेद पनि प्रामाण्य कोटिमा पर्ने भएन। विवर्तवादमा एक विज्ञानले सर्वविज्ञान हुने दृष्टान्त पाउने कुनै बाटै रहँदैन। रज्जुको ज्ञानले सर्वज्ञान त सम्भवै छैन। कार्य-जगत्लाई ब्रह्मको विवर्त नै मानेर सत्यरूप स्वीकारे पनि अद्वैतवादमा शैथिल्य आउँछ। निम्बार्कले केवल अद्वैत केवल द्वैत दुवै वादको खण्डन गरेर द्वैताद्वैत-वादको स्थापना गरे। यिनले जीवको बद्धावस्थामा झैं मुक्तावस्थामा पनि भेदाभेद स्वाभाविक छ भनी सिद्ध गरेका छन्।

सृष्टिक्रम अक्षरपछि महत्त्वमूलक मानिएको छ, पराशरले यस प्रक्रियालाई यसरी व्याख्यान गरेको छ—

प्रधानं पुरुषं चैव प्रविश्यात्मेच्छया हरिः
क्षोभयामास संप्राप्ते सर्गकाले व्ययाऽव्ययौ।
स एव क्षोभको ब्रह्मन् क्षोभ्यश्च परमेश्वरः।।
स संकोच-विकासाभ्यां प्रधानत्वेपि च स्थितः।।
गुणसाम्यात् ततस्तमात् क्षेत्रज्ञाधिष्ठितान्मुने।
गुणव्यञ्जन-संभूतः सर्गकाले द्विजोत्तम। इत्यादि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ भगवान्ले प्रधान र पुरुषमा पसेर स्वेच्छापूर्वक उनले क्षुब्ध गरे भनेको छ। त्यहाँको क्षोभ शब्दको अर्थ शक्तिको विक्षेप भनेर मान्नुपर्छ। यसको विशद वर्णन वेदान्त-रत्नमञ्जूषामा दिएको छ। यिनीहरूले ब्रह्माण्डलाई कपित्थफलाकार अर्थात् कैथको फल जस्तो मानेका छन्। चतुर्दश भुवनको परिगणन हामी आरण्य-श्रुतिमा पनि पाउँछौं। जस्तै–

भूर्लोकभुवर्लोकस्वर्लोकमहर्लोकजनलोकतपोलोकसत्यलोकं
चातलपातालवितलसुतलतलातलरसातलमहातलं
ब्रह्माण्डं च विसर्जयेति।

लेख विस्तृत हुने डरले यो कुरा यहीं संक्षेप गरी विस्तृत हेर्न चाहनेले आकर-ग्रन्थ पढ्ने अनुरोध गर्छ। निम्बार्क-दर्शनको छोटो परिचय यत्ति नै झैं लाग्छ।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वल्लभ-दर्शन — पुष्टिमार्ग

वल्लभ-मत भनेर हामी जसलाई आज भन्छौं यसको वास्तविक प्रवर्तक त हुन् विष्णुस्वमी नामका आचार्य। त्यही मतलाई वल्लभाचार्यले परिपुष्टि गरी शुद्धाद्वैत-संप्रदायको प्रचार-प्रसार गराए। द्रविडदेशीय राजपुत्रको रूपमा विष्णुस्वामीको व्यक्तित्व प्रसिद्ध छ। साधु ज्ञानदेव त्यही सम्प्रदायका अन्तर्गत उनकै अव्यवहित परवर्ती मानिएका छन्। यी ज्ञानदेव यदि श्रीमद्भगवद्गीताका महाराष्ट्री अनुवादकर्ता ज्ञानदेवभन्दा अभिन्न हुन् भने ष्णिुस्वामीको समय वि. सं. १३०७ मान्न सकिन्छ। ग्रिअर्सनले इन्साइक्लोपिडिया अफ रिलिजिअन आयण्ड एथिक्स भोलम् २ पेज ५४ मा विश्णुस्वामीको समय इसवी एक शताब्दीपछिको मानेका छन्। ग्रिसर्सनको मत ठीक प्रतीत हुँदैन, किनभने माधवाचार्यले जुन रूपमा विष्णुस्वामीद्वारा प्रवर्तित सम्प्रदायको उल्लेख गरेका छन्। त्यसबाट उनलाई ग्रिअर्सनले भनेको समयभन्दा पहिले विष्णुस्वमोलाई नमानी धरै पाइन्न भनी महामहोपाध्याय डा. गोपीनाथले 'वैष्णव साधना और साहित्य' भन्ने निवन्धमा प्रतिपादित गरेका छन्।

वल्लभ-सम्प्रदायलाई अझ माथि धकेलेर यस वैष्णवमतलाई रुद्र-संप्रदाय मान्ने परम्परा छ। विष्णुस्वामी पछि लुप्तप्रायः यस सम्प्रदायको उपजीव्य मुख्य दार्शनिक ग्रन्थ ब्रह्मसूत्रमाथि वल्लभचार्यले लेखेको अणुभाष्य नै मान्नुपर्छ। उपनिषत्, गीता, ब्रह्मसूत्र यी तीन प्रस्थानत्रयी सबै वेदान्तमतका उपजीव्य शास्त्र मानिन्छन्। तर यिनका अतिरिक्त श्रीमद्भागवतलाई पनि वल्लभाचार्यले उही सम्मान दिई प्रस्थानचतुष्टयी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्ना मतमा स्वीकारेर टीका लेखेका छन् ।

श्री वल्लभाचार्य लक्ष्मण भट्टनामक भरद्वाज गोत्रका, आपस्तम्ब सूत्रीय कृष्णयजुर्वेदीय तेलङ्ग ब्राह्मणका पुत्र थिए। यिनका पुर्खा श्रीकृष्णका उपासक थिए। लक्ष्मण भट्ट पनि साहित्य-मर्मज्ञ विज्ञान् थिए। वल्लभकी आमाको नाम एलम्मागारू थियो। तीर्थयात्रा निम्ति दुई दम्पती हिंडेर काशीतिर लाग्दा मध्यप्रदेशको रायपुर नगरको केही टाढा महानदीको तटनिर रहेको चम्पारण्यनामक स्थानमा उनी जन्मेका हुन्। वल्लभ विक्रम संवत् १५३५ वैशाख कृष्ण पक्ष एकादशी रविवारमा यिनको जन्म भयो। वल्लभ आचार्य श्री चैतन्य महाप्रभुका समकालीन थिए। आचार्य वल्लभले वृन्दावन र मथुरामा केही समय रहेका कुरा पनि पाइन्छ। त्यही वेला गोवर्धन पर्वतमा गोपाल कृष्णको उनले दर्शन पाए भन्ने पनि परम्परा-बाट भक्तजनमा विश्वास रहेको कुरा बुझिन्छ। अझ लोक-श्रुतिबाट के सम्म बुझिएको छ भने, भगवान् बाटै उनलाई सपनामा दर्शन दिएर मन्दिर निर्माण गर्न प्रेरित गरियो र पुष्टिमार्ग प्रचार गर्ने आदेश पनि दिइयो। हिन्दू-परम्परामा कुनै व्यक्तिगत वैशिष्ट्य देखेपछि त्यहाँ दैवी शक्ति थपेर उसलाई सर्वसाधारणबाट अलग्ग पार्ने मजबूत दार्शनिक आधार छ। गीताले यसलाई पुष्टि गरेर भनेको छ– "यद्यद् विभूतिमत्सत्त्वं श्रीमदूर्जितमेव वा" भनेर।

विजय नगरका राजा कृष्ण राय (१५५७ वि० सं०) का दरबारमा द्वैतमतका आचार्य व्यास तीर्थको अध्यक्षतामा वल्लभाचार्यले अद्वैतवादीलाई परास्त गरेर आफ्नो मत प्रतिपादन गरे भन्ने छ। यिनको सिद्धान्त प्रतिपादन गर्ने प्रसिद्ध ग्रन्थ हुन्। (१) अणुभाष्य (ब्रह्मसूत्रभाष्य). (२) तत्त्वदीप निबन्ध (भागवत सिद्धान्त-संस्थापक विशिष्ट ग्रन्थ) (३) सुबोधिनी (श्रीमद्भागवतको १,२,३,१० स्कन्धमाथि उपलब्ध टीका) (४) भागवत-सूक्ष्म टीका, (५) पूर्व-मीमांसाभाष्य, तथा सिद्धान्त-मुक्तावली आदि १६ औटा सानातिना श्लोकात्मक ग्रन्थ। यिनले ३ पटक भारत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भ्रमण गरेर मत प्रचार गरे। वि० सं० १५८७ मा आफू ५२ वर्ष पूरा भएपछि संन्यास लिएर काशी आई आषाढ शुक्ल द्वितीयाको मध्याह्न कालमा हनुमान्घाटमा गंगामा प्रवेश गरी मर्त्यलोक छाडेर गए। वल्लभाचार्यका द्वितीय पुत्र विट्ठलनाथले पनि पिताका ग्रन्थमाथि टीका-टिप्पणी धेरै लेखेर पुष्टिमार्गलाई पर्याप्त प्रतिष्ठा दिए। यिनका प्रसिद्ध ग्रन्थमा निवन्ध-प्रकाश, विद्वत्मण्डन, शृङ्गाररसमण्डन, सुवोधिनी टीका छन्। ब्रह्मसूत्रको पछिल्लो डेढ अध्यायमाथि भाष्य लेखेर यिनले वल्लभाचार्यकृत अणुभाष्यलाई पूर्णता प्रदान गरे। यिनका सात छोरा भए। तिनीहरूले अलग अलग गद्दी स्थापना गरी यस मतलाई विस्तार र प्रचार गर्न ठूलो सघाउ पुऱ्याए।

कृष्णचन्द्रले ब्रह्मसूत्रमाथि भावप्रकाशिनी टीका लेखे। यिनका शिष्य पुरुषोत्तमजी वल्लभ-संप्रदायका विशिष्ट विद्वान् भए। यिनले अणुभाष्यको गूढ अर्थलाई स्पष्ट पार्न भाष्यप्रकाश भन्ने टीका लेखे। सुवोधिनी-प्रकाश,उपनिषद्दीपिका, आवरण-भङ्ग, प्रस्थान-रत्नाकर, सुवर्णसूत्र (विद्वत्मण्डलको विद्वत्तापूर्ण विवृत्ति) गीताको अमृत-तरङ्गिणी टीका तथा षोडश ग्रन्थ-विवृत्ति पनि पुरुषोत्तमजीवाट लेखिए।

यिनको भाष्य प्रकाशमाथि गोपेश्वरजी भन्ने विद्वान्ले रश्मि भन्ने टीका लेखेका छन्। यो संप्रदायमा गिरिधर महाराज, हरिराय, व्रजनाथ भट्ट, वालकृष्ण भट्ट आदि भए। वालकृष्ण भट्ट जसलाई वल्लभमतानुयायीहरू लालु भट्ट पनि भन्दछन् यिनले प्रमेय-रत्नार्णव भन्ने ग्रन्थ रचे जो यस संप्रदायको प्रौढ ग्रन्थ मानिन्छ।

यसरी पद्म-पुराणको वर्णनानुसार रुद्रसंप्रदाय, विष्णुस्वामीवाट प्रवर्तित भएर बीचमा लुप्तप्रायः भएपछि फेरि वल्लभाचार्यले उज्जीवित गरी शास्त्र र शिष्य परंपरावाट यसलाई एक संप्रदायको रूपमा खडा पारे। यस संप्रदायका केही आचार्यहरूको संक्षिप्तमा नामावलीसम्म प्रस्तुत गरिएको हो। यत्ति नै आचार्य भनेर परिगणन भने गरिएको होइन। हामी काशीमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अध्ययन गर्दा त्यस बेला पनि द्वैतसंप्रदायका प्रकाण्ड पण्डितहरू भेटिन्थे। तिनताका श्री गट्टुलालको पाण्डित्यलाई सबै विद्वान्हरू मान्दथे। उनका साहित्यमा पनि माथिल्लो कोटिको विद्वत्ता थियो र कविता पनि प्रौढ हुन्थे। यी पनि वल्लभ-संप्रदायका त्यस बेलाका एक प्रकाण्ड पण्डित थिए। भागवत धर्मका प्रबल समर्थन यही संप्रदायमा छ आचार्य वल्लभका दृष्टिमा श्रीमद्भागवत अरू तीन प्रस्थानभन्दा पनि सर्वोपरि मानिएको छ। यही कुरा यसरी प्रमाणित गरिन्छ।

श्रीमद्भागवतं समस्तनिगमन्यायैकत्त्वात्मकं,
नानाभ्रान्तितमः कपाटपिहितं सन्तुष्टये सर्वथा।
नाभूदित्यवगत्य निश्चितपदैरुद्दीप्तदीपाकृतिं
श्रीमद्भागवतप्रदीपमधुना चक्रे मुदा वल्लभः।

(भागवतार्थ-प्रकरण का. ३७।)

भागवतलाई तत्त्वदीप भनेर भागवतमै पनि उद्धृत गरिएको पाइन्छ। जस्तै—

दार्शनिकहरूलाई यो प्रपंच नै विचारणीय तत्त्व हुन्छ। सर्वसाधारणले प्रपंचलाई विवेक गर्न सक्ने कुरो होइन। ज्ञान र विज्ञानले ब्रह्माण्डको आध्यात्मिक र आधिभौतिक विवेचना र विश्लेषण गर्नुपर्छ। अतीन्द्रिय पदार्थलाई इन्द्रियगम्य नभएकोले छैनन् भन्न पनि मिल्दैन। प्रमाण खालि प्रत्यक्ष मात्रै पनि त सबैले मानेका छैनन्। **"मानाधीना मेयसिद्धिः"** भन्ने सिद्धान्त दार्शनिकको नहुँदो हो त प्रमेय-निरूपण गर्ने साहस हुनै सक्तैनथ्यो अद्वैतवादी श्री शंकराचार्यलाई जगन्मिथ्यात्व सिद्ध गर्न छ छ ओटा प्रमाण मान्नुपरेको देखिन्छ। हाम्रा शुद्धाद्वैतवादी वल्लभाचार्यले अद्वैतमा शुद्ध विशेषण दिएर शुद्ध भनेको ब्रह्म हो निर्लित्त भएकोले ऊ शुद्ध हुने भो। अब यिनीहरूले **"इदं सर्वं यदयमात्मा", "आत्मैवेदं सर्वं भवति" पुरुष एवेदं सर्वम्।** इत्यादि श्रुतिवचनद्वारा ब्रह्मात्मक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रपञ्च ब्रह्मकार्य हो भन्ने सिद्धान्त उभ्याएका छन् । यसो भएपछि सबको सबै रूप हुनाले सबको सर्वत्र अस्तित्व हुन्छ र सब नै ब्रह्मत्व भएकोले शुद्ध ब्रह्मवाद सिद्ध हुन्छ । कारणरूप ब्रह्म कार्यरूप ब्रह्म भएर आविर्भाव हुँदा आत्मकृत परिणाम भन्न मिल्छ । तर यिनको परिणाम साङ्ख्यकोझैं विकृत रूप लिने होइन । सांख्यको परिणामवाद दूध दही भएपछि दूध-रूपमा फर्कदैन फेरि । तर शुद्धाद्वैतमा भने जुन अविकृत परिणामवाद छ त्यसले "सर्वं सर्वमयम्" भन्ने कुरालाई पुष्टि गर्छ । सुवर्ण कनक, कुण्डल हुँदा विकृत हुँदैन । भागवतमा यही कुरा भनेको पनि छ– **यथा सुवर्णं सुकृतं पुरस्तात् पश्चाच्च सर्वस्य हिरण्मयस्य तदेवमध्ये व्यवहार्यमाणं नानापदेशैरहमस्य तद्वत् ।।** यदि शर्वं सर्वमयम् नभएको भए महर्षि वामदेवले-"**अहं मनुरभवं सूर्यश्च**"भन्न मिल्दैनथ्यो । यो वादले त घट पनि पट पट पनि घट हुने अव्यवस्थित मर्यादालाई सिर्जना गरेझैं भएन र घटमा घटत्व र पटमा धटत्व बुद्धि गर्नु त भ्रान्ति पा हो भन्ने शङ्कालाई समाधान यस प्रकारले गरिएको छ ।

सर्वत्र सबैमा ब्रह्मधर्म छन् तापनि त्यही त्यही व्यक्तिमा तत्तद् कार्यकर्तृत्व नियमित भएकाले कार्यान्तर तीबाट हुँदैनन् । जस्तै पटले घटको कार्य जलानयन गर्दैन र घटले आवरणरूप पटको कार्य गर्दैन । भगवान्‌बाट कार्य नियमित गरिएको वा यसमा कुनै दोष छैन । **'प्रपंचभावो भगवत्येव लीनः प्रकटी भवति"** भनेर मानिएको छ । यसो नभने "सर्वं खल्विदं ब्रह्म" भन्ने श्रुतिसिद्धान्त सम्भव हुने पनि होइन । यसै हुँदा आचार्यले यसो भनेको हुनुपर्छ– **'मृदादिभगवद्रूपं घटाद्याकार-संयुतम् ।"** अर्थात् घटादि कारले युक्त मृदानि भगवान्‌को रूप हो । भागवतले यही कुरालाई यसरी समर्थन गरेको छ–

मनसा वचसा दृष्टचा गृह्यतेऽन्यैरपीन्द्रियैः
अहमेव नमत्तोऽन्यदिति बुध्यध्वमञ्जसा ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वल्लभ-संप्रदायमा प्रपंच मिथ्या छैन। प्रपंचलाई भगवत्-कृतिजन्य र भगवत्-स्वरूपात्मक मानेकाले नै यो सत्य छ। श्री शंकराचार्यले मानेको माया झैं यिनले मानेको माया होइन। यिनीहरू पनि मायी, अविद्या शब्द नै उपयोग नगर्ने होइनन्। यिनको माया र अविद्या भगवान्मा रहेका अचिन्त्य शक्ति हुन्। माया शक्तिको प्रभावले नै आकार धारणा गरी भगवान् प्रपंचरूपमा प्रतीत हुन्छन्। अविद्याको वशीभूत भएर जीव संसार-दशाको भोग गर्छ। प्रपंच अज्ञान-कल्पित अथवा भ्रान्त हुँदैन। संसार भने म र मेरो भन्ने अज्ञान र भ्रमात्मक हुन्छ, त्यसैले यिनका मतमा प्रपञ्च र संसार एक पदार्थ होइनन्। प्रपंच ब्रह्मात्मक नै हुन्छ। "स वै न रेमे", "तस्मादेकाकी न रमते" "स द्वितीयमैच्छत्।" यस श्रुतिवाक्यबाट के सिद्ध हुने भो भने भगवान् रमणका लागि प्रपंच-रूपमा प्रकट हुने भए। प्रपंचअन्तर्गत पुरुष, पुरुषद्वारा गरिएका साधन र तिनका फलहरू यी सब भगवान्कै रूप हुने भए। यस स्थितिमा यदि कोही आफूलाई कर्ता या फलभोक्ता मान्दछ भने त्यो उसको भ्रान्ति नै हो। म र मेरो भन्नु संसारको रूप हो। अविद्यावश यस भ्रमको उदय हुन्छ। जब तत्त्वज्ञानको उदय हुन्छ अनि उसलाई—

"हरिरेव जगज्जगदेव हरिः" भन्ने भाव प्रकट हुन्छ र म र मेरो भन्ने भ्रम हट्तछ संसार-निवृत्त भए पनि, तत्त्वज्ञानावस्थामा ब्रह्मात्मक प्रपंचको निवृति हुँदैन। प्रपंच सत्य छ तर प्रपंचको आविर्भाव औ तिरोभाव भने हुन्छ। यसमा भगवान्को इच्छा नै कारण छ भनेको पनि छ "एकोऽहं बहुस्याम्" अविद्या जीवलाई संसार-चक्रमा घुमाउने कारण हो र विद्याको उदय भएपछि निवृत्त हुन्छ। तर प्रपंचको भने निवृत्ति हुँदैन।

यो प्रपंच पनि अधिकार-भेदले तीन किसिमले भासित हुन्छ। ब्रह्मभूत जीवलाई ब्रह्मात्मक शुद्ध भासित हुन्छ। शास्त्रोत्पन्न ज्ञानीलाई ब्रह्मधर्म मायाधर्मयुक्त तत्तद् धर्म सत्यत्व-मिथ्यात्व विवेक पूर्व भासित हुन्छ। अविवेकीलाई भने ब्रह्मधर्म मायाधर्मले युक्त ती धर्महरूलाई एकै रूपले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठम्याउँछ । यसलाई दृष्टान्तद्वारा स्पष्ट पार्नु उपयुक्त भएको छ । जस्तै सेतो कपडामा हामी धागोका रङ्को शुक्लत्वलाई समेत देख्तछौं । पहिलो अवस्थामा रहेको सेतो कपडामा नीलो रङाएपछि अघिको कपडाको शुक्लत्व देखिंदैन । नीलो चस्मा लाउने चाहिं सबै सेतो कपडा पनि नीलै देख्तछ पछिल्लो अविवेकी अवस्था, बीचको शास्त्रोत्पन्न ज्ञानीले ठम्याउने कुरो हो र सेतै कपडा रङ्ले नीलो भएका भनी सेतो रूप देख्ने चाहिं शुद्ध भासित तत्त्व हो ।

यस पछि वल्लभ-संप्रदायले जुन परमपुरुषको रूपमा श्रीकृष्णलाई प्रतिपादन गरेर "कृष्णस्तु भगवान् स्वयम्" भन्ने सिद्धान्तलाई सर्वात्मना आत्मसात गऱ्यो यसको सबैभन्दा भिन्नता यही नै हो भन्न सकिन्छ । श्री महर्षि व्यासले श्री कृष्णको व्यक्तित्वमा विविध विधाले मनुष्यको पूर्णता प्रकट मात्र नपारी उनलाई परब्रह्मको विग्रह माने भन्ने तथ्यलाई यस दर्शनले परिपुष्टि गर्छ । कृष्णको आदर्श एक पत्नीव्रतको छैन । अनेक पत्नीयुक्त भएर पनि उनी ब्रह्मचारी भएको दावी गर्छन् । उनी राधा आदि गोपिनीलाई व्रजमा छाडेर द्वारकामा रुक्मिणी आदिसँग रमण गर्छन् तापनि उनको परितृप्ति त्यहाँ हुँदैन, व्रजसुन्दरीको प्रेमविह्वलताले उनलाई उकुसमुकुस पारिराखेको हुन्छ । श्री कृष्णलाई व्यासले दुई रूपमा देखेर उनको चरित्रलाई दुई फ्याक पारी दुई महान् ग्रन्थ लेखे भागवत् र भारत । महाभारत धार्मिक, आर्थिक, दार्शनिक, सामाजिक, राजनैतिक र सांस्कृतिक आदि हिन्दूका अनेक विधालाई अगालेर श्री कृष्णको व्यक्तित्वको परिच्चयमा सर्वोत्कृष्टता स्थापना गर्छ भने भागवत चाँहिं उनको लीलामय रहस्यमा मुग्ध भएका भावसंकलनलाई निचोरी रस प्रवाह वगाउँदै विप्रलम्भ श्रृङ्गारलाई मूर्त गर्ने उच्च कोटिको काव्यानुभूतिको साकार रूपमा श्री कृष्णाई नायकत्व प्रदान गर्छ । भागवतको महिमामा टीका लेक्ता यसो सम्म भनिएको छ–

श्रीमद्भागवतं समस्तनिगमन्यायैकतत्त्वात्मकं,
नानाभ्रान्तितमः कपाटपिहितं सन्तुष्टये सर्वथा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाभूदित्यवगत्य निश्चितपदैरुद्दीपदीपाकृतिं,
श्रीमद्भागवतप्रदीपमधुना चक्रे मुदा वल्लभः ।
(भागवतार्थ प्रकरण १२।१३।३७–३९)

रतिरागमा हुने सर्वात्मना आत्मसमर्पण अरू विधाबाट हुँदैन भन्ने धारणालाई बुझेर मन भित्रभित्र उकुसमुकुसिने रतिराग एक परम सुन्दर परम आराधनीय प्रियतम केन्द्रित पारेर मनको गाँठो फुकाएर प्रेमा भक्तिद्वारा आफू उनकै परिचर्यामा समर्पित हुँदा प्राप्त हुने आनन्दको मूल्यांकन गर्ने यो पुष्टि मार्गभन्दा अरू केही छैन भन्नु अत्युक्ति हुँदैन । त्यसैले भागवतलाई यस संप्रदायले जति मान्यता दिएर उठाएको छ, त्यो सिद्धान्तको अनुकूल नै भन्नुपर्छ । वल्लभाचार्यले भागवतलाई व्यासको समाधि-भाषा भनेर मानेका छन् । उनको मतमा वेद, गीता, ब्रह्मसूत्र र भागवत यी प्रमाणकोटिका ग्रन्थ हुन् । वेदका कर्मकाण्ड र ज्ञानकाण्ड दुवै बरोबरका प्रमाण कोटिका हुन् । श्रीकृष्णको वचन गीता पनि प्रमाण हो, त्यस्तै व्यासका सूत्रहरू पनि प्रामाणिक छन् । आखिरमा व्यासको समाधि-भाषा चाँहिं यिनको प्रमाणको मूर्तरूप हो । यही प्रमाण गर्न म तत्त्वार्थदीप निबन्धमा वल्भाचार्यको कारिका नै यहाँ उद्धृत गर्छु—

वेदाः श्रीकृष्णवाक्यानि व्याससूत्राणि चैव हि ।
समाधिभाषा व्यासस्य प्रमाणं तच्चतुष्टयम् ॥
त. दी. नि. ७ श्लोक ।

वेदका उठेका शंकालाई गीताले, गीतामा पर्न जाने संशयलाई व्याससूत्रले र व्याससूत्रबाट पैदा भएका सन्देहलाई भागवतले निराकरण गर्छ । उत्तरवर्ती प्रमाणको वैशिष्ट्य नै पूर्ववर्ती प्रमाणको सन्देहलाई निराकरण गर्नुमा नै रहेको हुन्छ । यसलाई सोदाहरण प्रस्तुत गर्दा यो स्पष्ट हुन्छ । जस्त श्वेताश्वतर उपनिषद्मा "अपाणिपादो जवनो ग्रहीता" ३।१९ ले हात-गोडा नभएको छिटो दगुर्ने र समाउने भनी ब्रह्मलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाणिपादरहित भनी उल्लेख गऱ्यो । पाणि छैन, ग्रहण गर्छ, पाद छैन, तीव्रगति भएको छ भन्दा कुरा मिल्न आउँदैन । यस वेदमा उठ्ने शंकालाई गीताले यसरी समाधान गर्छ– त्यो ब्रह्म चारैतिर हात-गोडा भएको, सबैतिर आँखा, शिर, मुख, कान भएर सबै ढाकेर रहेको छ भनेर उनकै शब्दमा–

सर्वतः पाणिपादं तत्सर्वतोऽक्षिशिरोमुखम् ।
सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति ।

१३।१३ गीता

यताबाट ब्रह्म साकार छ भन्ने गीताले निर्णय गऱ्यो । फेरि गीतामा आत्माबारे के भनियो एक ठाउँमा भने – नित्यःसर्वगतः स्थाणुरचलोऽयं सनातनः॥ (२।२४ गीता) अर्थात् यो निःसन्देह नै नित्य, सर्वव्यापी, अचल, स्थिर एवं सनातन छ । फेरि त्यही गीताले अर्को ठाउँमा भन्यो "ममैवांशो जीवलोके जीवभूतः सनातनः । (१५।७ गीता) अर्थात् यो देहमा जीवात्मा मेरै सनातन अंश हो । यहाँ के संशय हुने भयो भने नित्य सर्वगत अचल ब्रह्म अंश भएर जीव कसरी हुन्छ ? यसको समाधान ब्रह्मसूत्र– "उत्क्रान्ति गत्यागतीनाम्" (२।३।१९)बाट शुरू भई उत्क्रान्त्यधिकरणद्वारा जीवलाई मृत्युपछि आउने-जाने भएकोले जीवलाई अंशरूप र अणुपरिमाणको निर्णय गऱ्यो । फेरि जन्माद्यस्य यतः (१।१।२)ब्रह्मसूत्रले ब्रह्मलाई जगत्को कारण भन्यो तर त्यो समवायी कारण हो कि निमित्त कारण हो भन्ने सन्देह उठ्ता भागवत्का निम्न वचन-हरूबाट ब्रह्म जगत्सँग अनुस्यूत अन्वित भएकोले जगत्को समवायी कारण पनि हो । जगत्बाट व्यतिरिक्त भएकोले निमित्त कारण पनि हो भन्ने निर्णय गर्छ ।

एतावदेव जिज्ञास्यं तत्त्वजिज्ञासुनाऽऽत्मनः ।
अन्वयव्यतिरेकाभ्यां यत्स्यात् सर्वत्र सर्वदा ।। २।९।३५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि–

विज्ञानमेतत्त्रियस्थमङ्ग गुणत्रयं कारणकार्यकर्तृ ।
समन्वयेन व्यतिरेकतश्च येनैव तूर्येण तदेव सत्यम् ११।२८।२०

यी श्लोक दुईबाट जन्माद्यस्य यतः यो ब्रह्मसूत्रको व्याख्यात्मक रूप दिने श्रीमद्भागवतको निम्नलिखित श्लोकको अर्थ गरेर हामी ब्रह्म समवायी कारण र निमित्त कारण दुवै जगत्को निमित्त रहेछ भन्ने टुङ्गोमा पुग्छौं ।

जस्तै–

जन्माद्यस्य यतोन्वयादितरतश्चार्थेष्वभिज्ञः स्वराट्
तेने ब्रह्म हृदा य आदि कवये मुह्यन्ति यत्सूरयः ।
तेजोवारिमृदां यथा विनिमयो यत्र त्रिसर्गो मृषा
धाम्ना स्वेन सदा निरस्तकुहकं सत्यं परं धीमहि ।। १।१।१

यसरी माथि दिएका केही उदाहरणबाट वेद, गीता, ब्रह्मसूत्र र भागवतका प्रस्थानचतुष्टयत्वलाई वल्लभाचार्यले मान्यता गरेका हुन् । अब व्यासको समाधि-भाषा भागवत भनेर जुन माथि भनियो त्यसबारे पनि केही भन्नु उपयुक्त हुनेछ । भागवतमा लौकिक भाषा पनि छ, परमत-भाषा पनि छ र समाधि-भाषा पनि छ । लौकिक भाषा त्यस्तालाई भन्नुपर्छ जो लोकको रीतले लेखिएको हुन्छ जस्तै–

अथोषस्युपवृत्तायां कुक्कुटान् कूजतो शपन् ।
गृहीतकण्ठ्यः पतिभिर्माधव्यो विरहातुराः १०।७०।१

यहाँ विहान भई कुखुरा बास्ता पतिहरूका अंगालोमा कसिएका विरहमा आतुर हुने युवतीहरूले कुखुरालाई सरापे । यो लोकको रीतका कुरा भएकाले यो लोक-भाषा भयो । अर्काका उदाहरण दिई भनिने भाषा चाहिं परमत भाषा हुन्छ ।

जस्तै:–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शृणुष्वावहितो राजन्नितिहासमिमं यथा ।
श्रुतं द्वैपायनमुखान्नारदाद् देवलादपि ।६।१४।९ भा.

हे राजन् मन लाएर यो इतिहास सुन्नोस् यो मैले द्वैपायनको मुखबाट, नारदबाट र देवलबाट पनि सुनेको हुँ भनिएको छ ।

समाधिमा रही स्वयं अनुभूत गरी निरूपित जो अंश छ, त्यही समाधि-भाषा हो । यसबारेमा, शास्त्रार्थ-प्रकरण योजना, भागवतार्थ-प्रकरण कारिका, भागवतार्थ-प्रकरण प्रकाशबाट विषद ज्ञान हुनेछ भनी यतिमै यस प्रसंगलाई टुङ्ग्याउनु ठीक ठान्छु ।

यस दर्शनको मूल रूप नै कृष्ण तत्त्वलाई मान्नुपर्छ । कृष्ण शब्दको निरुक्ति गर्दा प्रमेय-रत्नार्णवमा यो कारिका पाउँछौं—

कृषिर्भूवाचकः प्रोक्तो णश्चनिर्वृत्तिवाचकः ।
तयोरैक्यं परं ब्रह्म कृष्ण इत्यभिधीयते ।।

कृष् धातु सत्तावोधक र णकार चाहिं निवृति अथात् शान्ति वा आनन्दवाचक हो । यो कृष् र णको ऐक्यवाट निष्पन्न कृष्ण शब्द परब्रह्मको अभिधेय हुन्छ । यसरी कृष्णलाई परमात्मा मानेकाले वल्लभाचार्यले आफ्नो तत्त्वार्थ-दीपनिवन्धमा मङ्गलाचरण गर्दा ब्रह्मको स्वरूपसँग तादात्म्य गरी भने—

नमो भगवते तस्मै कृष्णायाद्भुतकर्मणे ।
रूपनामविभेदेन जगत् क्रीडति यो यतः ।१। त. दी नि,

नाम-रूपको भेदले यो जगत उत्पन्न हुन्छ भन्नु र अद्भुत कर्म गर्ने भन्नु नै ब्रह्मको लक्षणसँग उनको तादात्म्य गर्नु हो । भागवत द्वितीयस्कन्धको दशौं अध्यायको प्रारम्भमा शुकदेवले भनेका छन्—

अत्र सर्गो विसर्गश्च स्थानं पोषणमूतयः ।
मन्वन्तरेशानुकथा निरोधो मुक्तिराश्रयः ।१।
दशमस्य विशुद्ध्यर्थं नवानामिह लक्षणम् ।
वर्णयन्ति महात्मानः श्रुतेनार्थेन चाञ्जसा ।।२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् सर्गादि नौ तत्त्वको निरूपण केका लागि गरिएको हो भने दशम अर्थात् आश्रयको विशुद्धिकै लागि हो। यो कुरा निबन्धकारले पनि प्रमाणको रूपमा मानेर लेखे - "यस्य लीला नवविधा स शुद्धः पुरुषोत्तमः" यसो भएपछि हामीले यसरी आत्मालाई सर्वात्मना समर्पण गरेर भन्न सक्छौं।

एकं शास्त्रं देवकी-पुत्रगीतं एको देवो देवकी-पुत्र एव ।
मन्त्रोप्येकस्तस्य नामानि यानि कर्माप्येकं तस्य देवस्य सेवा ।।

४ त० दी० नि०

यसै हुँदा सिद्धान्त मुक्तावलीले आत्मानन्द-समुद्रमा मग्न भएका कृष्णलाई नै चिन्तन गर भनेर यसरी भनेको हुनुपर्छ।

आत्मानन्द-समुद्रस्थं कृष्णमेव विचिन्तयेत् । किनभने पुरुषोत्तम शब्दवाच्य श्रीकृष्णस्वरूप नै ब्रह्मको तीन रूपमध्ये एक रूप हो। यसलाई ब्रह्म सूत्रले "अन्तर्याम्याधिदैवादिषु तद्धर्मव्यपदेशात् (१) (२) (१८) भनेर प्रमाणित गरेको छ भनी अणुभाष्यमा वल्लभाचार्यले भनेका छन्। उनको भाष्यमा अधिदैवादिमा अन्तर्यामी भगवान् नै हुन् अरू होइनन्। तिनका धर्म जति छन् ती पनि भगवान् नै विशेषण रूपले व्यवहार गरिएका हुन्। उनको अन्तिम वाक्य यस प्रकार छ– "सर्वेषां तत्कार्यसामर्थ्यं च भगवतो न तु स्वतस्तेषामिति (अणुभाष्यम् १।२।१८) अर्थात् ती सबै कार्यसामर्थ्य भगवान्बाटै हुने हुन् तिनको आफ्नो सामर्थ्य होइन। यसबाट हामी भगवान्को चार रूप ध्येय हुन्छन्। ती प्रमाणबाट गम्य पनि छन्। ती चार रूप हुन्– अङ्गुष्ठ मात्र, प्रादेश मात्र, सर्वभूतस्थ अन्तर्यामी र चतुर्भुजादिस्थूल रूप। तिनै भगवान्को दश अवतार हुन्। ऐते चांशकलाः पुंसः कृष्णस्तु भगवान् स्वयम्" १।३।२८ मा अंशीरूप भगवान् श्रीकृष्ण अंशरूपमा अवतार ग्रहण गरेर त्यस अंशमा आफ्नो अस्तित्वद्वारा सारा ऐश्वर्यहरू प्रकट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्छन् । जस्तै फलाममा अग्निको अंश प्रवेश भएपछि त्यस आगोको रूप लिएको फलामको टुक्राले दाहादि सबै अग्निको कार्यहरू गर्छ । यसरी भगवान् विशुद्ध सत्त्वात्मक विग्रहमा प्रवेश गरेर विष्णु-रूपले गुणावतारी हुन्छन् । अप्राकृत रजको विग्रही हुँदा ब्रह्मा कहिन्छन् र अप्राकृत तमका विग्रहवान् हुँदा शिवपदवाच्य हुन्छन् । सच्चिदानन्द रूप परम पुरुषको सत्त्वमा सत्, रजमा चित् र तममा आनन्द हुन्छ भनी सुबोधिनीले (१०।२७।४) मा विशद व्याख्या गरेको पाइन्छ । भागवतले विष्णु ब्रह्मा र शिवको रूपबारे माथि भनेका कुरालाई पुष्टि गर्छ । जस्तै–

सत्त्वं रजस्तम इति प्रकृतेर्गुणास्तै-
र्युक्तः पर-पुरुष एक इहास्य धत्ते ।
स्थित्यादये हरिविरञ्चिहरेति संज्ञाः
श्रेयांसि तत्र खलु सत्त्वतनोर्नृणां स्युः ॥

१।२।२३ भा०

हुनत ब्रह्मा, विष्णु, शिव गुणावतार हुन् भनी यिनले माने । तर यिनका मतमा ब्रह्मा र शिवको अपेक्षया विष्णुको बढता महत्त्व रहन्छ । भागवतले पनि यही कुरा भनेको पाइन्छ । जस्तै–

श्रेयांस तत्र खलु सत्त्वतनोर्नृणां स्युः । (१।२।२३ भा)

यताबाट हामी अब यस पक्षलाई विश्लेषण गरेर एउटा निर्णयमा पुग्न खोज्दा के पाउँछौं भने मूल रूपको चार रूपमा पुरुषोत्तम स्वरूप श्रीकृष्ण एक अर्को स्वरूप अक्षर । त्यही अक्षररूप अन्तर्यामी र मत्स्यादि अवतारका भेदले चार रूपमा देखा पर्छन् ।

अब मोक्ष-प्राप्तिका उपायमा वल्लभको भनाइ छ– पाँच साधन छन् विद्याका ती हुन्– वैराग्य, सांख्य, योग, तप र भक्ति । उनकै शब्दमा -

वैराग्यं सांख्ययोगौ च तपो भक्तिश्च केशवे ।
पञ्चपर्वेति विद्येयं य याविद्वान् हरिं विशेत् ।

४५–४६ त० दी० नि०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानका पाँच आँखलामा सर्वप्रथम विषयबाट विराग हुनुपर्छ। वैराग्यबाट नित्यानित्य वस्तुविवेक-पूर्वक सबै पदार्थको परित्याग हुन्छ, त्यसपछि अष्टाङ्ग योगको साधना गर्नुपर्छ, त्यसपछि तप अर्थात् विचारपूर्वक चिन्तिन-मनन गरिन्छ या तपको अर्थ एकाग्रतापूर्वक स्थिति हुन्छ, त्यसपछि मात्र भगवान्‌मा निरन्तर भावनाद्वारा भगवान्‌मा परमप्रेम रूपा भक्ति हुन्छ। यसरी एक अर्काका पूरक भएका देखिन्छन्।

'काशीमरणान्मुक्तिः" इत्यादि वचनद्वारा तीर्थादि मरणबाट पनि मुक्ति हुने कुरा नदेखिने होइन तर त्यहाँ पनि ज्ञान नै मुक्तिको हेतु मानी "तारकं ब्रह्म व्याचष्टे" भनी शुद्ध जीवकै मुक्ति-प्राप्तिका व्यवस्था मिलाएको छ। यही कुरालाई मनमा लिएर वल्लभाचार्यले भने–

तीर्थादावपि या मुक्तिः कदाचित् कस्यचिद् भवेत्।
कृष्णप्रसादयुक्तस्य नान्यस्येति विनिश्चय ॥

४७ त० दी० नि०

"मोक्षामच्छेज्जनार्दनात्" यस वाक्यानुसार मोक्ष प्रदातृत्व खालि कृष्णमा नै सुरक्षित रहेको हुँदा श्रीकृष्णकै आराधनामा यिनीहरूको सुदृढ धारणा हुन गएको देखिन्छ, शुद्धाद्वैतवादमा प्रेमा भक्तिको परिपुष्टि गर्दै आचार्य वल्लभले धेरै नै भजनलाई जोड दिएका छन्। जस्तै–

सेवकं कृपया कृष्णः कदाचिन्मोचयेत्क्वचित्।
तन्मूलत्वात् स्तुतिस्तस्य क्षेत्रस्य विनिरूप्यते। ४८
तस्मात् सर्वं परित्यज्य दृढविश्वासतो हरिम्।
भजेत श्रवणादिभ्यो यद्विद्यातो विमुच्यते ॥

४९ त० दी० नि०

यसरी सबै कुरा छाडेर श्रवण, मनन, निदिध्यासन आदिबाट हरिमा दृढविश्वास पैदा गरी भगवान्‌को भजन गर जसबाटै विमुक्त होइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर, यहीं यिनीहरूको ठूलो गवेषणाको कुरा देखिन्छ । ती व्रजबालाका प्रेमा भक्तिलाई सुखको चरमविन्दु मान्ने यस संप्रदायले मर्यादमार्गीय भक्तिबाट प्राप्त हुने मुक्तिभन्दा पुष्टिमार्गीय भक्तिबाट प्राप्त हुने प्रेमपीयूषपानलाई महत्त्वपूर्ण मानेका छन् । त्यसै हुँदा भक्तहरूलाई जीवन-मुक्तिको अपेक्षा भगवत्कृपासहित गृहाश्रम नै विशिष्ट हुन्छ । यो कुरा मेरो होइन । वल्लभाचार्यको कारिका नै यस कुराको पुष्टि गर्छ । जस्तै—

सर्वेन्द्रियैस्तथा चान्तःकरणैरात्मनापि हि ।
ब्रह्मभावात्तु भक्तानां गृह एव विशिष्यते ।।

अर्थात्— स्वतन्त्रपुष्टि भक्ति सम्पन्न भक्तको लागि, ब्राह्येन्द्रिय, अन्तःकरण तथा आत्माद्वारा जुन विशेष रूपको आनन्दानुभूति हुन्छ । यसै हुँदा ब्रह्मभावको अपेक्षा भक्तजनलाई गृहस्थाश्रम नै उत्कृष्ट छ । यसरी आजको युगलाई साथ दिने भजनमार्गको यो कारिकाले प्रपंचलाई घृणा गर्ने संप्रदायको वेसरी मेख मारेर गृहलाई वनभन्दा बडी मूल्यवान् सिद्ध गरे साधनाका लागि आजको युग-धर्म नै यही प्रवाहमा वहेको छ र यो मार्गले समाजको स्वरूपलाई पुष्टि गरेको छ ।

जीवन मुक्तिभन्दा पनि विशिष्ट रूपमा खडा रहेको पुष्टिमार्गमा आधारित भक्ति-सम्पन्नता क्या हो यसलाई यहाँ राम्ररी व्याख्या नगरे यस मतकै विशेषता नबुझिने हुँदा पुष्टिका विधालाई अब प्रस्तुत गर्नु आफ्नो कर्तव्य हुन गएको मान्छु । पुष्टि भनेको र पुष्टिमार्ग भनेको के हो ? यसबारेमा प्रमेय-रत्नार्णवले विशद वर्णन गरेको पाइन्छ। पुष्टिको अनुसन्धान गर्दा हामी यसलाई भागवतमा उल्लेख गरेको यस प्रकारले पाउँछौं—

स्थितिर्वैकुण्ठविषयः पोषणं तदनुग्रहः ।
मन्वन्तराणि सद्धर्म ऊतयः कर्मवासना ।। २।१०।४ भा०

"पोषणं तदनुग्रहः" यस वाक्यांशलाई भागवतार्थ प्र० का० ६।२ मा व्याख्या गर्दा "कृष्णानुग्रहरूपा हि पुष्टिः कालादिवाधिका"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भनेकोछ। यसको अर्थ भयो भगवान्‌को अनुग्रहरूप धर्मको नाम नै पुष्टि भन्ने त्यो पुष्टि लौकिक एवं अलौकिक फलको सिद्धि या प्राप्तिको विलक्षण साधन हुन्छ भगवान्‌को अनुग्रह हुँदा कार्यकारण-भावसम्वन्धको वाध भएर सर्ववाधकरूपता पुष्टिको प्रमाणित हुन्छ । निन्दित कर्ममा लागेका अजामिल आदि कतिले भगवान्‌को नामस्मरणद्वारा भगवान्‌बाट अनुग्रह पाएर उनका पापकर्मद्वारा प्राप्त हुनुपर्ने अशुभ फलबाट मुक्त भएका देखिन्छन् । इन्द्रले कर्ननिष्ठ विश्वरूप, ज्ञानी दधीचि, भक्तप्रवर वृत्रलाई मारेर अनिष्ट फल भोग गर्नुपर्नेमा पुष्टिद्वारा रक्षित भएर सबै दोषबाट छुटकारा पाए । वज्र प्रहार गर्दा पनि दितिका गर्भस्थ शिशु नमरेर धेरै हुन गए । यहाँ वज्रको शक्ति पनि विफल भएको पाइन्छ भगवान्‌बाट अनुग्रह हुँदा । यो दृष्टान्तले हामी के तथ्यमा पुग्यौं भने भगवान्‌को कृपा भएमा काल-कर्म-स्वभावको पनि वाध हुँदो रहेछ । भन्ने यही कुरा भागवतले यसरी भनेको छ—

न ममार दितेर्गर्भः श्रीनिवासानुकम्पया ।
बहुधा कुलिसक्षुण्णो द्रौण्यस्त्रेण यथा भवान् ।६।१८।६५

परिक्षित पनि अश्वत्थामाको ब्रह्मास्त्रबाट भगवत्कृपाद्वारा परिरक्षित भएकै हुन् ।

मुख्य कुरा के भने शैवदर्शनले ईश्वरमा अनुग्रह र निग्रह शक्ति नमानेमा उसको ऐश्वर्य नै रहँदैन भनेर जुन सिद्धान्त प्रतिपादित गरेको छ त्यही कुरा यहाँ पुष्टिएको विवेचना गर्दा वैष्णव-संप्रदायमा मिल्न आएको देखिन्छ ।

यस भगवत्-अनुग्रहरूप पुष्टिले चारै पुरुषार्थ सिद्ध हुन्छन् । यसका उदाहरण हामी धेरै ठाउँ-ठाउँमा पाउँछौं पनि । सहस्रार्जुन पुष्टिद्वारा राजा भए, देवहूति मुक्त भइन् आदि । यस किसिमको पुष्टि सामान्यानुग्रहरूपको भनिन्छ । पुष्टि विशेषले केवल भगवत्स्वरूप प्राप्त गर्ने भक्ति सम्पन्न हुन्छ। यसलाई पुष्टि भक्ति भन्ने नाम दिइएको छ । यही कुरा श्री मद्भावतले पनि यसरी उल्लेख गरेको छ—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स एव भक्तियोगाख्य आत्यन्तिक उदाहृतः ।
येनाति व्रज्य त्रिगुणं मद्भावायोपपद्यते ।। ३।२९।१४

पुष्टिमार्गीहरू भक्तिमा तल्लीन भएपछि अरू कुनै कुराको चाहना नै गर्दैनन् । यस विषयमा स्पष्ट पारेर भागवतले यस्तो भनेको पाइन्छ-

न पारमेष्ठ्यं न महेन्द्रधिष्ण्यं न सार्वभौमं न रसाधिपत्यम् ।
न योगसिद्धिरपुनर्भवं वा मय्यर्पितात्मेच्छति मद्विनान्यत् ।।
११।१४।१४

त्यो पुष्टि भक्ति चार थरीको छ । प्रवाहपुष्टि भक्ति, मर्यादापुष्टि भक्ति, पुष्टिपुष्टि भक्ति र शुद्धपुष्टि भक्ति । यसमा प्रवाहपुष्टि मिश्र जीव क्रियारत हुन्छ । मर्यादा मिश्रजीव गुणज्ञ हुन्छ । पुष्टिमिश्रजीव सर्वज्ञ हुन्छ शुद्ध पुष्टियुक्त जीव प्रेममय हुन्छ भनेर प्रेमा भक्तिलाई सर्वोत्कृष्टता वल्लभाचार्यले प्रतिपादित गरेको पाइन्छ । उनकै शब्द प्रमाणका लागि यहाँ उद्धृत गर्छु-

पुष्टचा विमिश्राः सर्वज्ञाः प्रवाहेण क्रियारताः ।
मर्यादया गुणज्ञास्ते शुद्धाः प्रेम्णाऽतिदुर्लभाः
पुष्टि प्र० १४

१) प्रवाहपुष्टि भक्ति प्रवाह अहन्ता र ममतारूप संसार-प्रधान छ । त्यस धर्मले युक्त पुष्टि या कर्मको रुचि रहिरहेको हुन्छ । त्यसो हुँदा भगवान्को उपयोगी क्रियाकलाप त्यसमा रहन्छ ।

१) मर्यादापुष्टि भक्ति । मर्यादावाट जीवको रागमूलक विषय प्रवृत्ति हट्तछ । निवृत्तिमार्गको धर्ममा भक्तको झुकाउ हुन्छ । यस प्रकारको भक्तिमा विषयमा आसक्ति रहँदैन । तथा भगवत् कथा-श्रवणादिमा उसको प्रवृत्ति रहन्छ ।

१) पुष्टिपुष्टि भक्ति । त्यस खालका भक्तलाई पुष्टिभक्त भनिन्छ, जो भजनोपयोगी ज्ञानजनक अनुग्रहानन्तरलाई प्राप्त गर्दछन् । तिनीहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वज्ञता पनि पाउँछन् । भगवान्, उनका परिकर, लीला, प्रपंच आदि स्वरूपको यिनलाई ज्ञान हुन्छ ।

४) शुद्धपुष्टि भक्ति । यो प्रेमप्रधान भएको भक्ति हो । यसमा परिचर्या या स्नेह वासनावसबाटै गरिन्छ । सर्वात्मना प्रेममा समर्पित हुने यस किसिमको भक्ति चाहिं सर्वोत्कृष्ट भक्तिमा गनिएको छ । शुद्धपुष्टि भक्तिको वर्णन हरिरायले राम्ररी गरेका छन् । केही तिनका कारिका तल दिइन्छन्–

सर्वसाधनराहित्यं फलाप्तौ यत्र साधनम् ।
फलं वा साधनं यत्र पुष्टिमार्गः स कथ्यते ।।

श्री पुष्टिमार्ग-लक्षण ७१

नवेद-लोकसापेक्ष्यं सर्वथा यत्र वर्तते ।
सापेक्षता स्वामिसुखे पुष्टिमार्गः स कथ्यते ।।

(पु० मा० ६)

यत्र वा सुखसम्बन्धो वियोगे सङ्गमादपि ।
सर्वलीलानुभवतः पुष्टिमार्गः स कथ्यते ।।

(पु० मा० १५)

समस्तविषयत्यागः सर्वभावेन यत्र हि ।
समर्पणं च देहादेः पुष्टिमार्गः स कथ्यते ।।

(पु० मा० १९)

अर्थात्– जुन शुद्धपुष्टि भक्तिमा फलप्राप्तिका लागि सबै साधनको अभाव नै साधन हुन्छ । अथवा स्वयं फलरूप भगवान् नै भगवत्‌रूप फलको प्राप्तिको साधन बन्छ । त्यही शुद्धभक्ति मार्गहो । जुन भक्ति मार्गमा लौकिक वैदिक फलको कुनै चाहना नै रहँदैन । केवल आफ्ना प्रभुको सुखकै लागि मरिमेट्तछ त्यो हो शुद्धपुष्टि भक्ति प्रभुको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विरहावस्थामा उनका लीलामा चुर्लुम्म डुबी त्यही अनुभवले सङ्गम अवस्थाको सुखभन्दा बढ्ता आनन्दानुभूति हुनुको नाम हो शुद्धपुष्टि भक्ति। सर्वात्मना समस्त विजय त्यजेर देहादिलाई भगवान्‌मा समर्पित गरिदिनु शुद्ध पुष्टि भक्ति भनिन्छ।

हरिरायले पुष्टिमार्गको लक्षण २१ ओटा कारिकाले विशद रूपमा गरेका छन्। तीमध्ये केही उदाहरणका निम्ति उल्लेख माथि गरिए। भक्ति मार्गमा सर्वश्रेष्ठ भक्ति प्रेमा भक्ति भन्ने कुरा माथिका कारिकाका केही पंक्तिले देखाएका छन्। प्रेमा भक्तिमा पराकाष्टामा पुगेका व्रजवालालाई हामी श्रीमद्भागवतमा अङ्कित गरेका देखतछौं। उनीहरूलाई कुनै अरू कुराको चिन्ता छैन। कसैको भनाउको वास्ता छेन। आफ्ना प्रभुकै सुखमा मरिमेटेका छन्। व्रज छाडेर श्रीकुष्ण जाँदा वियोगमा प्रभुको लीला सम्झेर आफूलाई विर्सी त्यही संस्मृतिमा चुर्लुम्म डुबी मग्नमस्त भएका छन्। सर्वात्मना समस्त विषय त्यजेर आफूलाई समर्पित गरेको देखिन्छ। यसरी श्रीकृष्णको चरित्रको महिमान्वित वर्णन गर्ने महान् शास्त्र भागवत भक्तको सर्वस्व र भक्ति-रहस्यको मञ्जूषा भएको छ प्रेमा भक्तिको अनुपम वर्णन गर्दै भनिएको छ–

नेमं विरञ्च्चो न भवां न श्रीरप्यङ्गसंश्रया ।
प्रसादं लेभिरे गोपी यत् तत् प्राप विभुक्तिदाम् ।।
(१०।९।२० भा०)

अर्थात्— व्रह्मा, शिव, साक्षात् लक्ष्मीले पनि जुन कृपा पाएनन त्यो छुटकारा दिने कृपा गोपीले पाए। अझ यसलाई स्पष्ट पारेर व्यख्या त्यहीं गरेको पाइन्छ। जुन रासोत्सवको वारेमा भनिएको छ।

नाऽयं श्रियोऽङ्ग उ नितान्तरतेः प्रसादः,
स्वर्योषितां नलिनगन्धरुचां कुरोऽन्याः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रासोत्सवेऽस्य भुजदण्डगृहीतकण्ठ–
लब्धाशिषां य उदगान् व्रजवल्लवीनाम् ।।
(१० ४७।६० भा०)

अर्थात्– रास लीलामा श्रीकृष्णको बाहु-पाश आफ्ना कण्ठमा पर्दा जुन अपार प्रेमानन्द व्रजबालाले प्राप्त गरे त्यो अवर्णनीय सुख सहचारी लक्ष्मीले पनि पाइनन्, कमलको गन्ध आउने अप्सराहरूले पनि पाउन सकेनन् भने अरूका त के कुरा भए र !

ठूला-बडाको अतिशय प्रार्थनामा महान् कार्यका लागि भगवान्ले एउटा रूप बल्लतल्ल ग्रहण गरेको देखिन्छ। अनेक रूप लिएर रमणार्थ कदापि रसाभिनिविष्ट भएको देखिँदैनन् । व्रजसुन्दरीसँग अनेक तहबाट तिनलाई आनन्दित पार्न अनेकरसको समुद्गमन गर्ने भगवान्लाई देख्ता यो कृपा यिनैले मात्र पाए यस तरहको अनुकम्पा अरूतिर भएको देखिएन भनी सुबोधिनीकारले यस श्लोकबारे टिप्पणी गरेका छन्।

यसको हेतुमा भगवान्को यही वचन उद्धृत गर्नुपर्छ। जो यस प्रकारको छ–

अहं भक्तपराधीनो ह्यस्वतन्त्र इव द्विज ।
साधुभिर्ग्रस्तहृदयो भक्तैर्भक्तजनप्रियः ।।
(९.४।३६ भा०)

"वशीकुर्वन्ति मां भक्त्या सत्स्त्रियः सत्पतिं यथा ।"
भनेअनुसार प्रेमा भक्तिले भगवान् गोपबालाको वशीभूत हुनुभएको हो भन्ने कुरालाई समर्थन गर्न सकिन्छ। प्रेमा भक्तिका प्रवर्तकका रूपमा हामीले व्रजबालालाई नै औंल्याउनुपर्छ। किनभने यस मार्गका प्रवर्तकका रूपमा यिनलाई शास्त्रले पनि मानेको छ। यही कुरा प्रमाणको लागि यहाँ उद्धृत गर्नु अप्रासङ्गिक हुँदैन। उद्धवजी भन्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भगवत्युत्तमश्लोके भवतीभिरनुत्तमा
भक्तिः प्रवर्तिता दिष्ट्या मुनीनामपि दुर्लभा ।।
(१०।४७।२५ भा०)

अर्थात्— ठूलो भाग्यले तपाईंहरूले (गोपीहरू) नै उत्तमश्लोक भगवान् श्री कृष्णको सर्वोतम भक्तिको प्रवर्तन गर्नुभयो जुन मुनिहरूको लागि पनि दुर्लभ छ । यताबाट यस मार्गका प्रवर्तिका नै व्रजबाला हुन् र प्रेमा भक्तिका प्रमुख भक्तजन यिनै व्रजबाला रहेछन् भन्नामा अत्युक्ति हुँदैन । त्यसैले उनले पाएको पद अरूले प्राप्त गर्न सकेनन् भन्ने कुराको पुष्टि हुन्छ ।

यिनीहरूले शुद्धाद्वैत भनेर अद्वैतवादमा शुद्धलाई विषेषण गरेका छन् । शुद्धाद्वैत भन्नाको कारण र मायावादी शङ्करको केवल अद्वैतवाद पर्न जाने दोषहरूलाई शुद्धाद्वैत-मार्तण्डमा गिरिधरले राम्ररी केलाएर देखाएका छन् । शाङ्करमतमा अविद्यावच्छिन्न चैतन्यलाई कार्य र मायावच्छिन्न चैतन्यलाई कारण भन्नु सांकर्य हुन्छ । त्यसो हुनाले कार्य-कारण रूप ब्रह्म शुद्ध हुन्छ । मायिक हुँदैन भनी यिनीहरू भन्दछन् । यिनका ममता माया भनेको भगवान्का शक्ति हो । 'मम माया दुरत्यया'-भन्ने वाक्यले यस कुराको पुष्टि गर्छ । माया भगवत् शक्ति-रूप भएपछि त्यसलाई अभिन्नता स्वीकार गर्नुपर्छ । त्यसो भएपछि मायासम्बन्ध भन्ने कुरा हाम्रा मतमा आउँदैन । जीव पनि मायिक हुने भएन यही कुरा यस पद्यले स्पष्ट पार्छ

मायासम्बन्धरहितं शुद्धमित्युच्यते बुधैः
कार्यकारणरूप हि शुद्धं ब्रह्म न मायिकम् ।। २८ शुद्धाद्वैतमार्तण्ड
इति ब्रह्मविदां हार्दं शुद्धाद्वैतं श्रुतेर्मतम् ।
तत्रोत्तमा मध्यमाश्च कनिष्ठा ह्यधिकारिण : ।।२९

उत्तम, मध्यम, कनिष्ठाधिकारीहरूले आफना प्रतीतिमा वेग्लावेग्लै धारणा वनाएका हुन्छन् । वल्लभाचार्यले श्रीमद्भागवतको प्रथम स्कन्धको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निम्नलिखित श्लोकको सुवोधिनी टीकामा यसको अधिकारी-भेदवाट अर्थवोधमा पर्न जाने प्रतीति फरक हुन्छ भनेका छन् । श्लोक यस प्रकारको छ--

इदं हि विश्वं भगवानिवेतरो
यस्मिन्जगत्स्थाननिरोधसम्भवाः ।
तद्धि स्वयं वेद भगवांस्तथापि
प्रादेशमात्रं भवतः प्रदर्शितम् ।।

यस पद्यमा "इदं हि विश्वम्" यस अंशमा इदं यो विश्वं सम्पूर्ण भगवान् यस्तो उत्तम अधिकरीको प्रतीति हुन्छ । मध्यम खालकालाई इदं विश्वं भगवानिव, अर्थात् यो विश्व भगवान् सरी छ भन्ने वोध हुन्छ । जस्तै भगवान् सच्चिदानन्दरूप छ जगत् पनि त्यस्तै छ भन्ने मझौला खालको कुरा भयो यो विश्व कार्य हो भगवान् अर्के हुन् जगत्का कारण भएकोले भन्ने प्रतीति कनिष्ठाधिकारीवाट हुन्छ । यो गाग्रो वनाउने कुमाले र गाग्रो भिन्न झैं भगवान् जगत्देखि भिन्न भन्नु श्रुतिसंमत कुरा होइन । सर्वं खल्विदं ब्रह्म, ऐतदात्म्यमिदं सर्वम्,आत्मैवेदं सर्वं, पुरुष एवेदं सर्वं यद्भूतं यच्च भाव्यम्, द्वितीयाद्वै भयं भवति, योऽन्यां देवतामुपास्तेऽ न्योऽसाऽवन्योऽहमस्मि न स वेद यथा पशुः। श्रुतिद्वारा शुद्धाद्वैतवादीलाई नै समर्थन गर्छ । शुद्धाद्वैत मानेपछि कार्यत्व र कारणत्वले भेद भए पनि ब्रह्मत्वमा व्यभिचार खाँदैन । यही कुरा यी कारिकाले प्रतिपादन गरेका छन् ।

शुद्धाद्वैतविदां या हि प्रतीतिः सोत्तमा मता ।
भेदाभेदप्रतीतिस्तु मध्यमानां प्रकीर्तिता ।।३४
अतो हि मध्यमः पक्षः शुद्धाद्वैतानुरोधतः ।
बोधाय वहुसन्दर्भे गोस्वामिपुरुषोत्तमैः ।।३५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रपञ्च भगवान्को रूप भएपछि मुमुक्षुको साधनाका उपदेशहरूमा प्रपञ्चलाई हेयत्वोपदेश कसरी शास्त्रले विहित गऱ्यो ? भन्ने शङ्का उब्जन्छ नि भन्ने कुरालाई यिनी यसरी समाधान गर्छन् – स्वक्रीडाका निम्ति नै त्यो सृष्टि भएको हुँदा विचित्र रूपमा जीवको स्वीयत्वेन आसक्तिको भ्रम निवारण गर्न प्रपञ्चलाई त्याज्य भनेको हो । अन्यथा भक्तहरूलाई भजनोपयोगिता नरहला । ब्रह्म जान्नेलाई पनि ब्रह्मत्व-प्रतीतिले हेय बुद्धि जगत्मा नरहला । यसै हुँदा भ्रमबाट आसक्ति बढ्ने भएकोले त्यो निवारण गर्न शास्त्रले प्रपञ्चलाई हेय सम्झने उपदेश दिएको हो ।

शुद्ध ब्रह्मवादमा जीवहरू पनि त्यही रूप भएकाले भजन गर्ने भन्ने कुरा पो कसको रह्यो र भन्ने अर्को शंका जन्मन्छ भनौला तर जीव अंश हुन्, अंशी होइनन् । सहजांशहरूलाई फेरि पहिलेकै बरोबर सम्पत्तिवान् हुन् र अविद्यादोष निवृत्तिका लागि पनि भोजनोपपत्ति सार्थक हुन्छ ।

भजन मात्र पर्यवसायी पुष्टिमार्गमा निर्वर्त्य दोष नै नहुने हुँदा अविद्या दोष निवृत्तिका लागि भन्न मिल्दैन भनौला तर त्यहाँ पनि पुरुषोत्तमांश भएका तिनको लीलाका निम्ति त्यहाँबाट वियुक्त भएकाको पुनः सम्बन्ध कायम गरी फलको अनुभवका लागि भजनको आवश्यकत्व स्वीकार्नुपर्छ । भजनै यदि साधन हो भने यसलाई पुष्टिमार्ग भन्नै मिलेन त भनौला, भजन भावस्वरूपत्वले फलरूपत्व हुने हुँदा त्यो साधन भए पनि हाम्रो कुनै खति हुन्न । पुष्टिमार्गको बारंबार व्याख्या गर्दा आचार्यको राय छ पुष्टिमार्ग त्यही हो जहाँ फल स्वयं नै साधन हुन्छ । गोपीनीहरूलाई संयोगजन्य सुखानुभव गराएर विरहले अन्तर्भजन सम्पादन गराउन भगवान् श्रीकृष्णले मथुरागमनरूप त्याग गरियो भनेर यस भक्ति मार्गले भजनको दृष्टान्तलाई यसरी साधिकारता प्रदान गर्छ । यी कुरा हरिरायले ब्रह्मवादमा सविस्तार वर्णन गरेका पाउँछौं ।

शङ्कर, रामानुज भक्ति र उपासनामा भेद मान्दैनन् तर वल्लभ भने भक्ति अर्कै र उपासना बेग्लै भन्छन् । वल्लभाचार्य शब्दलाई मुख्य प्रमाण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मान्दछन् । शब्दको अनुकूलताले अरू प्रमाणहरूको प्रमाण्य हुन्छ । तिनको संख्या भने अपेक्षित छैन । यसमा शङ्कराचार्य भने प्रमाणको व्यावहारिकी सत्यता स्वीकारेर ती प्रत्यक्ष, अनुमान, उपमान, शब्द, अर्थापत्ति, अनुपलब्धिका भेदले ६ ओटा छन् भन्दछन् । यसमा रामानुज आगम प्रमाणलाई मुख्यता दिएर प्रत्यक्ष, अनुमान र शब्द प्रमाण मान्छन् । मध्वाचार्यको मतमा पनि रामानुजकै सरह प्रमाणत्रय छन् । ब्रह्म प्रमेय भन्ने कुरामा वल्लभ शंकर र रामानुजको ऐकमत्य छ । मध्व भने ब्रह्म प्रमेय भए तापनि जीव र जगत्‌को पृथक्त्व हुँदा द्वैतलाई मान्छन् । जगत् ब्रह्मको आधिभौतिक रूप भएकोले सत्य छ भन्ने वल्लभको मत छ । जगत् असत्य हो र अविद्याले भान हुन्छ भन्ने शङ्करको मत पाइन्छ । जगत् र संसार भिन्नै हुन् । जगत् सत्-भगवत् कार्य र भगवत् रूप हुँदा त्यसको नाश हुँदैन भनी संसार अविद्या कार्य असत् र ज्ञाननाश्य छ भन्ने वल्लभाचार्यको भनाइ छ । शङ्कर भने जगत् र संसारमा भेद मान्दैनन् । अविकृत परिणामवाद वल्लभको छ, शङ्करको विवर्तवाद छ, रामानुजको सत्ख्यातिवाद छ । आत्यन्तिक दुःखनिवृत्तिपूर्वक परमानन्दप्राप्ति-रूप मोक्ष वल्लभ मान्छन् । शङ्कर भने अविद्यानिवृत्तिरूप मोक्ष भन्छन् । यसले गर्दा वल्लभको मोक्ष प्रवेशात्मक सायुज्य भनिन्छ भने शङ्करको मोक्ष चाहिं कैवल्य भनिने हुन्छ । जीवलाई अणुरूप मान्ने रामानुज, मध्व र वल्लभमा पनि अणुत्ववारे मतवैचित्र्य छ । जस्तै जीव अणुरूप भए पनि आनन्दको आविर्भाव हुँदा व्यापक हुन्छ भनी जीव र ब्रह्मको अंशांशीभाव मान्ने वल्लभले मान्ने भए । रामानुज चाहिं जीव अणु नित्य र कर्तृरूप समेतको भन्छन् । जीव ब्रह्मदेखिन् पृथक् नै हो र सर्वदा अणुरूप नै रहन्छ भन्ने मध्वका मतमा जीवका नानात्व पारमार्थिक नै हुन्छ भन्छन् । मध्वको अन्यथा ख्यातिवाद छ । वल्लभको अविद्यादशामा अन्यथाख्याति पूर्णज्ञानदृष्टिले अख्यातिवाद हुन्छ । शङ्करद्वारा भने अनिर्वचनीय ख्यातिवाद स्वीकृत गरिएको छ । यसरी केही मुख्य कुरालाई यहाँ तुलनात्मक दृष्टिले प्रस्तुत गरियो । अत्र यिनको विषद व्याख्या र ज्ञान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्न भने आकर ग्रन्थ नै हेर्नुपर्ला ।

शास्त्रको अनुसन्धान गर्दा ज्ञान, कर्म र भक्ति यी तीन मार्ग फेला पर्छन् । अधिकार-भेदले प्रत्येक मार्ग फलोत्पादक हुन्छन् । तर त्यसमा पूर्ण निष्ठा भने आवश्यक हुन्छ । अश्रद्धाले गरिएका सबै कुरा असत् बन्छिन् । निष्ठाको मूल हो साधन । साधन बिना कुनै पनि मार्गबाट लक्ष्यमा पुग्न सकिन्न । यदि श्रद्धावान् साधननिष्ठ छ भने ज्ञानले सर्वज्ञता प्राप्त हुन्छ कर्मनिष्ठाको फल चित्तशुद्धि हो । तथा भक्तिमार्गले भगवत्-प्रसन्नता प्राप्त गराउँछ । साधारणतः जो ज्ञानको नामबाट परिचित छ त्यो वास्तवमा ज्ञान होइन । त्यस्तै कर्म र भक्ति भनिने यी साधारण परिभाषाको पनि वास्तविकता रहँदैन ।

वल्लभ-मतमा माहात्म्य ज्ञान नहुँदाखेरि भक्तिको उदय हुँदैन । भक्ति दृढ तथा गाढ स्नेहविशेष हो, भक्तिद्वारा भगवान् प्रसन्न भएर दर्शन दिन्छन् । भगवान् प्रसन्न नभई कुनै अरू बाटोबाट साक्षात्कार लाभ हुँदैन । त्यसैले विश्वरूप दर्शन अर्जुनलाई गराएर श्रीकृष्णले भने –

भक्त्या त्वनन्या शक्य अहमेवं विधोऽर्जुन ।
ज्ञातुं द्रष्टुं च तत्त्वेन प्रवेष्टुं च परन्तप गीता (११।४५)

यसै हुँदा सायुज्यमुक्तिको हेतु नै भक्ति भन्ने प्रमाणित हुन्छ । विद्यालाई पनि हामी पञ्चपर्वा भनी मान्छौं ती पाँच पर्व हुन्– वैराग्य, सांख्य, योग, तप र भगवद्-भक्ति । विषयबाट वितृष्णा हुन्छ पहिले, त्यसपछि नित्या-नित्य वस्तु-विवेक हुन्छ, सर्वत्यागमय धारणाद्वारा अष्टाङ्ग-योगको अनुष्ठान औ विचारपूर्वक आलोचना हुन्छ । अनि तपोनिष्ठ जीवन यापनमै सुखको प्राप्ति हुन्छ । अन्तमा निरन्तर भावनाको फलस्वरूप परमप्रेम प्राप्त हुन्छ । यही प्रेम नै यथार्थ ज्ञान औ विद्या हो । यसकै प्रभावबाट जीव भगवान्‌मा प्रवेश हुन्छ यही कुरा "तत्त्वेन प्रवेष्टुं च" यस माथिको श्लोकको तेस्रो पाउको र चतुर्थ पाउको अंशले बताउँछ । भक्ति वास्तवमा भगवत् शक्ति हो यसमा सन्देह छैन । मुक्तिको उपायरूप भक्तिलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रावाहिकी भक्ति अथवा मर्यादा भक्ति भनिन्छ । स्वतन्त्र औ अहैतुक भक्ति अथवा प्रेमा रूप भक्ति होइन त्यो । भगवत्-प्रसाद नै सायुज्य मुक्तिको मूल कारण हो यसैले सवै त्याग गरेर दृढ विश्वासले भगवान्को भजनमा तल्लीन हुनुपर्छ । यही भक्तिवादको परम आदर्श मानिएको छ ।

वेदले **"रसो वै सः"** भनेर भनेको पाइन्छ । **"स रसो भगवान् एव । भगवांश्चैक एव । तथा च तत्रत्या सामग्री रसरूप एव ।"** (विद्वन्मण्डनम् पृ० १८२) भनी भनेवाट हामी कुन तथ्यमा पुग्छौं भने चिदानन्द नै रस पदार्थ रहेछ त्यसै हुँदा रसगङ्गाधरकारले रसको निरूपण गर्दा अनावरणचित्लाई नै रस भनेर मानेको कुराको पुष्टि गर्छ । रस जीवको प्राणधारणको प्रयोजक औ आनन्ददायक वस्तु हो । यसको अभिव्यक्ति हुन्छ हृदयाकाशमा । रसशास्त्रमा जो रसको विवरण दिएको छ त्यो रसरूप भगवान्को कार्यभूत अंश भनिन्छ । रसको अभिव्यञ्जना-प्रणलीको विभिन्नता हुँदा वास्तवमा रस एक भएर पनि नानारूपले प्रकाशमान् हुन्छ । वास्तवमा परब्रह्म नै प्रणाली-विशेषले हृदयमा आविर्भूत भएर रस भनिने गर्छ । अनन्य भक्ति विना यस प्रकारको आविर्भाव हुन सक्तैन । वाह्यरूपले भगवान्को आविर्भाव पनि रसात्मक हो भनी अवश्य मान्नुपर्छ । भगवान् रसस्वरूप भए जस्तै सवै रसका भोक्ता पनि छन् । रस भएर रसवान् पनि हुन् । यसमा श्रृङ्गार रसको स्थान प्रमुख छ । श्रृङ्गार रस रतिनामक स्थायी भावमय छ । यसैले भगवान् स्वरूपतः रति भएर पनि रतिमान् छन् । रतिको जो आलम्वन विभाव छ । (जस्तै व्रजवाला) उनको भावानुसार भगवान् श्रृङ्गाररसरूप हुनु स्वाभाविक नै हुन्छ । आलम्वन जुन प्रकारको हुन्छ उसका प्रति भगवान्को भाव पनि उही प्रकारको हुन्छ । भाव नै भगवत्स्वरूपदेखि अतिरिक्त कुनै पदार्थ होइन ।

यस परिप्रेक्ष्यमा विचार गर्दा माथि भनेको झैं व्रजसुन्दरी नै यस भक्ति-मार्गका देशिक हुन् । यसैले वैष्णव-मतमा लीलामय पुरुष हुन्छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् । भगवान् तुल्य नै उनको धर्म पनि नित्य हुन्छ । त्यसो हुँदा लीला पनि नित्य र चिन्मयी छ । लीलाको व्याख्या गर्दा अनायासद्वारा गरिएका कर्मलाई लीला भनिएको छ । त्यो प्रतियोगि-सापेक्ष औ प्रतियोगि-निरपेक्ष-रूपले दुई प्रकारको हुन्छ । जागतिकक्रिया सबै प्रतियोगि-सापेक्ष छन् । किन्तु भगवत् लीला भने प्रतियोगीको अपेक्षा राख्तैन । जस्तो लीला नित्य छ भगवन्नाम पनि लीला तुल्यै नित्य छ । उनको जुन नाम जुन कर्मसँग विशिष्टरूपले संवद्ध छ ऊ कर्मविशिष्टरूपको त्यो नाम नित्य छ । त्यसै हुँदा भक्तिमार्गमा नामसंकीर्तनको ठूलो स्थान छ । भजन नै भगवत्-प्रसन्नताको मुख्य साधन मानिन्छ। यस विषयमा म. म. गोपीनाथ कविराज-ले आफ्नो वैष्णव-साधना और साहित्यनामक निवन्धमा विशद व्याख्या गरिएको छ ।

अन्तमा **"भक्तिप्रियो माधव:"** यस अंशलाई सर्वात्मना प्रमाणित गर्न प्रेमा भक्ति रतिराग रञ्जित हुँदा यस वरोवरको नवधा भक्ति अरूलाई महत्त्व नदिएर व्रजसुन्दरीको प्रेमविह्वलतामा रहेको परम आनन्दको अभिव्यक्तिमै भक्तिसंप्रदायमध्ये वल्लभ-मतले वढ्वा पुष्टि गर्‍यो वेदतुल्य नै श्री मद्भागवतलाई स्वकारेर त्यसको चरमविन्दु रतिरागलाई ठानी हृदयको ग्रन्थि फुकाएको हुनुपर्छ गोपिनीहरूले। मानसिक स्थितिमा रहेको रातिराग प्राणीमात्रमा अपरिहार्य भएर गाँठो परेको छ भन्ने तथ्यलाई स्वीकारी शरीरस्थिति-हेतुत्वमा आहार वरोवरको कामलाई मान्ने वात्स्यायनको मत यहाँ परब्रह्मलाई कामात्मकरूपले आफू समर्पित हुने वनी रमणात्मक भावमा ओत प्रोत भएर दार्शनिक रूपमा प्रकट भएको हो भन्नु अत्युक्ति नहुने ठान्छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेखक

श्री पञ्च राजकीय प्रज्ञा-प्रतिष्ठान

मुद्रक: 'प्रज्ञा मुद्रण', ने० रा० प्र० प्र० कमलादी, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu